मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना २०८३, बारा

# Mansoon Preparedness & Response Plan - 2026




## जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति
## कलैया, बारा

# जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति
# कलैया, बारा

दस्तावेजः **मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८३ बारा**
Monsoon Preparedness & Response Plan - 2026

प्रकाशकः जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति, बारा

**सर्वाधिकारः ©प्रकाशकमा**

सल्लाहकारः श्री धर्मेन्द्र कुमार मिश्र, प्रमुख जिल्ला अधिकारी, बारा

सम्पादकः श्री छविरमण भट्टराई, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बारा
श्री रत्न बहादुर स्याङतान, नायब सुब्बा, जिल्ला प्रशासन कार्यालय, बारा

कम्प्यूटरः श्री रत्न बहादुर स्याङतान, नायब सुब्बा, जिल्ला प्रशासन कार्यालय, बारा
श्री हरिवंश चौधरी, कम्प्यूटर अपरेटर, जिल्ला प्रशासन कार्यालय, बारा

जोखिम नंक्शाः जिल्ला स्थित विभिन्न स्थानीय तह

## शब्द संक्षेप

| | |
|---|---|
| जि.वि.जो.न्यू.व्य.स. | जिल्ला बिपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति |
| प्र.जि.अ. | प्रमुख जिल्ला अधिकारी |
| ने.से. | नेपाली सेना |
| प्र.से | प्रमुख सेनानी |
| प्र.उ. | प्रहरी उपरीक्षक |
| स.प्र.उ. | सशस्त्र प्रहरी उपरीक्षक |
| उप अ.नि. | उप अनुसन्धान निर्देशक |
| स.प्र.ना.उ. | सशस्त्र प्रहरी नायव उपरीक्षक |
| जि.स.स. | जिल्ला समन्वय समिति |
| जि.स.अ. | जिल्ला समन्वय अधिकारी |
| न.पा. | नगरपालिका |
| गा.पा. | गाउँपालिका |
| साविक.गा.वि.स. | साविक गाउँ विकास समिति |
| जि.कृ.वि.का. | जिल्ला कृषि विकास कार्यालय |
| जि.प्रा.का. | जिल्ला प्राविधिक कार्यालय |
| जि.शि.वि.स.ई.. | जिल्ला शिक्षा विकास तथा समन्वय ईकाई |
| जि.शि.ई.प्र. | जिल्ला शिक्षा ईकाइ प्रमुख |
| जि.ज.स्वा.का. | जिल्ला जनस्वास्थ्य कार्यालय |
| जि.प.से.का. | जिल्ला पशु सेवा कार्यालय |
| ने.रे.सो. | नेपाल रेडक्रस सोसाईटी |

# बिषय सूची


**खण्ड एकः मनसुनजन्य विपद् जोखिम विश्लेषण तथा प्रभाव आकलन....................................१**

१. परिचय.......................................................................................१
१.१ पृष्ठभूमि.......................................................................................१
१.२ बारा जिल्लाको सामान्य जानकारी.......................................................................................१
१.२.१ भौगोलिक अवस्थिति तथा सिमाना.......................................................................................२
१.२.२ भू-क्षेत्र र जमिनको बर्गीकरण.......................................................................................३
१.२.३ नदीनाला.......................................................................................३
१.२.४ माटोको बनावट र उर्वराशक्ति.......................................................................................३
१.२.५ सम्भावित भू-क्षय क्षेत्र.......................................................................................३
१.२.६ जलवायु.......................................................................................४
१.२.७ जिल्लाको जनसंख्या र बाढीको विपद् संकटाभिमुख जनसंख्याको प्रक्षेपणः.......................................४
१.३ कार्ययोजनाको उद्देश्य.......................................................................................४
१.४ मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्नुपर्ने आवश्यकताः.......................................५
१.५ मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनाको निर्माणका आधारहरु.......................................५
१.५.१ कानुनी आधारहरुः.......................................................................................५
१.५.२ क्षेत्रगत आधारहरुः.......................................................................................५
१.५.३ संस्थागत आधारहरुः.......................................................................................५
१.६ मनसुन पूर्बतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा.......................................५
१.७ मनसुनबाट हुने जनधनको क्षति न्यूनीकरण गर्न अबलम्बन गरिने रणनीतिहरु.......................................६
२. मनसुनजन्य विपद् घटनाको अवस्था विश्लेषण.......................................................................................७
२.१. नेपालको विगत दश वर्षको मनसुनजन्य विपद् घटनाको अवस्था विश्लेषण.......................................७
२.१.१. मनसुनजन्य विपद्को प्रवृत्ति विश्लेषण.......................................................................................७
२.१.२. बारा जिल्लाको प्रकोपको अवस्था.......................................................................................७
२.१.३. जोखिम अनुसार स्थानहरुको वर्गिकरण.......................................................................................८
२.१.४. प्रकोप पात्रो.......................................................................................८
२.१.५. मनसुनको जोखिममा रहेका उमेर समूहहरु.......................................................................................९
२.१.६. आर्थिक वर्ष २०८१/०८२ को विपद्का घटनाको.......................................................................................१०
२.१.७. विवरणः.......................................................................................- १० -
२.१.८. आर्थिक वर्ष २०८२/०८३ को चैत महिना सम्मको विपद घट्नाहरुको संख्यात्मक विवरण :.......................११
३. मनसुनजन्य विपद् २०८२ को समीक्षा र सिकाइ.......................................................................................१२
३.१. वि.सं. २०८२ को मनसुनको अवस्था.......................................................................................१२
३.२. मनसुन २०८२ को प्रभाव.......................................................................................१६
३.३. वि.सं. २०८२ को मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यको अवस्था.......................................१६
३.४. मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्यको अवधिमा भएका सिकाइ.......................................१७

४. वि.सं. २०८३ सालको मनसुन ऋतुको जलवायु आकलन ........ १८
४.१ वि.सं. २०८३ सालको मनसुनजन्य विपद्को जोखिम आकलन ........ २०
४.१.१ मधेश प्रदेश ........ २०

**खण्ड दुईः मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी जिम्मेवार निकाय र मुख्य-मुख्य जिम्मेवारी ...... २१**

५. संघीय मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण ........ २१
६. प्रदेश र स्थानीय तह ........ २७
७. रक्षा निकाय ........ २८
७.१. सुरक्षा निकायको मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा मुख्य जिम्मेवारी निम्नानुसार रहनेछ। ........ २८
८. आपत्कालीन कार्यसञ्चालन केन्द्र ........ २८
९. निजी क्षेत्र तथा अन्य निकायहरु ........ ३०

**खण्ड तीनः विषयगत क्षेत्र तथा सम्बन्धित निकायको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना .......... ३१**

१०. सरोकारवाला निकाय जिम्मेवारी : ........ ३१
११. विषयगत क्षेत्र ........ ३३
१२. विषयगत क्षेत्र अनुसारको पूर्वतयारी तथा प्रतिकार्य योजना : ........ ३४
१२.१. समन्वय तथा सूचना व्यवस्थापन ........ ३४
१२.१.१. समन्वय तथा सूचना व्यवस्थापन विषयगत क्षेत्रको परिचयः ........ ३४
१२.१.२. विषयगत क्षेत्रको अगुवा भूमिका ........ ३५
१२.१.३. समन्वय तथा सूचना व्यवस्थापन विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजनाः ........ ३५
१२.१.४. समन्वय तथा सूचना व्यवस्थापन विषयगत क्षेत्रको उद्देश्यः ........ ३५
१२.१.५. पूर्व सूचना प्रणालीः ........ ३५
१२.२. खोज तथा उद्दार ........ ३६
१२.२.१. खोज तथा उद्धार विषयगत क्षेत्रको परिचय ........ ३६
१२.२.२. विषयगत क्षेत्रको अगुवा भूमिका ........ ३६
१२.२.३. खोज तथा उद्धार विषयगत क्षेत्रकोविपद् अवस्था तथा मान्यता योजनाः ........ ३६
१२.२.४. खोज तथा उद्धार क्षेत्रको उद्देश्यः ........ ३७
१२.२.५. खोज तथा उद्दार विषयगत क्षेत्रको विपद् प्रतिकार्य योजनाः ........ ३८
१२.३. अस्थायी आवास, गैरखाद्य सामग्री व्यवस्थापन (TEMPORARY SHELTER AND NFI MANAGEMENT) ........ ४०
१२.३.१. अस्थायी आवास, गैरखाद्य सामग्री व्यवस्थापन विषयगत क्षेत्रको परिचय ........ ४०
१२.३.२. विषयगत क्षेत्रको अगुवा भूमिकाः ........ ४०
१२.३.३. स्थायी आवास, गैरखाद्य सामग्री व्यवस्थापन विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजनाः ........ ४०
१२.३.४. अस्थायी आवास तथा गैरखाद्य सामग्री व्यवस्थापन विषयगत क्षेत्रको उदेश्यः ........ ४१
१२.३.५. अस्थायी आवास, गैरखाद्य सामग्री व्यवस्थापन विषयगत क्षेत्रको विपद् प्रतिकार्य योजनाः ........ ४१
१२.४. आपत्कालिन स्वास्थ्य तथा पोषण (HEALTH AND NUTRITION) ........ ४३
१२.४.१. स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको परिचय ........ ४३

१२.४.२. विषयगत क्षेत्रका अगुवा भूमिका ... ४३
१२.४.३. स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजनाः ... ४३
१२.४.४. स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको उद्देश्यः ... ४४
१२.४.५. स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको विपद् प्रतिकार्य योजना ... ४५
१२.५. खाद्यान्न, कृषि तथा जीविकोपार्जन (FOOD, AGRICULTURE AND LIVELIHOODS) ... ४६
१२.५.१. खाद्यान्न, कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्रको परिचयः ... ४७
१२.५.२. विषयगत क्षेत्रका अगुवाको भूमिका ... ४७
१२.५.३. खाद्यान्न, कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजनाः ... ४७
१२.५.४. खाद्यान्न, कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्रको उद्धेश्यः ... ४७
१२.५.५. खाद्यान्न, कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्रको विपद् प्रतिकार्य योजनाः ... ४८
१२.६. आपत्कालीन संरक्षण ... ४९
१२.६.१. आपत्कालीन संरक्षण विषयगत क्षेत्रको परिचय ... ४९
१२.६.२. विषयक्षेत्रका अगुवाको भूमिका ... ५०
१२.६.३. आपत्कालीन संरक्षण विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजनाः ... ५०
१२.६.४. विपद् अवस्थामा आधारित विषयगत उद्देश्यः ... ५०
१२.६.५. आपत्कालीन संरक्षण विषयगत क्षेत्रको विपद् प्रतिकार्य तथा पूर्वतयारी योजनाः ... ५१
१२.७. खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन(WATER AND SANITATION HYGIENE-WASH) ... ५३
१२.७.१. खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन विषयगत क्षेत्रको परिचयः ... ५३
१२.७.२. विषयगत क्षेत्रका अगुवा भूमिका ... ५३
१२.७.३. विपद् अवस्था तथा मान्यता योजना ... ५३
१२.७.४. खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन विषयगत क्षेत्रको उद्देश्य ... ५४
१२.७.५. खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन क्षेत्रको विपद् प्रतिकार्य योजनाः ... ५५
१२.८. पूर्वाधार संरक्षण, शीघ्र पुनर्लाभ र आपत्कालिन वन्दोवस्ती (INFRASTRUCTURE PROTECTION, EARLY RECOVERY AND EMERGENCY LOGISTIC) ... ५६
१२.८.१. पूर्वाधार संरक्षण, शीघ्र पुनर्लाभ, आपतकालिन वन्दोवस्ती विषयगत क्षेत्रको परिचयः ... ५६
१२.८.२. विषयक्षेत्रका अगुवाको भूमिका ... ५६
१२.८.३. विपद् अवस्थामा आधारित विषयगत उद्देश्यः ... ५७
१२.८.४. पूर्वाधार संरक्षण, शीघ्र पुनर्लाभ र आपतकालिन वन्दोवस्ती विषयगत क्षेत्रको विपद् प्रतिकार्य तथा पूर्वतयारी योजनाः ५७
१२.९. आपत्कालिन शिक्षा (EMERGENCY EDUCATION) ... ५८
१२.९.१. आपतकालीन शिक्षा विषयगत क्षेत्रको परिचयः ... ५८
१२.९.२. विषयगत क्षेत्रका अगुवा ... ५८
१२.९.३. आपतकालीन शिक्षा विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजनाः ... ५८
१२.९.४. विपद् अवस्थामा आधारित विषयगत उद्देश्यः ... ५९
१२.९.५. शिक्षामा मानवीय सहयोग सम्बन्धी न्यूनतम मापदण्डः ... ५९
१३. सुरक्षा निकायको भूमिका तथा प्रतिकार्य कार्ययोजनाः ... ६०

१३.१. नेपाली सेना ........ ६०
१३.२. नेपाल प्रहरी ........ ६३
१३.३. सशस्त्र प्रहरी बल, नेपाल ........ ६५
१३.४. नेपाल रेडक्रस सोसाइटी ........ ७१

**खण्ड चारः मनसुन पूर्वतयारी र प्रतिकार्यको लागि आवश्यक पर्ने सम्पर्क व्यक्तिहरु र अत्यावश्यक खोज, उद्धार सामग्रीको विवरण ........ ७२**

१४. विपद्को समयमा मानवीय सहायतामा संलग्न साझेदार निकायः ........ ७२
१४.१. जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारीहरुको सम्पर्क नं. ........ ७३
१४.२. बारा जिल्ला स्थित सरोकारवाला संघ संस्थाहरुः ........ ७६
१४.३. उद्धार कार्यमा आवश्यक मौज्दात सामाग्रिहरुको विवरण तथा भण्डारण स्थाल ........ ७७
१४.३.१. श्री रिपुमर्दन गणमा भएका विपद्ध उद्धार सामग्रीहरुको विवरण ........ ७७
१४.३.२. जिल्ला प्रहरी कार्यालय बारा र मातहत समेतमा मौज्दात रहेका विपद् उद्धार सामग्रीहरुको विवरण ........ ८१
१४.३.३. सशस्त्र प्रहरी बल, नेपाल नं.१२ गण हे.क्वा.मा भएका विपद् सामाग्री सम्बन्धि विवरणः ........ ८२
१४.३.४. जिल्ला आपतकालीन कार्यसंचालन केन्द्र(DEOC) मा मौज्दात सामग्रीको विवरण ........ ८६
१४.३.५. स्थानीय तहमा मौज्दात विपद्जन्य सामग्रीको विवरण ........ ८७
१४.४. तालिम, अभ्यास प्रशिक्षण प्राप्त गरेका सुरक्षाकर्मीहरुको विवरणः- ........ ९४
१४.५. बारा जिल्ला स्थित कार्यालयहरुमा रहेका दमकलको विवरणहरु ........ ९५
१४.६. जिल्लामा संचालित एम्बुलेन्सहरुको विवरण ........ ९६
१४.७. स्थानीय तहहरुको विपद् व्यवस्थापन सहजीकरण अधिकृतहरुको सम्पर्क बिवरण;- ........ १००

# खण्ड एकः मनसुनजन्य विपद् जोखिम विश्लेषण तथा प्रभाव आकलन

## १. परिचय

### १.१ पृष्ठभूमि

जटिल भू-संरचना, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता, वातावरण प्रदूषण तथा जलवायु परिवर्तनका कारण नेपाल बहुप्रकोपको दृष्टिकोणबाट उच्च जोखिममा रहेको छ । प्रत्येक वर्ष भारी वर्षा, बाढी, पहिरो, चट्याङ, तातो हावाको लहर, शीतलहर, आगलागी, सडक दुर्घटना, वातावरणीय प्रदूषण र महामारीजस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपबाट नेपालमा जनधनको ठूलो क्षति तथा नोक्सानी हुने गरेको छ । विपद्को वार्षिक आकडालाई हेर्ने हो भने सबैभन्दा बढी विपद्का घटना र क्षति तथा नोक्सानी मनसुनको चार महिनाको अवधिमा हुने गरेको छ।

नेपालको सन्दर्भमा दक्षिण एसिया तथा दक्षिणपूर्वी एसियाको वायु प्रणालीको रूपमा रहेको मनसुन हिन्द महासागरमा उत्पन्न भई बङ्गालको खाडी हुँदै सामान्यतया जेठको अन्त्यतिरबाट देशमा भित्रिने गर्दछ । तत्पश्चात् केही दिनदेखि केही हप्ताको समयावधिमा देशभर फैलिएर चार महिना सक्रिय रही असोजको अन्त्यसँगै बाहिरिने गरेको छ। सामान्यतया करिब ११० दिन जति मनसुन सक्रिय रहने भएता पनि हालका वर्षहरूमा भने १०- १५ दिन ढिलो गरी बाहिरिने गरेको छ । पूर्वबाट प्रवेश गरेको एक हप्तामा फैलिनु पर्नेमा कुनै वर्ष २-३ दिनमा नै देशभर फैलिने र कुनै वर्ष देशभर फैलिन धेरै दिन लाग्ने गरेको छ । विगत केही वर्षयता मनसुनको सुरुवाती चरणमा नै अत्यधिक वर्षा भएर बाढी, पहिरो, डुबानका घटना भई ठूलो क्षति पुगेको अवस्था छ।

वार्षिक वर्षाको करिब ८० प्रतिशत पानी मनसुनको अवधिमा पर्ने हुँदा बाढी, पहिरो, डुबान, जमिन कटान जस्ता जल उत्पन्न प्रकोपको शृङ्खला मनसुनको आगमन सँगसँगै सुरु हुने गर्दछ । अर्कोतर्फ बढ्दो अव्यवस्थित सहरीकरण, खोलानाला मिचेर निर्माण गरिने भौतिक संरचना, बिना अध्ययन अनुसन्धान डोजर लगाएर खनिएका सडक तथा जलविद्युत संरचना, जथाभावी गरिने प्राकृतिक स्रोतको दोहन, भिरालो तथा जोखिमयुक्त स्थानमा गरिएका बस्ती विकासजस्ता कारणहरूले समेत मनसुनजन्य विपद्का घटनाहरूलाई टेवा पुगेको छ । त्यस्तै जलवायु परिवर्तनका कारण छोटो समयमा हुने अत्यधिक वर्षाले बाढी पहिरोको जोखिम र अनिश्चितता बढ्दै गएको छ।

### १.२ बारा जिल्लाको सामान्य जानकारी

बारा जिल्लाको विपद्को इतिहास अध्ययन गर्दा, बाढी/डुवान/कटान, आगलागी, महामारी, हुरि बतास, शितलहर, सर्प दंश र सडक दुर्घटना आदि पर्दछन् । यसरी बर्षेनी घटि रहने साना ठुला बिपद्को बिभिन घटनाहरु मध्ये बाढी र आगलागी प्रमुख रुपमा रहेका छन्, भने महामारी, हुरीबतास, शीतलहर, सर्प दंश घटनाहरु पनि धेरै नै देखिन्छन् । यस जिल्लाको उत्तर तर्फको भू-भाग भावर र चुरे पर्वत श्रृंखलामा पर्ने भएको कारणले दक्षिण तर्फको समथर भूमि भन्दा फरक अर्थात भिरालो किसिमको छ । भिरालो भएको कारणले वर्षातमा खहरे खोलाले एकातिर यस क्षेत्रको माटोलाई बगाएर लैजान्छ भने अर्कोतिर चुरे पहाडबाट बगाई ल्याएको वालुवा, गेग्रानहरू समथर क्षेत्रको भूमिमा ल्याई थुपारी दिने गर्दछन् । जसले गर्दा उब्जाउ भूमिहरू दिन प्रतिदिन मरुभूमिमा परिणत हुंदै गएका छन् । यसका अतिरिक्त पसाहा, दुधौरा, बंगरी (वालगंगा), थलही, जमुनी, तियर, टिकुली, बकैया, अडुवा, शक्तीमोहर, किरकिचाहा, लालबकैया र सिरसिया नदी तथा चुरे पहाडबाट उत्तर दक्षिणतिर वग्ने कैयौं वर्षे खोलाहरूबाट बाढीको बिपद् हुने गरेका अमलेखगंज, भवानीपुर जितपुर, अमरपट्टी, बलिरामपुर, बघवन, बनझरिया, बरैनिया, बरियारपुर, बसतपुर, भलुही भरवलिया, भतौडा, भोडाहा, बुनियाद, दोहरी, डुमरवाना, हरैया, इटीयाही, निजगढ आदि स्थानहरूमा ठूलो मात्रामा वर्षातको समयमा बाढी आई डुवान र

कटानबाट धेरै धनजनको क्षति हुने गरेको छ । बाढीको बिपद् पछि उक्त स्थानमा स्वास्थ्य समस्या (जस्तै मलेरिया, डेंगु, झाडापखाला, आंखा पाक्ने तथा छाला सम्बन्धि रोगहरू) देखापर्दछ । यसरी जनधनको ब्यापक क्षति सहित बर्षेनी गई रहने बाढी/कटान/डुवान जस्ता बिपद्हरुको भौगोलिक क्षेत्र तथा क्षतिको मात्रा पनि बर्षेनी बढ्दै गईरहेको यथार्थ पनि हामी सबैको सामु छर्लंग छ । यसको प्रमुख कारणहरु मध्ये अनियन्त्रित बसाई सराईको कारण तराईमा बन फँडानी, चुरेको जंगलमा ब्यापक बन फँडानीका कारण माटो तथा गेगर बग्न गई तराई क्षेत्रमा नदिहरुको सतह माथि आउनु, तराईका नदिका किनाराहरुमा अब्यस्थित र गैरकानूनी बसोबासको बढ्दो चलन, बिपद्को दृष्टिले सम्बेदनशिलता नअपनाई बनाईने बिकासका पूर्वाधारहरुको निर्माण, आम जनमानसमा बिपद् सम्बन्धि आवश्यक जानकारी तथा सूचनाको अभाव, पहाडबाट बग्ने सबै नदीहरु अन्तमा गएर नेपाल र भारतलाई सिमानाकृत गर्ने पसाहा नदिमा मिल्ने गर्दछ र बिपद्को सामना गर्नका लागि संकटाभिमुख समुदाय तथा राज्यसंग स्पष्ट बिपद् पूर्वतयारी योजनाको र योजना अनुसारको तयारीको अभाव आदि पर्दछन् ।

बिपद्को समयमा र बिपद् पश्चात प्रभावित व्यक्ति तथा समूदायलाई सहयोगको आवश्यकता पर्दछ र सहयोग कार्यलाई जति सक्दो छिटो र छरितो गराउनु पर्दछ, जसले गर्दा आवश्यक सहयोगको अभावमा थप धनजनको क्षति हुन बाट बचाउन सकिन्छ । बिपद् व्यवस्थापनका सर्वमान्य दुईवटा चरण हुन्छन् । पहिलो चरण बिपद् अघि गरिने व्यवस्थापन पूर्वतयारी र क्षति न्यूनिकरणका कार्यहरु पर्दछ भने दोश्रो चरणमा बिपद्को बेला वा पछिको समयमा गरिने खोज तथा उद्धार, राहत सहयोग वा प्रतिकार्य, पुर्नलाभ, पुर्नस्थापना र पुर्ननिर्माण आदि पर्दछन जसको समग्र उद्देश्य भावी बिपद्को संकटाभिमुखतालाई कम गर्दै प्रभावितहरुको जनजीवन र जीवीकालाई सामान्य अवस्थामा ल्याउनु हुन्छ । बिपद्को दौरान वा पश्चात गरिने प्रतिकार्य (Response) मा गरिने लगानी र प्रतिफल भन्दा बिपद् पूर्वतयारीका लागि गरिने न्यूनीकरणका गतिबिधिमा गरिने लगानी ६ गुणा सस्तो र प्रभावकारी हुन्छ, भन्ने कुरा विभिन्न अध्ययनहरूले देखाएका छन् । यद्यपि बिपद्लाई कुनै सावधानी वा लगानीले जोखिम मुक्त बनाउन भने कठिन छ तर पनि बिपद् पूर्व गरिने न्यूनीकरण र पूर्वतयारीका कार्यहरूलाई महत्वका साथ कार्यान्वयन गरिनुपर्दछ । तसर्थ यस जिल्ला बिपद् पूर्व तयारी योजनाले बारा जिल्लामा बर्षेनी आउने वाढी तथा पहिरोबाट प्रभावित मानिसहरूका बिपद्बाट सृजित मानवीय पिडा कम गर्न तथा आवश्यकताहरू पूर्ति गर्नका लागि समयमा नै जिल्ला स्तरमा कार्यरत सरकारी, गैर सरकारी, व्यावसायीक, मानवीय र राजनीतिक संघ संस्थाहरु बिच समन्वयात्मक तथा एकनासको र पारदर्शी ढंगले छरितो र छोटो समयमा आवश्यक मानवीय सहयोग उपलब्ध गराई प्रभावितहरुको मानवीय पीडा तथा असरहरूलाई कम गर्न र बिपद्को दौरान र पश्चात हुन सक्ने संभावित मानविय क्षति हुन नदिन महत्वपूर्ण भूमिका खेल्ने कुरामा कसैको दुई मत नहोला ।

### १.२.१ भौगोलिक अवस्थिति तथा सिमाना

बारा जिल्ला नेपालको दुइ नम्बर प्रदेशमा अवस्थित छ । नेपाल अधिराज्यको सात वटा प्रदेश अन्तर्गत मधेश प्रदेशको ८ जिल्ला मध्ये २६०५१' देखि २७०२' सम्म उत्तर अक्षांश र ८४०५१' देखि ८५०१६' पूर्वी देशान्तर वीचमा अवस्थित रहेको छ ।

यस जिल्लाको पूर्वमा रौतहट, पश्चिममा पर्सा, उत्तरमा मकवानपुर र दक्षिणमा भारतको विहार राज्यको पूर्वी चम्पारण जिल्ला पर्दछ । यस जिल्लामा २ उपमहानगरपालिका ,५ नगरपालिका, ९ गाँउपालिका पर्दछन् । यस जिल्लाको कुल क्षेत्रफल १२९,५६३ हेक्टर मध्ये करिब चुरे पहाड १३.५ प्रतिशत र समथर तराई ८६.५ प्रतिशत छ । यस जिल्लाको सदरमुकाम कलैया समुद्री सतहबाट १५२ देखि ९१५ मीटरको उचाईमा रहेको छ । यस जिल्लामा औषत वार्षिक वर्षा १७६० मि.मि. हुने गरेको छ ।

यस जिल्लाका प्रमुख नदीहरुका रुपमा पसाहा, दुधौरा, बंगरी (वालगंगा), थलही, जमुनी, तियर, टिकुली, बकैया, अडुवा, शक्तीमोहर, किरकिचाहा, लालबकैया र सिरसिया नदि रहेका छन् । वि.सं. २०७८ सालको पछिल्लो जनगणना अनुसार यस जिल्लामा ९४,७०६ घरधुरीका पूरुष ३,८९,७८७ र महिला ३,७३,३५० गरी जम्मा ७,६३,१३७ रहेको तथा यस जिल्लाको वार्षिक जनसंख्या बृद्धि दर १.०० प्रतिशत रहेको छ भने जनघनत्व ६४१ ब्यक्ति प्रतिवर्ग कि.मी. रहेको छ ।

### १.२.२ भू-क्षेत्र र जमिनको बर्गीकरण

यो जिल्ला समुद्री सतहबाट १५२ मीटर देखि ९१५ मीटर उचाई सम्मको भू-भागमा रहेको छ । जिल्लाको करिब ५२,५५९ हे.जमिन वनजंगल तथा बुट्यानले ढाकेको छ । त्यस्तै करिब ६९,९६३ हे. जमिन कृषि योग्य क्षेत्र, २,९४९ हे. चरन क्षेत्र र ४,०९२ हे. जमिन नदिनाला, पहाड पर्वत आदि रहेको छ । भौगोलिक अवस्थितिलाई विचार गर्दा यस जिल्लालाई तराईको समथर भूमि र उत्तरको चुरे पहाड गरि दुई भागमा विभाजन गर्न सकिन्छ ।

यसरी गरिएको विभाजनको आधारमा हेर्दा यस जिल्लाको मध्य र दक्षिण तराई क्षेत्रमा नदीहरुले बगाई ल्याएको नरम प्राय दोमट माटो पाइन्छ । यहाँको उत्पादकत्व सन्तोषजनक छ । तर नदी र खोलाका छेउछाउमा भने बालुवा मिसिएको माटो भेटिन्छ । यस्तो माटोमा उत्पादन दोमट माटोको जस्तो हुदैन । यस जिल्लाको उत्तरी भू-भागमा बालुवा गिट्टी, चट्टान पाइने हुनाले यहाँको माटोमा बालुवन तथा गेगर मिसिएको छ । यस क्षेत्रमा उत्पादकत्व निकै कम छ ।

### १.२.३ नदीनाला

यस जिल्लाको पसाहा, दुधौरा, बंगरी (वालगंगा), थलही, जमुनी, तियर, टिकुली, बकैया, अडुवा, शक्तीमोहर, किरकिचाहा, लालबकैया र सिरसिया प्रमुख नदीहरु हुन । बंगरी, दुधोरा र लालबकैया नदीमा बाहेक अन्य सम्पूर्ण नदी र खोलाहरूमा हिउंदमा प्रायः पानी हुदैन । हिउंदमा अधिकांश नदी र खोलाहरूले वगरमा परिणत हुने कारणले गर्दा यस जिल्लामा नदी र खोलाहरूको भरपुर उपयोग गर्न सकिएको छैन् । वर्षाको समयमा बाढीको रुपमा उर्लेर आउने अधिकांश नदी र खोलाहरूले जिल्लाको उत्तर पूर्वी क्षेत्रमा धेरै जमिन वर्षेनी कटान र पूरान गरी मरुभूमिमा परिणत गरिदिने भएकोले नदी खोलाहरुबाट जिल्लाबासीलाई राहत हैन आहत भएको छ ।

### १.२.४ माटोको बनावट र उर्वराशक्ति

यस जिल्लाको कुल ६९,९६३ हे.जमिन कृषि योग्य रहेको पाइन्छ तर ७१४० हे.मा कुनै खेतीपाती छैन । भमरा, बंगरी, लालबकैया लगायतका नदीहरूका साथै चुरे पहाडबाट उत्तर र दक्षिणतिर बग्ने वर्षे खोलाहरूले वर्षेनी यस जिल्लाको धेरै उव्जाउ भूमि कटान गरिरहेका छन् । साथै केही गाँउपालिकाहरुमा वालुवाकरण हुँदै मरुभूमिकरण हुने र भू-स्खलन हुने कारणले पनि यस जिल्लाको माटोको वनावटमा दिन प्रतिदिन परिवर्तन आई उर्वरभूमि घट्दै गएको पाइन्छ ।

### १.२.५ सम्भावित भू-क्षय क्षेत्र

यस जिल्लाको उत्तर तर्फको भूभाग भावर र चुरे पर्वत श्रृखलामा पर्ने भएको कारणले दक्षिण तर्फको समथर भूमि भन्दा फरक अर्थात भिरालो किसिमको छ । भिरालो भएको कारणले वर्षातमा खहरे खोलाले एकतिर यस क्षेत्रको माटोलाई बगाएर लैजान्छन् भने अर्कोतिर चुरे पहाडबाट बगाई ल्याएको वालुवा, गेग्ग्रानहरू समथर क्षेत्रको भूमिमा ल्याई थुपारी दिने गर्दछन् । जसले गर्दा उव्जाउ भूमिहरू दिन प्रतिदिन मरुभूमिमा परिणत हुंदै भएका छन् । यसका अतिरिक्त भमरा, बंगरी, लालबकैया नदी तथा चुरे पहाडबाट उत्तर दक्षिणतिर वग्ने कैयौं वर्षे खोलाहरूबाट बाढी बिपद्

पर्ने अमलेखगंज, निजगढ, जितपुर, रतनपुरी, इटीयाही, भतौडा आदि स्थानहरूमा ठूलो मात्रामा वर्षातको समयमा बाढी आई डुवान र कटान गरी उर्वर भूमिलाई वगाई लैजाने गरेको कारणले यस जिल्लामा भू–क्षयको सम्भावना संधै रहने गरेको देखिन्छ । त्यसमाथि पनि वनजंगलको विनासको कारणले गर्दा पनि भू–क्षय वा भू–स्खलन हुने गरेको छ ।

### १.२.६ जलवायु

बारा जिल्लाको हावापानी उष्ण प्रकारको छ । जिल्लाको औसत तापक्रम अधिकतम ३१.३ डिग्री सेन्टिग्रेड र न्यूनतम १८ डिग्री सेन्टिग्रेड हुन्छ । यहाँको अधिकाँश क्षेत्रका जनजीवनलाई निकै असहज तुल्याँउछ भने जिल्लाको उत्तरी क्षेत्रको चुरे पहाडको केही भागमा मात्र गर्मी कम हुन्छ । हिउंदमा पनि यस जिल्लामा राम्रोसंग घाम नलाग्ने र शीत लहर चल्ने कारण अति जाडो हुने भएकोले यहांको बसोवास प्रायः वर्षैभरी कष्टदायक हुन्छ । औशत वर्षा अधिकतम बार्षिक १,७६० मिलिमिटर रहने गरेको छ ।

### १.२.७ जिल्लाको जनसंख्या र बाढीको विपद् संकटाभिमुख जनसंख्याको प्रक्षेपणः

वि.सं. २०७८ सालको पछिल्लो जनगणना अनुसार यस जिल्लामा ९४,७०६ घरधुरीका पूरुष ३,८९,७८७ र महिला ३,७३,३५० गरी जम्मा ७,६३,१३७ रहेको छ । यस जिल्लाको अधिकांश जनसंख्या कृषिमा आश्रित छन् र बाढिको बिपद्‌बाट उनीहरूनै बढी प्रभावित हुने गरेको पाइन्छ ।

विगतका बर्षहरुमा जिल्लाका बिभिन्न खोला नदिका पुलहरु जस्तैः-जितपुरसिमरा उ.म.न.पा. १ स्थित दुधौरा पुल,निजगढ न.पा.३ स्थित धन्सार पुल, कोल्हबि न.पा. ४ स्थित खैरा पुल, कोल्हबि न.पा. ३ स्थित सपहि खोला पुल, कोल्हबि न.पा. ७ स्थित दादर खोला पुल,कोल्हबि न.पा. ८ टियर खोला स्थित काठको पुल, आदर्शकोतवाल गा.पा.५ स्थित मलहि खोला पुल, जितपुरसिमरा उ.म.न.प. २२ स्थित ३ नम्बर पुल र गढीमाई न.पा. १ स्थित भुतहि खोला पुलहरु समेतमा क्षेति पुगेको थियो भने सरकारी निकायका केहि कार्यालयहरुमा समेत केहि क्षेति पुगेको थियो यस जिल्लामा भारी बर्षा भएमा जिल्लाका सबैजसो स्थानमा बाढी पहिरो बाट भन्दा बस्ती डुबान बाट बढी क्षेति हुने गरेको देखिएको छ ।

गत बर्ष जिल्लाका अन्य स्थानहरुको तुलनामा सिम्रौनगढ न.पा.को वडाहरुमा सबैभन्दा बढि प्रभाव परेको थियो। बाढी प्रभावित घर परीवारहरुलाई तत्कालको लागी स्थानिय विध्यालय तथा चौरहरुमा राखीएको थियो । साथै बाढीपिडितहरुलाई बिभिन्न संघ संस्था व्यक्ति तथा नेपाल सरकार बाट समेत तत्कालै उद्धार तथा राहत बितरण कार्य भएको थियो ।

## १.३ कार्ययोजनाको उद्देश्य

मनसुनको कारणबाट मानिस, पशुपंक्षि र कृषिवालि लगायत भौतिक संरचनाहरु माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्दै विभिन्न निकायहरुसँग समन्वय गरी प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जाफदेहीयुक्त उद्दार, राहत लगायत मानवीय सहयोग उपलब्ध गराउन यस योजनालाई अद्यावधिक गर्नुको मूल उद्देश्य हो ।

- मनसुनको सामना गर्ने क्षमतालाई बृद्धि गर्ने र समुदायलाई मनसुन जन्य विपद उत्थानशिल गराउने कार्यमा मद्दत पुर्याउने ।
- मनसुनको समयमा प्रभावकारी रुपमा मानवीय सहायता परिचालन गर्न र सम्बन्धित निकायको जिम्मेवारीलाई प्रष्ट किटान गर्ने ।
- जिल्लामा अवस्थित मानविय सहायतामा संलग्न निकायको पहिचान गर्ने ।
- जिल्लामा संभावित मनसुन व्यवस्थापनको लागि समूहगत समन्वय संयन्त्रको स्थापना गर्ने ।

- विपद्को समयमा र विपद् पश्चात् गर्ने गतिविधिहरुको जिम्मेवारी क्रमबद्ध एवं किटानीका साथ रुपमा राखी सरोकारवालाहरुलाई जानकारी गराउने ।
- विपद्को क्षेत्रमा कार्यरत सरकारी, गैर सरकारी संस्थाहरुको क्षमता पहिचान, विपद् सामना गर्नसकने क्षमता विकास ।
- विपद्को समयमा संयमित र संगठित भई विपद् व्यवस्थापन कार्यलाई योजनाबद्ध तरिकाबाट पूर्व जिम्मेवारीको किटान गरी व्यवस्थापन गर्न सहयोग गर्ने ।
- मनसुनको समयमा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणको लागि जारी भएको स्वास्थ्य सम्बन्धी मापदण्डको पूर्णरुपमा पालना गर्न गराउनु ।

## १.४ मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्नुपर्ने आवश्यकताः

- मनसुनको समयमा गरिने विपद् व्यवस्थापनमा सहयोग गर्न जिल्लामा उपलब्ध स्रोतसाधन अनुरुप हुने गरी पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउने ।
- पूर्वतयारी तथा प्रतिकार्य योजना अनुसार हुने विपद्को पहिचान, त्यसको पूर्व तयारी र र त्यसका लागि गर्नुपर्ने योजनाहरुसमेत अद्यावधिक हुने हुनाले विपद्को व्यवस्थापनमा निकै सहजता ल्याउन।
- मनसुन जोखिम कम गर्न, मिलेर काम गर्न, विपद् व्यावस्थापनका लागि उपलब्ध श्रोतलाई बिकेन्द्रित गरी क्षेत्रगत रुपले परिचालन गर्न ।
- प्रभावित समुदायलाई प्रकोपको पूर्व सूचना दिनेदेखि सुरक्षित र सम्मानजनक जीवनयापनका लागि आधारभूत मार्गदर्शन दिन ।
- विपद् प्रतिकार्य योजना निर्माण र यसको अद्यावधिक गर्दा उद्धार र राहत जस्ता कार्यमा पीडित समुदायको समान पहुँचको प्रत्याभूति गर्न ।
- आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा म ।

## १.५ मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनाको निर्माणका आधारहरु

### १.५.१ कानुनी आधारहरुः

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार संचालनका लागि बनेको ऐन २०७४, विपद् जोखिम राष्ट्रिय रणनीति २०६६, विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७, जिल्ला विपद् व्यवस्थापन योजना निर्देशिका २०६९ तथा राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा २०७०, मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३ आदी कानुनहरुलाई आधार मानिएको छ ।

### १.५.२ क्षेत्रगत आधारहरुः

यस योजनाले विपद्को पूर्बतयारी तथा प्रतिकार्य कसरी गर्ने बिषयलाई मात्र समेट्छ । स्थानीय तहमा समेत बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयनका लागि सहयोगी भूमिका रहन सक्ने ।

### १.५.३ संस्थागत आधारहरुः

विपद् परेको अवस्थामा योजनाले विपदमा आवश्यक पर्ने श्रोत संकलन तथा परिचालनमा विषयगत सहयोगी निकायको पहिचानमा सहयोग मिल्ने देखिन्छ । अद्यावधिक गरिएको प्रतिकार्य योजनाको कार्यान्वयनले जिल्लास्थित संघसंस्थाहरुले क्षेत्रगत रुपमा जनशक्ति र स्रोतको आकलन गरी पूर्वतयारी गर्न सक्नेछन् ।

## १.६ मनसुन पूर्बतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा

मनसुनका कारण उत्पन्न हुने विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका विशिष्ट नतिजा निम्न अनुसार छन् :

- विपद् पहिला गर्नुपर्ने आधारभूत जोखिम न्युनीकरणका कार्य सुनिश्चित हुने ।
- विपद्का समयमा आवश्यक पर्ने सहयोगलाई व्यवस्थित गर्न सकिने ।
- विपद्का जोखिम कम गर्न सरोकारवाला निकाय, स्थानीय तह र समुदायबीच सहकार्यको अभिवृद्धि हुने ।
- उद्धार र राहतजस्ता कार्यमा प्रभावित समुदायको समान पहुँचको प्रत्याभूति हुने ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग, पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुका साथै जवाफदेहिता र उत्तरदायित्वका भावनाको विकास हुनेछ।
- सङ्कटासन्न समुदाय एवं क्षेत्रहरु पहिचान भई प्रकोप जोखिम नक्शांकन तयार हुने ।
- जिल्लामा मानवीय क्षेत्रमा कार्यरत संघ संस्थाहरु पहिचान भई स्रोत र साधनको आकलन हुने ।
- जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रबाट समुदाय र केन्द्रबीच द्रुत सूचना स्थापित गरी प्रतिकार्यमा प्रभावकारी हुने ।

## १.७ मनसुनबाट हुने जनधनको क्षति न्यूनीकरण गर्न अबलम्बन गरिने रणनीतिहरु

- मनसुन (बाढी, पहिरो, चट्याङ)को असर र सो बाट बच्नका लागि अपनाउनु पर्ने पूर्वसावधानी बारे स्थानीय भाषामा समेत सन्देशहरु तयार पारी विभिन्न सञ्चार माध्यमहरुबाट प्रकाशन तथा प्रशारण गर्ने ।
- सम्पूर्ण स्थानीय तहहरुलाई विपद् जोखिम न्यूनिकरण तथा विपद व्यवस्थापन ऐन, २०७४ का आधारमा स्थानीय विपद व्यवस्थापन समितिहरु गठन गरी परिचालन गर्ने ।
- मनसुनको प्रभावबाट सुरक्षीत राख्ने उपायहरुको सम्बन्धमा जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिहरु एवं विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने सबै सरकारी तथा गैरसरकारी संघसंस्थाहरु सहकार्य गर्ने ।
- नेपाल प्रहरी, सशस्त्र प्रहरीले आफ्नो क्षेत्रबाट आवश्यक पूर्वतयारी तत्काल गर्ने। साथै नेपाल प्रहरीले सामुदाय प्रहरी-साझेदारी कार्यक्रम अनुसार सचेतनामुलक कार्यक्रम गर्ने।
- सम्भावित जोखिमलाई मध्यनजर गर्दै विभिन्न स्थानमा हुन सक्ने स्वास्थ्य सम्बन्धी समस्यालाई रोकथाम गर्न जिल्ला स्वास्थ्य कार्यालय र स्थानीय तहको सहकार्यमा जनचेतनामूलक कार्यक्रम तत्काल सञ्चालन गर्ने। प्रादेशिक अस्पताल कलैया तथा प्राथमिक स्वास्थ्य केन्द्रहरुले स्वास्थ्यकर्मी तथा औषधिहरु पर्याप्त मात्रामा राखि द्रुत प्रतिकार्य समूह परिचालित हुन सक्ने व्यवस्था मिलाउने ।
- मनसुन (बाढी, पहिरो, चट्याङ), कृषिबाली र पशुपंक्षीको क्षतिलाई न्यून गर्न आवश्यक औषधोपचार तथा यसबाट बच्ने र बचाउने उपायहरुका सम्बन्धमा सन्देशमूलक सूचना प्रचारप्रसार गराउने व्यवस्था मिलाउन र मनसुनको कारणबाट अन्नबाली पशुपंक्षीको क्षति भएमा/तथ्याङ्क संकलन गरी कृषकहरुलाई मल, बीउ, पशुपंक्षी उपचार तथा प्राविधिक सहयोग जस्ता राहत सहयोग उपलब्ध गराउने ।
- सम्भावित बाढी पहिरोको विषयमा क्षेत्रगत एवं जिल्लागत विशिष्टीकृत तापक्रम र हावाको वहावको, बर्सातको पूर्वानुमानमा आधारित रहेर जल तथा मौसम विज्ञान विभागले तयार गर्ने पूर्वसूचना सम्बन्धी बुलेटिनलाई आम सञ्चार माध्यमबाट प्रकाशन तथा प्रशारण गर्ने व्यवस्था मिलाउने । जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र (DEOC) मा बाट जानकारी पठाउने।
- नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संघ सस्था, मानवीय सहायतामा काम गर्ने निकाय संघसस्थाहरु/ तथा सामुदायिक संस्थाहरुले बाढी प्रभावित क्षेत्रहरुमा संचालन गर्ने कार्यक्रमको बारेमा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई पूर्व जानकारी गराउने।
- विद्यालयहरुमा मनसुनको प्रभावबाट बच्न विद्यार्थीहरुलाई चेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।

## २. मनसुनजन्य विपद् घटनाको अवस्था विश्लेषण

### २.१.नेपालको विगत दश वर्षको मनसुनजन्य विपद् घटनाको अवस्था विश्लेषण

#### २.१.१. मनसुनजन्य विपद्को प्रवृत्ति विश्लेषण

**तालिका नं. १ः वि.सं. २०७३ देखि वि.सं. २०८२ सम्म घटेका मनसुनजन्य विपद् सम्बन्धी घटनाको संक्षिप्त विवरण**

| घटना | मिति अवधि | घटना संख्या | मृत्यु | वेप्ता | घाइते | प्रभावित परिवार | घर क्षति | पशु चौपाया क्षति |
|---|---|---|---|---|---|---|---|---|
| बाढी | २०७३ देखि २०८२ सम्म | २,३५८ | ६७८ | २६९ | २१५ | २३,८०५ | २,२४८ | २,३७८ |
| भारी वर्षा | २०७३ देखि २०८२ सम्म | २,६५३ | १०८ | १ | ३२४ | ८८१ | १,५१७ | १,२९९ |
| पहिरो | २०७३ देखि २०८२ सम्म | ५,०३२ | १,४८३ | २३२ | १,३४७ | ८,१८३ | ५,९७३ | ७,०१४ |
| चट्याङ | २०७३ देखि २०८२ सम्म | ३,१२४ | ८०५ | ० | २,८८३ | ३२९ | ८४ | ५,९१० |
| जम्मा | | १३,१६७ | ३,०७४ | ५०२ | ४,७६९ | ३३,१९८ | ९,८२२ | १६,६०१ |

*(स्रोतः डि. आर. आर. पोर्टल)*

विगत एक दशक (वि.सं. २०७३ - २०८२ ) को तथ्यांक विश्लेषण गर्दा मनसुनजन्य विपद्का कारण ३,०७४ जनाको मृत्यु, ५०२ जना वेपत्ता, ४,७६९ जना घाइते र ३३,१९८ घरपरिवार प्रभावित भएको तथ्याङ्क छ।

**तालिका नं. २ः वि.सं. २०८१ र वि.सं. २०८२ मनसुनजन्य विपद्का घटनाको तुलनात्मक संक्षिप्त विवरण**

| घटना | घटना सिंख्या | | मत्यृ | | वेप्ता | | घाइते | | प्रभावित परिवार | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०८१ | २०८२ | २०८१ | २०८२ | २०८१ | २०८२ | २०८१ | २०८२ | २०८१ | २०८२ |
| बाढी | ३९९ | २९२ | ९१ | ३७ | १८ | २६ | ४५ | १४ | २,२२८ | ३,२०० |
| पहिरो | ९४३ | ५१३ | ३४४ | ६७ | ४८ | ४ | २७६ | ७७ | ६,४४८ | १,५१८ |
| भारी वर्षा | ५३८ | ३९७ | ८ | ७ | ० | ० | ३७ | २० | १,८१२ | ९६६ |
| चट्याङ | २५८ | २५२ | ५२ | २९ | ० | ० | १६४ | १८९ | ३३५ | ३११ |
| जम्मा | २,१३८ | १,४५४ | ४९५ | १४० | ६६ | ३० | ५२२ | ३०० | १०,८२३ | ५,९९५ |

*(स्रोतः डि. आर. आर. पोर्टल)*

#### २.१.२. बारा जिल्लाको प्रकोपको अवस्था

बारा जिल्ला चुरे रेन्जको दक्षिणमा अवस्थित तराईको जिल्लाको यसको उत्तरमा बारा वन्यजन्तु आरक्ष अनतर्गत पर्ने घना जंगल रहेको छ । यस जिल्लामा लगातार भईरहने विपदहरुमा बाढी,आगलागी,सितलहर मुख्य छन भने अन्य विपदहरुमा सर्पदंस, जंगली जनावर आतंक, खडेरी र डुवान रहेका छन। जलवायु परिवर्तनको असर माथिका सवै प्रकोपहरुमा देखिन्छ । यो जिल्लामा औद्योगिक क्षेत्रहरु पनि प्रसस्त मात्रामा रहेका र रक्सौल अम्लेखगंज पेट्रोलियम पाईप लाईनको करिव १८ किलोमिटर भाग पनि यसै जिल्ला अन्तर्गत पर्ने भएकोले रासायनिक प्रकोप र आगलागी

रोकथाम तथा नियन्त्रणमा सजग रहनुपर्ने देखिन्छ । हरेक वर्ष लगातार रुपमा हुने विपदमा बाढी नै प्रमुख प्रकोप हो जसबाट वर्षेनी ठुलो मात्रामा धनजनको क्षेति हुने गरेको छ । यस जिल्ला भएर बग्ने पसाह ,वगंरी, दुधौरा र लाल बकैया  मुख्य दुई नदी प्रणाली हुन् भने यी अन्तर्गतका ४ दर्जन बढी नदीनालाहरु यी दुई नदीमा मिसिने सहायक नदी प्रणालीहरु हुन् । बकैया, पसाह, बंगरी, दुधौरा, धनसरनदी तियर र जमुनी नदीममा आउने बाढीले हरेक बर्ष कहिले मानवीय क्षति त कहिले सयौ हेक्टर जमिन कटान गर्ने क्रम निरन्तर जारी राखेको छ ।

### २.१.३. जोखिम अनुसार स्थानहरुको वर्गिकरण

| क.स | स्थानहरु | स्थानहरु | बाढी | | सितलहर | | आगलागी | | भुकम्प | | महामारी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मध्यम | उच्च | मध्यम | उच्च | मध्यम | उच्च | मध्यम | उच्च | मध्यम | उच्च |
| १ | कलैया उप.म.न.पा | | √ | | | √ | | √ | √ | | | √ |
| २ | जितपुरसिमरा उप.म.न.पा | | √ | | √ | | | √ | | | | |
| ३ | कोल्हवी न.पा | | √ | | | √ | | √ | | | | |
| ४ | निजगढ न.पा. | | √ | | √ | | | √ | | | | |
| ५ | माहागढीमाई न.पा. | | | √ | | √ | | √ | | | | |
| ६ | सिम्रौनगढ न.पा. | | √ | | | √ | | √ | | | | |
| ७ | पचरौता न.पा. | | √ | | | √ | | √ | | | | |
| ८ | आदर्शकोतवाल गा.पा. | | √ | | | √ | | √ | | | | |
| ९ | करैयामाई गा.पा. | | √ | | | √ | | √ | | | | |
| १० | देवताल गा.पा. | | √ | | | √ | | √ | | | | |
| ११ | परवानीपुर गा.पा. | | √ | | | √ | | √ | | | | |
| १२ | प्रसौनी गा.पा. | | √ | | | √ | | √ | | | | |
| १३ | फेटा गा.पा. | | √ | | | √ | | √ | | | | |
| १४ | बारागढी गा.पा. | | √ | | | √ | | √ | | | | |
| १५ | सुवर्ण गा.पा. | | | √ | | √ | | √ | | | | |
| १६ | विश्रामपुर गा.पा. | | √ | | | √ | | √ | | | | |

### २.१.४. प्रकोप पात्रो

यस जिल्ला अन्तर्गतका स्थानिय निकायहरुबाट संकलन गरिएको सुचनाको आधारमा प्रकोपको मौसमी पात्रो तयार पारिएको छ । विभिन्न प्रकोपले कुन कुन महिनामा मानिसहरु बढि संकटासन्न हुन्छन भन्ने तलको तालिकाबाट देखिन्छ । यसरी हेर्दा मनसुनको प्रभाव पुस माघ र फागुन महिनामा समेत परेको देखिन्छ ।

| प्रकोप | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आगलागी | | | | | | | | | | | | |
| बाढी | | | | | | | | | | | | |
| सितलहर | | | | | | | | | | | | |
| खडेरी | | | | | | | | | | | | |
| महामारी | | | | | | | | | | | | |
| हुरीबतास | | | | | | | | | | | | |
| चट्याङ | | | | | | | | | | | | |
| कृषि बालीमा रोग | | | | | | | | | | | | |
| पशुपंक्षीमा रोग | | | | | | | | | | | | |
| असिना | | | | | | | | | | | | |
| जनावर आतंक | | | | | | | | | | | | |

**२.१.५. मनसुनको जोखिममा रहेका उमेर समूहहरु**

- एकबर्ष मुनीको जनसंख्या
- जेष्ठ नागरिक ६० माथिका जेष्ठ नागरिकहरु
- गर्भवती तथा सुत्केरी महिलाहरु
- अपाङ्ग अशक्त व्यक्तिहरु
- निरपेक्ष गरिवीको रेखामुनि रहेका अतिविपन्न परिवारहरु

२.१.६. आर्थिक वर्ष २०८१/०८२ को विपद्का घटनाको

२.१.७. विवरणः

| सि.नं. | बिबरण | घट्ना संख्या | मानिस | | | | | | | | | चौपाया | | घर | | गोठ | सार्वजानिक क्षति | पिडित परिवार संख्या | कुल क्षति रु. | प्रहरी परिचालन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मृत्यु | | | घाईते | | | बेपत्ता | | | मृत्यु | घाईते | पक्की | कच्ची | | | | | |
| | | | म. | पु. | बा. | म. | पु. | बा. | म. | पु. | बा. | | | | | | | | | |
| १ | आगलगी | १४९ | ४ | २ | ० | ९ | ३ | १ | ० | ० | ० | ६० | १३ | २२ | ७८ | ५१ | ० | ० | ८९८२१०००/- | |
| २ | बाढी | ३ | १ | | २ | ० | ० | ० | ० | ० | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | हावाहुरी | १५ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | २ | २० | ० | ० | ० | ४१५३०००/- | |
| ४ | चट्याङ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | करेन्ट लागी | ३९ | १ | ८ | १ | ६ | १९ | १ | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | शितलहर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | डुवी मृत्यु | ११ | १ | ३ | ५ | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | जनावरबाट क्षति | ८ | १ | ० | ० | २ | २ | ० | ० | ० | ० | १५ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | अन्य अविरल बर्षा | ७ | ० | ० | ० | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ५ | २ | ० | ० | ८४६०००/- | ० |
| जम्मा | | २३२ | ८ | १३ | ८ | २० | २५ | ५ | | | ० | ७८ | १३ | २४ | १०३ | ५३ | | | ९४८२००००/- | |

(स्रोत: जिल्ला आपतकालिन कार्य संचालन केन्द्र, बारा)

२.१.८. आर्थिक वर्ष २०८२/०८३ को चैत महिना सम्मको विपद घट्नाहरुको संख्यात्मक विवरण :

| सि.नं. | बिबरण | घट्ना संख्या | मानिस | | | | | | | | | चौपाया | | घर | | गोठ | सार्वजानिक क्षति | पिडित परिवार संख्या | कुल क्षति रु. | प्रहरी परिचालन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मृत्यु | | | घाईते | | | बेपत्ता | | | मृत्यु | घाईते | पक्की | कच्ची | | | | | |
| | | | म. | पु. | बा. | म. | पु. | बा. | म. | पु. | बा. | | | | | | | | | |
| १ | आगोलागी | १२० | ३ | १ | ० | ११ | १० | ४ | ० | ० | ० | २८ | १९ | ५ | ३० | २४ | १ | ० | २,५१,७३५०० /- | ८६ |
| २ | बाढी | ४ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २,३०,०००/- | १५ |
| ३ | हावाहुरी / बर्षा | १२ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | २ | २५ | १ | ० | ० | २०,६०,०००/- | ३० |
| ४ | चटयाङ | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | २ |
| ५ | करेन्ट लागी | ३३ | ५ | ७ | ० | ७ | १५ | ३ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ५४ |
| ६ | जनवार आक्रमण | ९ | ० | २ | ० | १४ | २१ | १६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८ | २,७६,२५०/- | ३१ |
| ७ | शितलहर | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | डुवी मृत्यु | १८ | २ | ७ | ६ | ० | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४० |
| ९ | सर्पदंश | १० | ३ | ० | ० | ४ | २ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २१ |
| १० | अन्य( भुकम्प) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | २०८ | १४ | १७ | ६ | ३७ | ४९ | २६ | ० | ० | ० | ३१ | १९ | ७ | ५५ | २५ | १ | ८ | १७,७३९,७५० /- | २७९ |

(स्रोत: जिल्ला आपतकालिन कार्य संचालन केन्द्र, बारा)

# ३. मनसुनजन्य विपद् २०८२ को समीक्षा र सिकाइ

## ३.१.वि.सं. २०८२ को मनसुनको अवस्था

मनसुन अवधिमा देशभर कुल वर्षा सरदर वर्षा को ९० प्रतिशत मात्र रह्यो । देशका अधिकांश भागहरूमा अधिकतम तथा न्यूनतम तापक्रम सरदरभन्दा माथि मापन गरिएको थियो ।

**मनसुन आगमन (Onset ) र बहिर्गमन (Withdrawal)**

नेपालमा सामान्यतया मनसुन १३ जुनमा सुरु भई २ अक्टोबरमा समाप्त हुन्छ । २०८२ सालमा मनसुन आगमन मितिभन्दा १५ दिन अगाडि (मे २९) पूर्वी नेपालमा प्रवेश गरेको थियो भने पूर्वी नेपालबाट अक्टोबर १० मा बाहिरिएको थियो, जुन सामान्यभन्दा ८ दिन ढिलो हो। गत वर्ष मनसुनको कुल अवधि १३५ दिन रहेको थियो, जुन सरदर मनसुन अवधि ( ११२ दिन) भन्दा २३ दिन बढी हो ।




*चित्र १: मनसुनको सुरूवात र बहिर्गमन*

**मनसुन २०८२ मा वर्षा र तापक्रमको अवस्था**

मनसुन अवधिमा देशका अधिकांश स्थानहरूमा १००० देखि १५०० मि. मि. सम्म वर्षा मापन गरिएको थियो भने गण्डकी, बागमती र कोशी प्रदेशका केही स्थानहरूमा २००० मि.मि. भन्दा बढी वर्षा भएको देखियो । देशका धेरैजसो




*चित्र २:मनसुन अवधिभर भएको कुल वर्षा (Total precipation in Monsoon २०२५)*

भू-भागहरूमा वर्षा सरदर वा सरदरभन्दा बढी रहेको पाइयो । तथापि, मधेश प्रदेश, कोशी प्रदेशको दक्षिण तथा पूर्वी भाग,

बागमती प्रदेशको दक्षिणी भाग, गण्डकी प्रदेशका केही भाग, लुम्बिनी, कर्णाली तथा सुदूरपश्चिम प्रदेशका विभिन्न स्थानहरूमा भने सरदरभन्दा कम वर्षा मापन गरिएको थियो ।

मनसुन अवधिमा सबैभन्दा बढी वर्षा ४५८८.६ मि.मि. कास्की जिल्लाको लुम्ले स्टेशनमा मापन गरिएको थियो भने सबैभन्दा कम १५६.१ मि.मि. मौसमी वर्षा मुस्ताङ जिल्लाको जोमसोम स्टेशनमा मापन गरिएको थियो । चित्र नं. ३ मा समावेश गरिएका १२० वटा वर्षामापन केन्द्रहरूको आधारमा नेपालमा २०८२ मनसुन अवधिमा औषतको ९०.०५ प्रतिशत वर्षा भएको देखिन्छ ।




*चित्र ३: मनसुन अवधिभर भएको सरदर वर्षाको प्रतिशत*

*नोटः सामान्यतया, सरदरको ९० प्रतिशतभन्दा कम वर्षा भएमा सरदरभन्दा कम, ९० प्रतिशतदेखि ११० प्रतिशत बीचमा भएमा सरदर र ११० प्रतिशतभन्दा बढी भएमा सरदरभन्दा बढी वर्षा भएको मानिने गरिन्छ ।*

मनसुन अवधिको seasonal cumulative average of daily precipitation वितरणले मनसुनको पहिलो महिनामा वर्षा सरदरको आसपास रहेको देखाउँछ भने बाँकी अवधिभर वर्षा सरदरभन्दा कम रहेको देखाउँछ ।




*चित्र ४: : Cumulative average of daily normal and observed precipitation during Monsoon 2025*

मधेश प्रदेश तथा लुम्बिनी प्रदेशको दक्षिणी भागमा वर्षा भएका दिनहरूको संख्या अपेक्षाकृत कम रहेको देखियो, जहाँ (>१ मि.मि. वर्षा भएको दिन) ३६ देखि ४८ दिन मात्र वर्षा भएको अभिलेख गरिएको थियो। त्यसको विपरित, पहाडी क्षेत्र (उत्तरका हिमाली भू-भाग र दक्षिणका तराई क्षेत्रबीच पर्ने मध्य भाग) का अधिकांश स्टेशनहरूमा ६६ दिनभन्दा बढी वर्षा भएको अभिलेख गरिएको थियो ।




*चित्र ५: मनसुन अवधिमा वर्षा भएका दिनहरूको संख्या*

देशका अधिकांश भागहरूमा अधिकतम तापक्रम सरदर र सरदर भन्दा बढी मापन गरिएको थियो भने केही स्थानहरूमा मात्र सरदरभन्दा कम अधिकतम तापक्रम मापन गरिएको थियो ।




*चित्र ६: मनसुन अवधिभरको औषत अधिकतम तापक्रम*

मनसुन अवधिमा सबैभन्दा बढी औषत अधिकतम तापक्रम ३५.९०८ पर्सा जिल्लाको वीरगञ्ज स्टेशनमा र सबैभन्दा कम १९.००८ सोलुखुम्बु जिल्लाको लुक्ला विमानस्थल स्टेशनमा मापन गरिएको थियो । दैनिक अधिकतम तापक्रमतर्फ हेर्दा,




*चित्र ७: : मनसुन अवधिभरको औष न्यूनतम तापक्रम*

सबैभन्दा बढी ४२.६ °C तापक्रम जुन १४ मा वीरगञ्जमा मापन गरिएको थियो भने सबैभन्दा कम अधिकतम तापक्रम ९.९०८ जुन ३ मा मनाङ जिल्लाको हुम्दे मापन केन्द्रमा मापन गरिएको थियो ।

## ३.२.मनसुन २०८२ को प्रभाव

मनसुन सुरु हुनुअघि नै, २०८२ जेठ ७ गते, समग्र मनसुन ऋतुको प्रारम्भिक आकलन गरिएको थियो र असार १७ गते उक्त आकलनलाई अद्यावधिक (update) गरिएको थियो । पछिल्लो अद्यावधिक आकलनमा विशेषगरी मधेश प्रदेशका जिल्लाहरूमा सरदरभन्दा कम वर्षा हुने सम्भावना देखिएको थियो भने देशका बाँकी भू-भागमा सरदरभन्दा बढी वर्षा हुने प्रक्षेपण गरिएको थियो ।

उक्त प्रक्षेपणअनुसार नै मनसुनको प्रारम्भिक चरणमा मधेश प्रदेशमा न्यून वर्षा भएको देखियो, जसका कारण त्यहाँ खडेरीको अवस्था सिर्जना भएको थियो । पानीका स्रोतहरू सुक्दै जाँदा खानेपानीको समस्या समेत गम्भीर बन्दै गएकोले नेपाल सरकारले मधेश प्रदेशलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्नुपरेको थियो । तथापि, मध्य साउनदेखि वर्षाको मात्रा बढ्न थालेपछि स्थिति क्रमशः सुधार हुँदै गएको थियो ।

सुदूरपश्चिम र कर्णाली प्रदेशको उत्तरी भू-भाग तथा बागमती र कोशी प्रदेशका केही क्षेत्रमा सरदरभन्दा बढी वर्षा भएको थियो। त्यस्तै, मध्य नेपाल लगायतका केही क्षेत्रमा सरदरभन्दा कम वर्षा भएको थियो भने अन्य अधिकांश क्षेत्रमा सरदर आसपास वर्षा भएको थियो ।

मनसुन अवधिभर जल तथा मौसम विज्ञान विभागबाट तीन वटा विशेष बुलेटिन जारी गरिएको थियो, जसमध्ये दशैं पर्वलाई लक्षित गरी दुई वटा विशेष बुलेटिन प्रकाशित गरिएको थियो । सो अवधिमा देशका विभिन्न भागहरूमा ठूलो मात्रामा वर्षा भई व्यापक क्षति पुगेको थियो ।

असोज १७ गते बिहान जारी गरिएको नियमित बुलेटिनमार्फत असोज १८ गते ( दशैं द्वादशी) का लागि मधेश प्रदेशका सम्पूर्ण जिल्लासहित कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका २६ जिल्लामा धेरै भारीदेखि अति भारी वर्षा हुने पूर्वानुमानसहित रेड अलर्ट जारी गरिएको थियो । त्यसैगरी, असोज १९ गतेका लागि पनि कोशी र मधेश प्रदेशका १५ जिल्लामा रेड अलर्ट जारी गरिएको थियो । यस अवधिमा विशेषगरी इलाम जिल्लामा उल्लेखनीय क्षति पुगेको थियो र सो क्षेत्रलाई विपद् संकटग्रस्त घोषणा गरिएको थियो ।

२०८२ सालको मनसुनमा देशका चार वटा वर्षामापन केन्द्रहरू ( भैरहवाको भैरहवा एयरपोर्ट, मनाङको हुम्दे, पर्साको विरगञ्ज र रौतहटको गौर) अहिलेसम्मको सबैभन्दा उच्च दैनिक वर्षाको रेकर्ड तोड्ने स्टेशनहरूमा पर्छन् (State of The Nepal Climate, २०२५ ) ।

## ३.३.वि.सं. २०८२ को मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यको अवस्था

मनसुनजन्य विपद्को जोखिम तथा क्षति न्यूनीकरण गर्ने उद्देश्यले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा कार्यदल गठन गरी वर्षेनी मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना निर्माण तथा कार्यान्वयन गर्दै आएको छ । यसै सन्दर्भमा वि.सं. २०८२ को जोखिम आकलनका आधारमा मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिएको थियो । पूर्वतयारीका क्रममा नेपाल सरकारका विषयगत क्षेत्र (cluster) सँग सम्बन्धित मन्त्रालय, विभाग, नेपाल रेडक्रस सोसाइटी, संयुक्त राष्ट्रसंघ अन्तर्गतका निकाय, मानवीय क्षेत्रका संघसंस्था तथा निजी क्षेत्र ( -याफ्टिङ व्यवसायी, ड्रोन सेवा प्रदायक, वायुसेवा

सञ्चालक संघ नेपाल, सञ्चार संस्था, पर्यटन व्यवसायी आदि) सँग समन्वय गरी आवश्यक सहयोग सुनिश्चित गरिएको थियो ।

मनसुनजन्य विपद्का घटनाबाट जोखिममा परेकालाई नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र स्वयंसेवकबाट हेलिकप्टर मार्फत र स्थलगत उद्धार गरिएको थियो । घाइतेहरूलाई तत्काल अस्पताल पु-याई निःशुल्क उपचारको व्यवस्था गरिएको थियो । बाढी, पहिरो तथा डुबानबाट प्रभावित नागरिकका लागि स्वास्थ्य शिविर सञ्चालन गरिनुका साथै विस्थापित परिवारलाई अस्थायी आश्रय, खाद्य तथा गैरखाद्य सामग्री, स्वास्थ्य सेवा र आपत्कालीन शिक्षा सञ्चालनमा विषयगत समूह र साझेदार निकायहरूको महत्वपूर्ण भूमिका रह्यो ।

विपद्का कारण अवरुद्ध भएका सडक, राजमार्ग, विद्युत, खानेपानी तथा सञ्चार जस्ता आधारभूत सेवाहरू तत्काल मर्मत गरी पुनः सञ्चालनमा ल्याइयो र विस्थापित परिवारलाई अस्थायी आवास निर्माणका लागि आवश्यक रकम उपलब्ध गराइयो।

मनसुन अवधिमा केही क्षेत्रमा सुक्खापन देखिएपछि मधेश प्रदेशलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरी खानेपानी वितरण लगायतका समाधानका कार्यक्रम सञ्चालन गरियो । साथै, असोज १७- २० को अविरल वर्षाका कारण बढी प्रभावित इलाम जिल्लालाई पनि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएको थियो । मनसुन २०८२ को अवस्था प्रतिवेदन https://ndrrma.gov.np/np/situation-report/२२६ मा क्लिक गरी अध्ययन गर्न सकिनेछ ।

### ३.४.मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्यको अवधिमा भएका सिकाइ

- निजी क्षेत्र, सञ्चार माध्यम, संघसंस्था, नागरिक समाज तथा जिम्मेवार निकायहरूसँग कार्ययोजना निर्माणदेखि कार्यान्वयनसम्म सहकार्य गर्दा समन्वय थप प्रभावकारी र सहज हुने ।
- विपद् पश्चातको खोज, उद्धार तथा राहत कार्यका लागि ड्रोन, हेलिकोप्टर, फ्ट बोट तथा अन्य अत्यावश्यक खोज उद्धार सामग्रीको पर्याप्त व्यवस्था हुनुपर्ने ।
- भारी तथा अति भारी वर्षाको पूर्वानुमान लगत्तै कमाण्ड सेन्टर स्थापना र सञ्चालन, उच्च सतर्कता र पूर्वतयारी सुदृढ गर्नुपर्ने ।
- यातायात तथा पारवहन क्षेत्रमार्फत यात्रुलाई मौसम पूर्वानुमान, जोखिम अवस्था र सावधानीबारे जानकारी गराउनुका साथै सम्बन्धित निकायबाट एड्भाइजरी कडाईका साथ लागु गर्दा जोखिम न्यूनीकरणमा सहयोग पुग्ने । जोखिमअनुसार सवारीसाधनको आवतजावत नियन्त्रण गर्न सम्बन्धित निकायसँग समन्वय गर्दा दुर्घटना तथा क्षति न्यूनीकरणमा सकारात्मक प्रभाव पर्ने ।
- धुनिक सूचना प्रविधि र सञ्चार माध्यमको अधिकतम प्रयोगले जनचेतना अभिवृद्धि, पूर्वसूचना / चेतावनी र तथ्यपरक सूचना प्रवाह भई विपद् व्यवस्थापन थप प्रभावकारी हुने ।
- भारी अति भारी धेरै भारी वर्षाको सम्भावना हुँदा नेपाल टेलिकम, एनसेलमार्फत SMS, CRBT, IVR, CBS इत्यादी प्रयोग गरी सूचना प्रवाह गर्दा पूर्वसूचना जनस्तरसम्म छिटो पुग्न गई पूर्वकार्य तथा प्रतिकार्य सहज हुने ।
- स्काउट तथा निजी / सामुदायिक विद्यालयहरुसँग सहकार्य गरी विद्यालयमार्फत सूचना प्रवाह गर्दा बालबालिका र अभिभावकसम्म चेतावनी प्रभावकारी रूपमा पुग्ने ।
- अफवाह तथा भ्रामक सूचनाको सम्बोधन र नियमन गर्नुपर्ने ।

- समयमै अन्तरदेशीय विपद (Transboundary Disaster) सम्बन्धी पूर्वसूचना प्राप्त गर्न परराष्ट्र मन्त्रालयमार्फत कूटनीतिक पहल गर्नुपर्ने ।

## ४. वि.सं. २०८३ सालको मनसुन ऋतुको जलवायु आकलन

जल तथा मौसम विज्ञान विभागले मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा कम वर्षा हुने सम्भावना रहेको उल्लेख गरेको छ । यस मनसुनको अवधिमा कर्णाली प्रदेशका दक्षिणी भू-भाग, लुम्बिनी प्रदेशका अधिकांश भू-भाग, मधेश प्रदेशका पूर्वी भू-भाग र कोशी प्रदेशका दक्षिणी भू-भागमा सरदर भन्दा कम वर्षा हुने संभावना ५५% देखि ६५% रहेको छ भने सुदुरपश्चिम प्रदेशका अधिकांश भू-भाग, मधेश प्रदेशका पश्चिमी भू-भाग र कोशी प्रदेशका मध्य भू-भागमा सरदर भन्दा कम वर्षा हुने संभावना ४५% देखि ५५% रहेको छ। त्यसैगरी कर्णाली प्रदेशका उत्तरी भू-भाग तथा कोशी प्रदेशका उत्तरी भू-भागमा सरदर वर्षा हुने सम्भावना ३५% देखि ४५% रहेको छ भने देशका बाँकी भू-भागमा सरदर भन्दा कम वर्षा हुने सम्भावना ३५% देखि ४५% रहेको छ।




*चित्र नं. ८ : मनसुन अवधिभरको औष न्यूनतम ताप*

मनसुनको अवधिमा अधिकतम तापक्रमको सम्बन्धमा देशभर सरदर भन्दा बढी हुने सम्भावना रहको छ । सुदुरपश्चिम प्रदेशका उत्तर-पूर्वी भू-भाग, कर्णाली प्रदेशका उत्तरी भू-भाग, लुम्बिनी प्रदेशका पश्चिमी भू-भाग, गण्डकी प्रदेशका उत्तर-पूर्वी तथा दक्षिणी भू-भाग, बागमती प्रदेशका पश्चिमि भू-भाग, मधेश प्रदेशका पूर्वी तथा पश्चिमी भू-भाग र कोशी प्रदेशका पूर्वी तथा दक्षिणी भू-भागमा अधिकतम तापक्रम सरदर भन्दा बढी हुने संभावना ५५% देखि ६५% रहेको छ । कोशी प्रदेशका मध्य भू-भाग तथा सुदुरपश्चिम प्रदेशका पूर्वी भू-भागमा अधिकतम तापक्रम सरदर भन्दा बढी रहने संभावना ३५ देखि ४५% रहेको छ भने देशका बाँकी भू-भागमा सरदर भन्दा बढी सम्भावना ४५% देखि ५५% रहने आकलन विभागले गरेको छ ।




*चित्र नं. ९ : वि.सं. २०८३ को मनसुन ऋतुको अधिकतम तापक्रमको आकलन*

न्यूनतम तापक्रमको सम्बन्धमा पनि देशभर सरदर भन्दा बढी हुने सम्भावना रहेको छ । सुदुरपश्चिम प्रदेश, कर्णाली प्रदेश र बागमती प्रदेशका उत्तरी भू-भागहरु, मधेश प्रदेशका पूर्वी भू-भाग र कोशी प्रदेशका दक्षिणी भू-भागमा न्यूनतम तापक्रम सरदर भन्दा बढी हुने सम्भावना ५५% देखि ६५% रहेको छ । कर्णाली प्रदेश, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशका दक्षिणी भू-भागहरु, मधेश प्रदेशका मध्य भू-भाग र कोशी प्रदेशका मध्य तथा उत्तरी भू-भागमा न्यूनतम तापक्रम सरदर भन्दा बढी हुने सम्भावना ३५% देखि ४५% रहेको छ भने देशका बाँकी भू-भागमा न्यूनतम तापक्रम सरदर भन्दा बढी हुने सम्भावना ४५% देखि ५५% रहने पूर्वानुमान विभागको गरेको छ।




*चित्र नं. १०: वि.सं. २०८३ को मनसुन ऋतुको न्यूनतम तापक्रमको आकलन*

## ४.१ वि.सं. २०८३ सालको मनसुनजन्य विपद्को जोखिम आकलन




*चित्र नं. ११: वि.सं. २०८३ को मनसुनजन्य विपद्बाट प्रभावित हुने अनुमानित केसलोड*

यस वर्ष मनसुन ऋतुको अवधिमा देशैभर सरदरभन्दा कम वर्षा रहने सम्भावना विगतको तुलनामा कम रहेको भएता पनि सरदर तापक्रम वृद्धि हुनसक्ने आकलनले केही उच्च हिमाली स्थानहरुमा हिमताल विस्फोटन भई तल्लो तटीय क्षेत्रमा बाढी, पहिरो, डुबान, जमिन कटान तथा आकस्मिक बाढी जस्ता मनसुनजन्य विपद्को जोखिम अधिक हुने सम्भावना रहेको छ । त्यसैगरी उक्त अवधिमा दैनिक तापक्रममा वृद्धि हुने सम्भावना अधिक रहने आकलनले देशको दक्षिणी तराई भू-भागमा सर्वसाधारण अत्याधिक गर्मी वा तातो हावाको लहर (लु) बाट समेत प्रभावित बन्ने सम्भावना रहेको आकलन गर्न सकिन्छ। यस वर्षको मनसुनको पूर्वानुमान सन् २०१४, २०१६ र २०२२ का मनसुन मौसमसँग मिल्दोजुल्दो देखिन्छ। समग्रमा यस वर्षको मनसनुको अवधिमा मनसनुजन्य विपद्बाट देशभर करिब ५१,८६८ घरधुरीका २,२६,६६१ जनसंख्या प्रभावित हुने आकलन गरिएको छ।

### ४.१.१ मधेश प्रदेश

विगतको अनुभव तथा भोगाइलाई आधार मान्दै यस वर्ष मनसुनको अवधिमा मधेश प्रदेशमा सरदर भन्दा कम वर्षा हुने पूर्वानुमान गरिएबाट प्रदेशका आठ जिल्लाहरूमा मनसुनजन्य विपद्बाट प्रभावित हुने सर्वसाधारणको केसलोड निम्न अनुसार रहने आकलन गरिएको छ ।




**प्रत्यक्ष प्रभावित हुन सक्ने करिब ८,०९२ घरपरिवारका ३५,३६१ जनसंख्या रहेको ।**

तालिका १ : मधेश प्रदेशमा मनसुनजन्य विपद् बाट प्रभावित हुने कसलोड

# खण्ड दुईः मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी जिम्मेवार निकाय र मुख्य-मुख्य जिम्मेवारी

मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा सम्बन्धित सङ्घीय मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको मुख्य मुख्य जिम्मेवारी निम्न अनुसार रहनेछ ।

## ५. संघीय मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

| निकाय | नेतृत्व गर्ने विषयगत क्षेत्र | मुख्य जिम्मेवारी |
|---|---|---|
| गृह मन्त्रालय | बन्दोबस्ती | • सुरक्षा निकायका खोज तथा उद्धार टोली तथा आवश्यक साधन स्रोतहरूको पूर्वतैनाथीका साथै प्रतिकार्यको बेला तिनको परिचालनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>• विपद् प्रतिकार्यको लागि आवश्यक खाद्य तथा गैह खाद्य राहत सामग्री व्यवस्थापनका साथसाथै ढुवानी कार्यको समेत नेतृत्व गर्ने।<br>• विपद् प्रतिकार्यको बेला हवाई उद्धारको व्यवस्थापन गर्ने। |
| राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | समग्र नेतृत्व र समन्वय | • मनसुन पूर्वतयारी तथा प्रतिकार्यको अवधिभर नेतृत्वदायी तथा समन्वयकारी भूमिका निर्वाह गर्ने।<br>• मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयनको लागि राष्ट्रिय आपत्कालीन कार्यञ्चालन केन्द्रमा मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गरी नेतृत्व गर्ने।<br>• मनसुन पूर्वतयारी तथा प्रतिकार्यको लगि आवश्यक साधन स्रोत व्यवस्थापन तथा परिचालनमा समन्वय र सहजीकरण गर्ने।<br>• विपद् पूर्वसूचना तथा विपद्सँग सम्बन्धित सूचना संकलन, व्यवस्थापन, विश्लेषण र प्रवाहको नेतृत्व गर्ने। एकद्वार नीतिको अवलम्बन गर्दै केन्द्रीय कमाण्ड पोष्ट मार्फत आधिकारिक सूचना सम्प्रेषण गर्ने।<br>• खोज, उद्धार तथा राहतका लागि तीनै तहका सरकार, सुरक्षा निकाय, गैर सरकारी संघसंस्था, निजी क्षेत्रका बीच आवश्यक समन्वय गर्ने र नेतृत्व लिने । |
| रक्षा मन्त्रालय | खोज, उद्धार तथा राहत | • मनसुनजन्य विपद्का कारण तत्काल गर्नुपर्ने खोज, उद्धार र राहतका कार्यक्रम सञ्चालन गर्न नेपाली सेनालाई आवश्यक स्रोत साधनसहित तयारी अवस्थामा राखे र आवश्यकता अनुसार परिचालन गर्ने। |

| | | |
|---|---|---|
| भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | शीघ्र पुनर्लाभ | • सबै स्थानीय तहहरूले मनसुन प्रतिकार्यको लागि आवश्यक पूर्वतयारीका कार्यहरू गरेको यकिन गर्ने र आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्ने।<br>• विपद् प्रतिकार्यको अवधिमा स्थानीय तहहरूलाई आवश्यक सहजीकरण र समन्वय गर्ने।<br>• शीघ्र पुनलभि विषयगत क्षेत्रको नेतृत्व गर्ने। |
| उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | आपूर्ति | • विपद्को अवधिमा दैनिक उपभोग्य बस्तु तथा सेवाहरूको सहज आपूर्ति तथा उपलब्धताको सुनिश्चितता गर्ने। |
| स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | स्वास्थ्य | • मनसुनजन्य विपद्बाट प्रभावितहरूको स्वास्थ्य उपचारका लागि आवश्यक साधन स्रोत तथा जनशक्ति तयारी अवस्थामा राख्ने र आवश्यकता अनुसार समन्वय र परिचालन गर्ने।<br>• सञ्चार माध्यमबाट मनसुनको अवधिमा हुनसक्ने महामारी तथा स्वास्थ्य समस्याबारे सचेत तुल्याउन सन्देशमूलक सूचना प्रबाह गर्ने, गराउने।<br>• संघ तथा प्रदेशमा रहेका स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूलाई थप सक्रिय तुल्याई पूर्वतयारी र प्रतिकार्यका कृयाकलापहरू सञ्चालन गर्ने।<br>• स्वास्थ्य विषयगत क्षेत्रको नेतृत्व गर्ने। |
| | पोषण | • विपद्को बेला बालबालिका, गर्भवती तथा स्तनपान गराउने महिला, वृद्धवृद्धा तथा दिर्घरोगीहरूको लागि आवश्यक पोषण सामग्रीहरूको व्यवस्थापन गर्ने।<br>• पोषण विषयगत क्षेत्रको नेतृत्व गर्ने। |
| पूर्वाधार विकास मन्त्रालय | खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्धन | • विपग्रस्त क्षेत्रमा शुद्ध पिउने पानी व्यवस्थापनको नेतृत्व गर्ने।<br>• पानीजन्य तथा फोहरबाट फैलिन सक्ने रोगव्याधी नियन्त्रणमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>• खानेपानी शुद्धीकरण तथा सरसफाइ सम्बन्धी जनचेतनामूलक प्रचार प्रसार गर्ने, गराउने।<br>• खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्धन विषयगत क्षेत्रको नेतृत्व गर्ने । |
| | आपत्कालीन आश्रयस्थल र शिविर समन्वय तथा व्यवस्थापन | • मनसुनजन्य विपद्बाट प्रभावित परिवारहरूको लागि आवश्यक आपत्कालीन आश्रयस्थल व्यवस्थापन गर्न समन्वय, सहकार्य र नेतृत्व गर्ने।<br>• आपत्कालीन आश्रयस्थल व्यवस्थापनको लागि आवश्यक स्रोत साधन व्यवस्थापनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>• जिल्ला तथा स्थानीय तह मार्फत आवश्यकता अनुसार आपत्कालीन आश्रयस्थलको लागि खुला क्षेत्रहरू रहेको यकिन गर्ने। |

| | | |
|---|---|---|
| | | • आपत्कालीन आश्रयस्थल र शिविर समन्वय तथा व्यवस्थापन विषयगत क्षेत्रको नेतृत्व गर्ने। |
| | जोखिम न्यूनीकरण, उद्धार, यातायात सेवा पुनर्स्थापना | • वर्षायाममा बाढी र पहिरोले भत्काएका र पुरिएका सडक तथा पुलहरू जतिसक्दो चाँडो अवरोध पन्छाएर एवं मर्मत गरेर सुचारु गर्ने, गराउने।<br>• सडक विभाग मार्फत रणनीतिक स्थानमा तथा अन्तर्गतका कार्यालयमा अत्यावश्यक मेसिन, सामग्री तथा जनशक्ति तैनाथी अवस्था (Stand By) मा राखे |
| कृषि, वन तथा पर्यावरण मन्त्रालय | खाद्य सुरक्षा | • आपत्कालीन अवस्थाको लागि आवश्यक खाद्य सामग्रीको भण्डारण तयारी अवस्थामा राखे।<br>• विपद् पीडित परिवारहरूलाई नगद प्रदान/हस्तान्तरण कार्यक्रमको लागि वित्तीय सेवा प्रदायकहरूसँगको सहकार्यमा तयारी अवस्थामा रहने।<br>• खाद्य सुरक्षा विषयगत क्षेत्रको नेतृत्व गर्ने। |
| | उद्धार तथा अस्थायी आश्रयस्थल | • गल्छी तथा पहिरो रोकथाम र नियन्त्रण, संरक्षण पोखरी तथा Runoff Harvesting, ड्याम निर्माण, मर्मत संभार र व्यवस्थापन, खोला किनारा संरक्षण, पानी मुहान संरक्षण, सिमसार व्यवस्थापन, बायो इन्जिनियरिङ तथा हरियाली प्रवर्द्धन लगायत भू-क्षय नियन्त्रणका विविध कार्यहरू गर्ने।<br>• जलाधारको प्रभावकारी व्यवस्थापन हुन नसक्दा सिर्जना हुन सक्ने विपद् जोखिमबारे जलाधार व्यवस्थापन सम्बन्धी विविध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।<br>• विपद्बाट प्रभावित परिवारहरूको लागि सहुलियत दरमा आवश्यक काठ दाउरा उपलब्ध गराउने।<br>• जिल्ला विपद् व्यवस्थापन समितिको सहकार्यमा तोकिएका खहरे पुनर्रत्थानका लागि संरक्षण कार्यहरू गर्ने । |
| महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | संरक्षण | • मनसुनजन्य विपद्को बेला मानसिक स्वास्थ्य र मनोसामाजिक सवालहरू, लैंगिक हिंसा, परिवारसँगको बिछोड, बाबुआमाको स्याहार नपाएका बालबालिकाहरूको आवश्यकता र ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरूको आवश्यकतालाई सम्बोधन गर्ने, गराउने गरी तयारी अवस्थामा रहने।<br>• सरोकारवाला निकायहरू मार्फत मनसुनजन्य विपद्को लागि स्थानीय तहमा महिलामैत्री स्थल, महिला तथा बालबालिकाका लागि सुरक्षित स्थल र बालमैत्री स्थलहरूको व्यवस्थापन भएको यकिन गर्ने।<br>• मनसुनजन्य विपद्लाई लक्षित गरी महिला तथा किशोरीहरूको लागि आवश्यक डिग्नीटी किट, किशोरी (Adolescent) किट लगायतका जीवन बचाउने राहत सामग्रीहरूको पूर्वनिर्धारण तथा भण्डारण गर्ने, गराउने। साथै, उक्त सामग्रीहरूको लेखाजोखा गर्ने। |

| | | |
|---|---|---|
| | | • संरक्षण विषयगत क्षेत्रको नेतृत्व गर्ने। |
| शिक्षा तथा खेलकुद मन्त्रालय मन्त्रालय | शिक्षा | • स्थानीय तह तथा विद्यालयहरूमा मनसुनजन्य विपद् र त्यसको प्रभावबारे सचेतनामूलक कार्यक्रम गर्ने, गराउने।<br>• विपद्को अवधिमा यौन शोषण र दुर्व्यवहार रोकथाम र सचेतना अभिवृद्धिमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>• आपत्कालीन अवस्थामा शैक्षिक कृयाकलापलाई निरन्तरता दिन सरोकारवाला निकायहरूले न्यूनतम पूर्वतैनाथी (Minimum pre-positioning) कायम राखेको सुनिश्चित गर्ने।<br>• आपत्कालीन अवस्थामा मनोवैज्ञानिक प्राथमिक सहायता सहयोग गर्न मानब स्रोत पूर्वपहिचान गर्ने, गराउने।<br>• शिक्षा विषयगत क्षेत्रको नेतृत्व गर्ने। |
| सूचना तथा सञ्चार मन्त्रालय | आपत्कालीन सञ्चार | • विपद् सम्बन्धी सचेतनाका लागि सञ्चार सामग्री विभिन्न भाषामा तयार गरी विभिन्न सञ्चार माध्यम मार्फत प्रचारप्रसार गर्ने, गराउने।<br>• मनसुनजन्य विपद् सम्बन्धी पूर्वसूचना प्रणालीका लागि NTC र NCELL मार्फत सचेतना एस.एम.एस. (SMS) सम्प्रेषण गर्ने।<br>• मनसुन अवधिभर सञ्चार क्षेत्रमा हुने अवरोधलाई न्यूनीकरण गर्न र अवरोध भएमा तत्काल मर्मत गरी सेवा सुचारु गर्न आफ्ना सबै संयन्त्रलाई तयारी अवस्थामा राख्ने, राख्न लगाउने।<br>• आपत्कालीन सञ्चार विषयगत क्षेत्रको नेतृत्व गर्ने। |
| ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | जोखिम न्यूनीकरण, पूर्वानुमान तथा पूर्वसूचना, उद्धार | • अन्तर्गतका निकायहरू मार्फत मनसुनजन्य वर्षा तथा बाढीजन्य प्रकोपको पूर्वानुमान तथा पूर्वसूचना सम्प्रेषण, जोखिमयुक्त तटबन्धको जोखिम न्यूनीकरण तथा जोखिमयुक्त स्थानहरूमा आवश्यक तारजालीको व्यवस्थापन सम्बद्ध कार्यहरू गर्ने, गराउने |
| परराष्ट्र मन्त्रालय | अन्तर्राष्ट्रिय समन्वय | • विपद्को समयमा आवश्यक परेमा मित्रराष्ट्रहरूको सहयोग जुटाउने।<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि अन्तरदेशीय समन्वय गर्ने।<br>• अत्यधिक वर्षाका कारण कोशी, गण्डकी तथा महाकाली जस्ता मुख्य नदीहरूमा बाढी आई डुबान हुने अवस्था आएमा उक्त नदीहरूमा सीमावर्ती जिल्लामा निर्मित बाँधका ढोकाहरू तत्काल खोल्न कुटनीतिक पहल गर्ने। |
| संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | उद्धार | • मनसुनको अवधिभर विपद्को अवस्थामा तत्काल हवाई उद्धार गर्न नेपाल वायुसेवा निगम तथा निजी कम्पनीका जहाज तथा हेलिकप्टर परिचालन गर्न सकिने गरी तयारी अवस्थामा राखे।<br>• पदमार्गमा रहेका पर्यटकहरूलाई मनसुनजन्य विपद्बारे पूर्वसूचना उपलब्ध गराउने व्यवस्था मिलाउने तथा विपद्को बेला पर्यटकहरूको उद्धार तथा राहतका कार्यहरूमा सहजीकरण र समन्वय गर्ने, गराउने। |

| | | |
|---|---|---|
| युवा, श्रम तथा रोजगार मन्त्रालय | खोज तथा उद्धार | • विपद् व्यवस्थापन तालिम प्राप्त स्काउट जनशक्तिलाई आवश्यकता अनुसार परिचालन गर्न तयारी अवस्थामा राखे, राख लगाउने। |
| जल तथा मौसम विज्ञान विभाग | पूर्वानुमान तथा पूर्वसूचना | • तीन दिनसम्मको मौसम पूर्वानुमान, तीन दिनसम्मको बाढी पूर्वानुमान र दैनिक रूपमा बाढीको पूर्वानुमान बुलेटिन अपडेट र जारी गर्ने। विषम अवस्थामा जुनसुकै बेला पनि बुलेटिन जारी गर्ने।<br>• देशैभर फैलिन सक्ने भारी/धेरै भारी/अति भारी वर्षाको विशेष पूर्वानुमान पाँच दिन अगावै जारी गरी सरोकारवालाहरूलाई जानकारी गराउने।<br>• बाढी प्रभावित विभिन्न नदी नालाहरूको बाढी अनुगमन तथा पूर्वानुमान गर्ने, हिमताल विस्फोट वा अन्य कारणले उत्पन्न हुन सक्ने बाढी समेतको लागि पूर्वसूचना प्रवाह गर्ने।<br>• स-साना नदीहरूमा हुन सक्ने खहरे वहावको (Flash Flood) २-६ घण्टा अगाडि नै पूर्वानुमान गरी सरोकारवालालाई विभिन्न माध्यमबाट जानकारी गराउने। |
| खानी तथा भूगर्भविभाग | पहिरो जोखिम मूल्याङ्कन तथा पूर्वसूचना | • सबै प्रदेशहरूको Landslide inventory map तयार गर्ने।<br>• मनसुनजन्य पहिरो सम्बन्धी आकस्मिक र विस्तृत (rapid and detailed landslide assessment) अध्ययन तथा अनुसन्धान गर्ने। सम्बन्धित निकायको अनुरोधमा मनसुनजन्य प्रकोपबाट बस्तीहरूमा हुनसक्ने जोखिमको आकलन गर्ने। |
| जलस्रोत तथा सिंचाइ विभाग | जोखिम न्यूनीकरण, उद्धार, शीघ्र पुनर्निर्माण | • निर्माणाधीन आयोजनाका पूर्वाधारहरूमा हुनसक्ने जोखिमको न्यूनीकरण गर्न मनसुन अगावै अत्यावश्यक कार्यहरू सम्पन्न गर्ने।<br>• मनसुनजन्य विपद्को प्रतिकार्यको लागि विभाग अन्तर्गतका यान्त्रिक कार्यालयहरू मातहत रहेका Excavator, Loader, Dump truck तयारी अवस्थामा राखे।<br>• बाढी तथा पहिरो जोखिम न्यूनीकरण तथा रोकथामको लागि अन्तर्गतका निकायहरूमा आवश्यकता अनुसार तारजाली तयारी हालतमा राखे। |
| सडक विभाग | जोखिम न्यूनीकरण, उद्धार, यातायात सेवा पुनर्स्थापना | • मनसुनको अवधिभर बाढी पहिरोबाट हुन सक्ने सडक अवरोधलाई तत्काल हटाई यातायात सुचारु गर्न Strategic Locations मा डोजर, एस्काभेटर लगायतका हेभी इक्युपमेन्ट चालकसहित तयारी अवस्थामा राखे।<br>• अत्यावश्यक स्थानमा तत्काल पुर्‍याउन सकिने गरी बेलीब्रिजहरूलाई ढुवानीको साधन तथा जडान गर्ने जनशक्तिसहित Strategic Locations मा तयारी अवस्थामा राखे। |
| नेपाल विद्युत प्राधिकरण | शीघ्र पुनर्लाभ तथा सेवा पुनर्स्थापना | • मनसुनजन्य विपद्को अवधिमा विद्युत आपूर्ति अवरुद्ध भएमा तत्काल सुचारु गर्न आवश्यक स्रोत साधनसहित अन्तर्गतका निकायहरूलाई तयारी अवस्थामा राखे, राख लगाउने। |

| | | |
|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | समग्र नेतृत्व तथा प्रतिकार्य | • जिल्लास्तरीय मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी लागू गर्ने।<br>• स्थानीय तहसँग समन्वय गरी विपद्को बेला तत्काल प्रयोग गर्न सकिने गरी खुला क्षेत्र, सुरक्षित आश्रयस्थल, हेलिप्याड, गोदामघर, दमकल, एम्बुलेन्स लगायतका विवरण विपद् पोर्टलमा Geo-Location सहित अद्यावधिक गर्ने।<br>• विपर्जन्य घटनाका कारण सडक अबरोध भई यात्रुहरु फसेको अवस्थामा उद्धारका लागि तत्काल सम्पर्क गर्न सक्ने गरी बाढी, पहिरो लगायतका विपद्का दृष्टिले जोखिमयुक्त सडकका विभिन्न स्थानमा आपत्कालीन सम्पर्क नम्बरहरु (नेपाल प्रहरी १००, ट्राफिक प्रहरी १०३, सशस्त्र प्रहरी १११४, विपद् उद्धार ११४९ लगायत) सहितको सूचना बोर्ड राखे व्यवस्था मिलाउने।<br>• जिल्ला तहमा मनसुन पूर्वतयारी एवं मनसुनजन्य विपद्को अवधिमा खोज, उद्धार तथा राहत व्यवस्थापनको लागि साधन स्रोतको व्यवस्थापन गर्ने।<br>• विपद् जोखिमको हिसाबले संवेदनशील सडक मार्ग पहिचान गरी जोखिम न्यूनीकरण गर्न समयमै समन्वय गर्ने। विपद्को बेला सडक अवरुद्ध भई सवारी आवगमन बन्द भएको अवस्थामा अलपत्र परेका र जोखिममा रहेका यात्रुहरुलाई सुरक्षित राख योजना तयार पारी सोही अनुसार कार्यान्वयन गर्ने, गराउने।<br>• जिल्लास्थित सबै सुरक्षा निकायहरूलाई तयारी अवस्थामा राख्ने र जिल्लामा रहेका स्वयंसेवकहरू प्रभावकारी परिचालन गर्ने।<br>• पूर्वतयारी तथा प्रतिकार्यको लागि विषयगत क्षेत्रका सम्बन्धित निकायहरू एवं संघ, प्रदेश र स्थानीय तहका विपद् सम्बद्ध निकायसँग समन्वय गर्ने।<br>• जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई थप सक्रिय बनाई प्रभावकारी मनसुन प्रतिकार्यको लागि जिल्लामा मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गर्ने।<br>• विपद्को समयमा बजारमा हुने कृत्रिम अभाव, कालोबजारी तथा आपराधिक गतिविधिलाई नियन्त्रण गर्ने।<br>• दक्षिणी सीमावर्ती क्षेत्रमा मनसुनको पानीको वहाव निकास अवरूद्ध हुन सक्ने स्थान पहिचान गर्ने।<br>• भारतीय समकक्षी निकायसँगको समन्वयमा पानीको निकास खोल्ने र अवरोध हटाउने।<br>• ठूलो बाढी आएमा मुख्य नदीहरूको जलमार्ग तथा ब्यारेजका ढोकाहरू खुला वा बन्द गर्ने सम्बन्धमा आवश्यक समन्वय गर्ने। |

## ६. प्रदेश र स्थानीय तह

| निकाय | मुख्य जिम्मेवारी |
|---|---|
| प्रदेश सरकार | • प्रदेशस्तरीय मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी लागू गर्ने।<br>• प्रदेश तहमा मनसुन पूर्वतयारी एवं मनसुनजन्य विपद्को अवधिमा खोज तथा उद्धार र राहत व्यवस्थापनको लागि साधन स्रोतको व्यवस्थापन तथा परिचालन गर्ने।<br>• प्रदेश आपत्कालीन गोदामघरको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्ने। प्रदेशमा रहेका स्वयंसेवकहरू परिचालन गर्ने।<br>• मनसुन पूर्वतयारी तथा प्रतिकार्यको लागि प्रदेश तहका विषयगत क्षेत्रका सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गरी प्रभावकारी परिचालन गर्ने। संघ, जिल्ला र स्थानीय तहका विपद सम्बद्ध निकायहरूसँग निरन्तर समन्वयको वातावरण तयार गर्ने।<br>• प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई थप सक्रिय बनाई प्रभावकारी मनसुन प्रतिकार्यको लागि मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गरी सञ्चालन तथा व्यवस्थापन गर्ने।<br>• मनसुन पूर्वसूचना प्रणालीको विकास गर्ने।<br>• पालिकास्तरीय मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी लागू गर्ने।<br>• विपद्को बेला तत्काल प्रयोग गर्न सकिने गरी खुला क्षेत्र, सुरक्षित आश्रयस्थल, हेलिप्याड, गोदामघर, दमकल, एम्बुलेन्स लगायतका विवरण विपद् पोर्टलमा Geo-Location सहित यथाशीघ्र अद्यावधिक गर्ने।<br>• पूर्वसूचना, खोज तथा उद्धारका लागि आवश्यक पर्ने आपत्कालीन सम्पर्क नम्बरहरु (नेपाल प्रहरी १००, ट्राफिक प्रहरी १०३, सशस्त्र प्रहरी ११११४, विपद् उद्धार ११४९, मौसम तथा बाढी ११५५ लगायत) सहितको सूचना बोर्ड पालिकाको कार्यालय, वडा कार्यालय, विद्यालय लगायतका सार्वजनिक स्थलमा राख्ने व्यवस्था मिलाउने। साथै, पालिकाको वेबसाइट, सामाजिक सञ्जाल लगायतमा समेत सबैले स्पष्ट रुपमा पढ्न सक्ने गरी अपलोड गर्ने।<br>• पालिकाभित्रका विपद जोखिमको हिसाबले संवेदनशील सडकमार्ग पहिचान गरी जोखिम न्यूनीकरण गर्न समयमै समन्वय गर्ने। विपद्को बेला सडक अवरुद्ध भई सवारी आवगमन बन्द भएको अवस्थामा अलपत्र परेका र जोखिममा रहेका यात्रुहरुलाई सुरक्षित राख योजना तयार पारी सोही अनुसार कार्यान्वयन गर्ने, गराउने।<br>• स्थानीय समुदायलाई मनसुनजन्य विपद्धति जागरूक बनाउन तथा जनचेतना अभिवृद्धि गर्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने।<br>• मनसुन विपद्को अवधिमा आवश्यक पर्ने खोज, उद्धार तथा राहत सामग्रीहरूको व्यवस्थापन गर्ने। प्रतिकार्यको लागि नगर प्रहरीलाई आवश्यक साधन स्रोतसहित तयारी अवस्थामा राखे। पालिकामा रहेका स्वयंसेवकहरू परिचालन गर्ने।<br>• पूर्वतयारी तथा प्रतिकार्यको लागि सरकारी, गैर सरकारी, निजी तथा मानवीय क्षेत्रमा कार्य गर्ने संघसंस्था, स्थानीय समुदाय तथा स्वयंसेवकहरूसँग सहकार्य र समन्वय गर्ने।<br>• मनसुन अगावै सहर बस्तीका ढल सफा गर्ने, खोला नालामा अत्यधिक थुप्रिएका गेग्रान हटाउने तथा पानीका निकासहरू खोल्ने कार्यहरू गर्ने।<br>• स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई सक्रिय बनाई प्रभावकारी मनसुन प्रतिकार्यको लागि पालिकास्तरमा मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गरी प्रभावकारी सञ्चालन गर्ने। |

| | |
|---|---|
| | • मनसुन पूर्वसूचना प्रणालीको विकास गर्ने।<br>• विपद्को समयमा बजारमा हुने कृत्रिम अभाव, कालोबजारी तथा आपराधिक गतिविधिलाई नियन्त्रण गर्ने। |

## ७. रक्षा निकाय

### ७.१.सुरक्षा निकायको मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा मुख्य जिम्मेवारी निम्नानुसार रहनेछ।

| निकाय | मुख्य जिम्मेवारी |
|---|---|
| नेपाली सेना | • मनसुनजन्य विपद् प्रतिकार्यको लागि आवश्यक औजार उपकरण तथा दक्ष जनशक्तिसहित तयारी अवस्थामा रहने।<br>• केन्द्र, प्रदेश तथा जिल्लामा स्थापना गरिने मनसुन प्रतिकार्य कमाण्ड पोष्टमा आवश्यक सङ्ख्यामा प्रतिनिधि खटाउने।<br>• विपद्को बेला खोज, उद्धार तथा राहत वितरणमा सहयोग र सुरक्षा व्यवस्था एवं आवश्यकता अनुसार टोली परिचालन गर्ने।<br>• राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचाले निर्दिष्ट गरे अनुरूप मनसुन प्रतिकार्य कमाण्ड पोष्टमा खोज तथा उद्धार कार्यको नेतृत्व गर्ने।<br>• मनसुनजन्य विपद् प्रतिकार्यको लागि हवाई साधन तयारी अवस्थामा राखे। |
| नेपाल प्रहरी | • मनसुनजन्य विपद् प्रतिकार्यको लागि आवश्यक औजार उपकरण तथा दक्ष जनशक्तिसहित तयारी अवस्थामा रहने ।<br>• केन्द्रदेखि स्थानीय तहसम्म स्थापना गरिने मनसुन प्रतिकार्य कमाण्ड पोष्टमा आवश्यक प्रतिनिधि खटाउने।<br>• विपद्को बेला खोज, उद्धार तथा राहत वितरणमा सहयोग र सुरक्षा व्यवस्था तथा आवश्यकता अनुसार टोली परिचालन गर्ने।<br>• स्थानीयस्तरमा विपद् पूर्वसूचना प्रवाहमा सहयोग पुऱ्याउने।<br>• विपद्का घटना सम्बन्धी सूचना प्रवाह तथा तत्काल गरिने लेखाजोखामा सहयोग पुऱ्याउने। |
| सशस्त्र प्रहरी बल, नेपाल | • मनसुनजन्य विपद् प्रतिकार्यको लागि आवश्यक औजार उपकरण तथा दक्ष जनशक्तिसहित तयारी अवस्थामा रहने।<br>• केन्द्रदेखि स्थानीय तहसम्म स्थापना गरिने मनसुन प्रतिकार्य कमान्ड पोष्टमा आवश्यक प्रतिनिधि खटाउने।<br>• विपद्को अवधिमा खोज, उद्धार तथा राहत वितरणमा सहयोग र सुरक्षा तथा आवश्यकता अनुसार टोली परिचालन गर्ने।<br>• स्थानीयस्तरमा विपद् पूर्वसूचना प्रवाहमा सहयोग पुऱ्याउने।<br>• विपद्का घटना सम्बन्धी सूचना प्रवाहमा सहयोग पुऱ्याउने। |

## ८. आपत्कालीन कार्यसञ्चालन केन्द्र

राष्ट्रिय, प्रदेश, जिल्ला, स्थानीय र स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूको मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा मुख्य जिम्मेवारी निम्न अनुसार रहनेछ।

| निकाय | मुख्य जिम्मेवारी |
|---|---|

| | |
|---|---|
| राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र | • मौसम पूर्वानुमान सम्बन्धी सूचना प्रवाहमा सहयोगका साथै मनसुनजन्य विपद्का पूर्वसूचना प्रवाहमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>• मनसुनको अवधिभर २४सै घण्टा देशभरको विपद्को अवस्थाको निगरानी गर्ने र सो अनुसार सूचना राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र सम्बन्धित अन्य निकायमा सम्प्रेषण गर्ने।<br>• केन्द्रीय मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना र सञ्चालनमा सहयोग र सहजीकरण गर्ने।<br>• विपद् प्रतिकार्यको अवधिमा स्रोत साधन परिचालनमा समन्वय र सहजीकरण गर्ने।<br>• मनसुनजन्य विपद्को अवधिमा सूचना व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्ने।<br>• आपत्कालीन गोदामघर सञ्चालन तथा मानवीय सहायता परिचालनको लागि समन्वय गर्ने। |
| प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र | • मौसमी पूर्वानुमान सम्बन्धी सूचना प्रवाहमा सहयोगका साथै मनसुनजन्य विपद् पूर्वसूचना प्रवाहमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>• मनसुनको अवधिभर २४सै घण्टा प्रदेशस्तरको विपद्को अवस्थाको निगरानी गर्ने र सो अनुरुप सूचना संप्रेषण गर्ने।<br>• प्रदेश मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गर्न सहजीकरण गर्ने।<br>• विपद् पूर्वतयारी, खोज, उद्धार तथा राहतको प्रदेशस्तरीय नेतृत्व र समन्वय गर्ने।<br>• विपद् प्रतिकार्यको अवधिमा स्रोत साधन परिचालनमा समन्वय र सहजीकरण गर्ने।<br>• मनसुनजन्य विपद्को अवधिमा सूचना व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्ने। |
| जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र | • मौसमी पूर्वानुमान सम्बन्धी सूचना प्रवाहमा सहयोगका साथै मनसुनजन्य विपद्का पूर्वसूचना प्रवाहमा जिल्लास्तरीय नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>• मनसुनको अवधिमा २४सै घण्टा जिल्लास्तरको विपद्को अवस्थाको निगरानी गर्ने र सो अनुसार सूचना संप्रेषण गर्ने।<br>• जिल्ला मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गर्न सहजीकरण गर्ने।<br>• विपद् पूर्वतयारी, खोज, उद्धार तथा राहतको नेतृत्व र समन्वय गर्ने।<br>• विपद् प्रतिकार्यको बेला स्रोत साधन परिचालनमा समन्वय र सहजीकरण गर्ने।<br>• मनसुनजन्य विपद्को अवधिमा सूचना व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्ने। |
| स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र | • मौसमी पूर्वानुमान सम्बन्धी सूचना प्रवाहमा सहयोगका साथै मनसुनजन्य विपद्का पूर्वसूचना प्रवाहमा पालिकास्तरीय नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>• मनसुनको अवधिमा २४सै घण्टा पालिकास्तरको विपद्को अवस्थाको निगरानी गर्ने।<br>• पालिका तहमा मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गर्न सहजीकरण गर्ने।<br>• विपद् पूर्वतयारी, खोज, उद्धार तथा राहतको नेतृत्व र समन्वय गर्ने।<br>• विपद् प्रतिकार्यको अवधिमा स्रोत साधन परिचालनमा समन्वय र सहजीकरण गर्ने।<br>• मनसुनजन्य विपद्को बेला सूचना व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्ने। |
| स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र | • आपत्कालीन उपचारको पूर्वतयारी, समन्वय र नेतृत्व गर्ने।<br>• संघ, प्रदेश तथा स्थानीय तहमा रहेका अस्पतालको आपत्कालीन उपचार पूर्वतयारीको समन्वय र नेतृत्व गर्ने। |

| | |
|---|---|
| नेपाल रेडक्रस सोसाइटी, रक्त सञ्चार केन्द्र | • रक्तसञ्चार केन्द्रमा न्यूनतम रगत मौज्दात राखे।<br>• रक्तदाताहरूसँग रक्तदानका लागि समन्वय गर्ने।<br>• आपत्कालीन अवस्थामा रक्तसङ्कलन तथा वितरण गर्ने भौगोलिक क्षेत्र निर्धारण गरी रगत सङ्कलन र आपूर्ति गर्न तयारी गर्ने।<br>• सुरक्षा निकाय, जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी रगत सङ्कलन तथा वितरणको लागि बन्दोबस्ती मिलाउने। |

## ९. निजी क्षेत्र तथा अन्य निकायहरु

निजी क्षेत्र तथा अन्य निकायको मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा मुख्य जिम्मेवारी निम्न अनुसार रहनेछ ।

| निकाय | मुख्य जिम्मेवारी |
|---|---|
| निजी क्षेत्र | • मनसुनजन्य विपद् प्रतिकार्यको अवधिमा खाद्य तथा गैह्र खाद्य राहत सामग्री व्यवस्थापन, राहत ढुवानी, बजार व्यवस्थापन, नियन्त्रण, अनुगमन तथा सुपरिवेक्षण कार्यमा सहजीकरण गर्ने।<br>• खोज तथा उद्धारको लागि याफ्ट बोट, डुङ्गा, ड्रोन, हेलिकप्टर तथा गोताखोर टोली उपलब्ध गराउने। |
| यातायात तथा पारवहन | • पूर्वसूचनाको पूर्ण पालना गर्ने गराउने।<br>• चालक, सहचालक मार्फत यात्रुहरूलाई सम्बन्धित क्षेत्रको मौसम पूर्वानुमान, विपद् जोखिमको अवस्था र अपनाउनु पर्ने सावधानीको बारेमा जानकारी गराउने। |
| विकास साझेदार/गैरसरकारी संघसंस्था/नागरिक समाज | • नेपाल रेडक्रस सोसाइटी लगायत अन्य गैरसरकारी तथा मानवीय सहायतामा सक्रिय निकायहरूले आ-आफ्नो क्षेत्र र क्षमताको आधारमा यस कार्ययोजना अनुसार मनुसनजन्य विपद् पूर्वतयारी र प्रतिकार्यमा सहयोग पुयाउने।<br>• स्टार्ट नेटवर्क अन्तर्गत स्टार्ट फन्ड मार्फत बाढीको जोखिमको पूर्वानुमानमा आधारित पूर्वतयारी तथा प्रतिकार्य गर्न रु. पाँच करोड (स्टार्ट रेडी समेत) बिनियोजन गरेको र उक्त रकम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँगको समन्वयमा परिचालन गर्ने । |
| सञ्चार क्षेत्र | • यस कार्ययोजना अनुसार मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि जनचेतना अभिवृद्धि, पूर्वसूचना तथा चेतावनी सम्प्रेषण र विपद्को समयमा यथार्थ र तथ्यपरक सूचना प्रवाह गर्ने । |

# खण्ड तीनः विषयगत क्षेत्र तथा सम्बन्धित निकायको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना

## १०. सरोकारवाला निकाय जिम्मेवारी :

| क्र.स. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | • समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>• खोज तथा उद्धार कार्यमा सुरक्षा निकाय स्वयमसेवक तथा अन्य , कर्मचारीहरु परिचालन गर्ने<br>• आवश्यकता अनुसार क्षेत्रीय तथा केन्द्रिय स्तरमा सहयोगको लागि समन्वय गर्ने।<br>• तत्काल राहत र पुर्न स्थापनामा समन्वयकारी भूमिका खेल्ने । |
| २ | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी | • समन्वयात्मक कार्यमा सहयोग गर्ने ।<br>• आवास तथा पुनस्थापना कार्य गर्ने ।ः<br>• स्रोत परिचालन तथा समन्वय गर्ने (मानवीय श्रोत,भौतिक,आर्थिक) ।<br>• |
| ३ | सुरक्षा निकाय | प्रमुखहरु | • खोज तथा उद्धार कार्यको नेतृत्व तथा उद्धार कार्य गर्ने ।<br>• सुरक्षा व्यवस्था गर्ने ।<br>• विषयगत समितिमा रहि सहयोग गर्ने ।<br>• कानूनी प्रक्रिया पुरा गर्ने ।<br>• सूचना संकलन र क्षतिको विवरण राख्ने<br>• राहत वितरण र पुर्न स्थापनामा सहयोग र समन्वय गर्ने । |
| ४ | राजनैतीक दलहरु | दलका प्रमुखहरु | • खोज तथा उद्धार र राहत वितरणमा समन्वय गर्ने ।<br>• स्रोत संकलनमा सहयोग गर्ने ।<br>• जनपरिचालन गर्नेस्वयमसेवक परिचालन गर्ने । , |
| ५ | नेपाल रेडक्रस सोसाइटी | सभापति | • खाद्यगैर खाद्यसामाग्री तथा अस्थाई आवास व्यवस्थापनमा सहयोग गर्ने , ।<br>• आपतकालीन आवास तथा बन्दोबस्ती व्यवस्थापनमा सहयोग गर्ने।<br>• विपद् व्यवस्थापनमा संलग्न जनशक्तिको क्षमता विकासका लागि तालिम सञ्चालन गर्न सहयोग गर्ने ।<br>• विपद् सर्वेक्षणमा संलग्न हुने ।<br>• |
| ६ | उद्योग वाणिज्य संघ | अध्यक्ष | • सुख्खा तथा तयारी खाना जस्तै चिउराबिस्कुट,भुजा, आदि ,आपूर्ती,संकलन, वितरण र व्यवस्थापनमा सघाउने ।<br>• स्रोत संकलनमा सहयोग गर्ने । |

| | | | |
|---|---|---|---|
| ७ | यातायात व्यवसायी संघ | अध्यक्ष | • राहत तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र जनशक्ति उपलब्ध गराउने । |
| ८ | सञ्चार माध्यम | सञ्चारकर्मी हरु | • सहि सूचना संकलन तथा सम्प्रेषण गर्ने । |
| ९ | जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र | विपद् सम्पर्क व्यक्ति | • प्रमुख जिल्ला अधिकारीको मातहतमा रही सूचना संकलन समन्वय र , सम्प्रेशन गर्ने ।<br>• विषयगत समितिमा रही सहयोग गर्ने ।<br>• सबै सरोकार निकायसँग समन्वय र सहकार्य गर्ने<br>• स्थानीय तहको क्षमता अभिवृद्धिका लागि सहजीकरण गर्ने ।<br>• सूचना सञ्चार समुदायदेखि केन्द्रसम्म प्रभावकारी बनाउने ।<br>• स्रोत साधन तथा मानवस्रोतको खाडल पहिचान गरी अभाव पुरा गर्ने ।<br>• विपद्का सबै सूचनाहरुलाई एकरुपता दिंदै एकद्वार प्रणाली मार्फत सम्प्रेषण गर्ने । |
| १० | राष्ट्रिय तथा अन्तराष्ट्रिय महासंघ र गै. स. स.हरु | प्रमुख तथा प्रतिनिधि | • मानवस्रोत परिचालन गर्ने ।<br>• स्रोत संकलनमा सहयोग गर्ने ।<br>• गैबीच समन्वय गर्ने ।.स.स.<br>• क्षमता विकास तथा सहजिकरण कार्य गर्ने ।<br>• राहत वितरणमा सहयोग गर्ने । |
| ११ | स्थानीय तह | अध्यक्षप्र/मुख | • विपद् जोखिम व्यवस्थापन र उद्धारको कार्यमा सुरक्षा निकाय वडा विपद्, सामूदायिक विपद् जोखिम व्यवस्थापन समितिसँग,व्यवस्थापन समिति<br>• जिल्ला विपद् व्यवस्थापन समिति प्रदेश विपद् व्यवस्थापन समितिमा , विपद् लेखाजोखाको प्रतिवेद पेश गर्ने ।<br>• स्थानीय विपद् जोखिम व्यवस्थापन योजना अनुसारका विषयगत क्षेत्र र सहयोगी निकायहरु समन्वय गरी तत्काल उद्धार तथा राहत कार्यक्रम सञ्चालन गर्ने ।<br>• जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र र प्रदेशस्तरीय आपतकालिन कार्यसञ्चालन केन्द्रमा विपद्का घटना र सोको प्रभाव वारे जानकारी गराउने ।<br>• विपद् लेखाजोखा मार्गदर्शनले तोकेको ढाँचामा फारम छपाइ तयारी अवस्थामा राख्ने ।<br>• तत्काल प्रारम्भिक द्रुत लेखाजोखा गर्न लगाउने । |
| १२ | जिल्ला अगुवा सहयोगी निकाय | कार्यकारी निर्देशक | • विषयगत सदस्य संस्थाका बीचमा उपयुक्त विषयगत समन्वय संयन्त्र स्थापना तथा व्यवस्थापन गर्ने।<br>• जिल्ला विपद् व्यवस्थापन समिति स्थानीय विपद् व्यवस्थापन , नागरीक समाज तथा ,सरकारी निकाय ,विषयगत अगुवा निकाय,समिति अन्य सरोकारवाला निकाय बीच समन्वय गर्ने । |

| | | | |
|---|---|---|---|
| | | | • विषयगत क्षेत्रका सहभागीहरु सम्बन्धित नीतिगत मार्गदर्शन तथा प्राविधिक मापदण्डका वारेमा जानकारी राख्छन र सोही मापदण्डका आधारमा प्रतिकार्य गर्दछन् भन्ने कुराको प्रत्याभूती गराउने । <br> • विषयगत क्षेत्रका कार्यसमूहको प्रभाव र कार्यान्वयन योजनाको प्रगतिको समीक्षा गर्न तथा प्रतिवेदन र प्रभावकारी सूचना प्रभावको प्रत्याभूति दिन प्रभावकारी अनुगमन संयन्त्र स्थापना गर्ने । <br> • मानवीय सहायतामा संलग्न साझेदार संस्थाका कर्मचारीको क्षमता विकासका लागि तालिम संचालन गर्न सहयोग गर्ने । |
| १३ | द्रुत प्रतिकार्य टोली )Quick Response Team) | प्रमुख प्रशासकिय अधिकृत | • प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा विभिन्न विषयगत क्षेत्रलाई समेटी प्रत्येक स्थानीय तहमा विपद्को समयमा तत्काल काम गर्ने गरी QRT गठन गर्ने । <br> • हाल भईरहेको कोभिड को विषम परिस्थितिमा(कोरोना भाइरस) 19- ) दैनिक प्रतिवेदन जिल्ला कोरोना संकट व्यवस्थापन समितिDCCMC) लाई बुझाउने । <br> • अन्य विपद्को समयमा स्थानीय तहको विपद् सम्पर्क व्यक्ति )disaster focal person) मार्फत जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रमा सूचना आदान प्रदान गर्ने व्यवस्था मिलाउने । <br> • विपद्को समयमा स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बस्न नसक्ने अवस्थामा )QRT) को बैठक बसी समितिलाई अवस्थाको जानकारी दिने । <br> • स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई क्रियाशील बनाउने । <br> • विपद्को समयमा द्रुत सर्वेक्षण गर्ने र स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रको मार्फत प्रकाशन गर्ने । <br> • जोखिम घरधुरीको नक्शाङ्कन गर्न लगाउने र समयमा नै सम्बन्धित निकायहरुलाई उपलब्ध गराउने । <br> • अत्यावश्यक राहत सामाग्रीहरु भण्डारण गर्नेगराउने/ <br> • विपद् प्रतिकार्यमा संलग्न निकायहरुसँग समन्वय गर्ने । |

## ११. विषयगत क्षेत्र

सन् २००५ मा विषयगत क्षेत्रको अवधारणा आईसकेपछि नेपालमा पनि यो अवधारणा लागू भयो । बि.सं. २०७८ सालदेखि यस जिल्लामा पनि यस अवधारणा अनुसार विभिन्न निकायमा बिषयगत क्षेत्रको जिम्मेवारी सहित काम गर्न सुरु गरिएको थियो । हाल यस जिल्लामा ९ वटा बिषयगत क्षेत्रहरु तय गरी प्रभावकारी ढंगले पूर्वतयारी तथा प्रतिकार्य गर्नको लागि विभिन्न निकायहरुको समन्वय र सहकार्यमा कार्य अगाडी बढाईएको छ । सम्बन्धित सरकारी तथा गैरसरकारी निकायहरुले आफ्नो दक्षता भएका बिषयमा काम गर्ने गरी बिषयगत क्षेत्रहरुको नेतृत्व लिएका छन्। जिल्लामा हाल रहेका बिषयगत क्षेत्रहरु निम्न बमोजिम रहेका छन् ।

| क्र.सं. | विषयगत क्षेत्र | अगुवा निकाय | सहयोगी निकायहरु |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | समन्वय तथा सूचना व्यवस्थापन | | |
| २. | खोज तथा उद्धारहरु | जिल्ला प्रशासन कार्यालय | जिल्लामा अवस्थित सुरक्षा निकायहरु,जिल्लास्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र, स्थानीय विपद् व्यवस्थापन समिति तथा कार्यदलहरु, जिल्ला समन्वय समिति, स्थानीय एफ.एम. तथा रेडियो,पत्रपत्रिका तथा संजाल, टेलिभिजनहरुयातायात व्यवसायी । |
| ३. | अस्थायी आवास तथा गैरखाद्य सामाग्री-व्यवस्थापन | स्थानीय विपद् व्यवस्थापन समिति | राष्ट्रिय, अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरु, नेपाल रेडक्रस सोसाईटी, शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाइ । |
| ४. | आपतकालिन स्वास्थ्य तथा पोषण | जिल्ला स्वास्थ्य कार्यालय | राष्ट्रिय, अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरु, सम्बन्धित स्थानीय तहको स्वास्थ्य शाखा, जिल्लामा अवस्थित अस्पताल तथा स्वास्थ्य चौकी। |
| ५. | खाद्यान्न, कृषि तथा जीविकोपार्जन | उद्योग वाणिज्य संघ | बित्तीय संघ संस्थाहरुकृषि ज्ञान केन्द्र , |
| ६. | आपतकालिन संरक्षण | जिल्ला प्रहरी कार्यालय प्र.उ.ना. | जिल्ला प्रशासन कार्यालय तथा जिल्लामा अवस्थित सुरक्षा निकायहरु। स्थानीय बाल संरक्षण समिति अन्तराष्ट्रिय गैर ,राष्ट्रिय, संघ संस्थाहरु । |
| ७. | खानेपानी स्वच्छता तथा सरसफाई स्वच्छता व्यवस्थापन | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना | खानेपानी सरसफाई तथा डिभिजन कार्यालय ,(बारा इकाई) खानेपानी उपभोक्ता समितिहरु अन्तराष्ट्रिय गैर सरकारी ,राष्ट्रिय , संघ संस्थाहरु । |
| ८. | आपतकालिन शिक्षा | | |
| ९. | पूर्वाधार संरक्षण, शीघ्र पुनर्लाभ तथा आपतकालिन बन्दोवस्ती | स्थानीय विपद् व्यवस्थापन समिति | • राष्ट्रिय पुननिर्माण प्राधिकरण (डि्लपउ), पूर्वाधार विकास कार्यालय, मालपोत कार्यालय, नापी शाखा, डिभिजन वन कार्यालय।<br>• जिल्लामा अवस्थित व्यक्तिगत निर्माण कम्पनीहरु । |

## १२. विषयगत क्षेत्र अनुसारको पूर्वतयारी तथा प्रतिकार्य योजना ः

### १२.१. समन्वय तथा सूचना व्यवस्थापन

बिषयगत क्षेत्रः समन्वय तथा सूचना व्यवस्थापन

मुख्य विपद्को किसिमः बाढी, पहिरो, भूकम्प, खडेरी, आगलागी, महामारी (झाडापखाला, रेविज लगायत)

क्षेत्रगत अगुवाः जिल्ला प्रशासन कार्यालय, बारा

#### १२.१.१. समन्वय तथा सूचना व्यवस्थापन विषयगत क्षेत्रको परिचयः

विपद् पूर्व तयारी तथा प्रतिकार्यका लागि समन्वय तथा सूचना व्यवस्थापन क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ । सम्बन्धित सबै क्षेत्रबाट सूचना प्राप्त गर्ने, सान्दर्भिक सबै सरोकारवालाहरुबीच समन्वय गर्ने, विभिन्न विषयगत क्षेत्रहरुको नेतृत्व गर्ने काममा यस क्षेत्रले नेतृत्व गर्ने र विपद् प्रभावितहरुलाई समयमा सही सूचनामार्फत् पूर्वचेतावनी जारी गरी नागरिकको जीउ धनको

रक्षा गर्ने काममा यस क्षेत्रको भूमिका महत्वपूर्ण रहन्छ । प्रभावित समुदायलाई एकिकृत रूपमा सबै प्रकारका सहयोग उपलब्ध गराउन समेत यस क्षेत्रले अन्य क्षेत्रसँग अविच्छिन्न सम्बन्ध र समन्वय राखी कार्य गर्नेछ ।

### १२.१.२. विषयगत क्षेत्रको अगुवा भूमिका

विपद् व्यवस्थापनका लागि विभिन्न निकायहरुको सहकार्य आवश्यक हुन्छ । यद्यपि सम्बन्धित सबै निकायहरुबीच आवश्यक समन्वय गरी विपद्व्यवस्थापन सम्बन्धि कार्यको जिम्मेवारी जिल्लास्तरमा जिल्ला दैवी प्रकोप उद्धार समितिको रहेको हुन्छ । तर यो निकाय अति ठूलो हुने भएकाले आपत्कालमा छिटो छरितो बैठक बस्ने, निर्णय गर्ने, सम्बन्धित क्षेत्रहरुबीच सम्बन्ध, सहकार्य सुनिश्चित गर्ने तथा विपद् व्यवस्थापनलाई बढी प्रभावकारी बनाउन समन्वय तथा सूचना व्यवस्थापन सम्बन्धि काम जिल्ला प्रशासन कार्यालयले गर्नेछ ।

### १२.१.३. समन्वय तथा सूचना व्यवस्थापन विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजनाः

विपद् समयरेखाको अध्ययनबाट जिल्लामा विभिन्न प्रकारका विपद्हरु मध्ये पहिरो, आगलागी, माहमारी, शीतलहर तथा चटयाङ्गका घटनाहरुले मानिस, पशु तथा आर्थिक क्षति भएको छ भने २०७६ सालको फागुन चैत्रबाट कोभिड १९ कोरोना भाईरसको कारणले गर्दा सिर्जना भएको बन्दाबन्दी समेतले जिल्लाका आर्थिक, सामाजिक साँस्कृतिक तथा मनोसामाजिक क्षेत्रमा समेत नकरात्मक असर परिरहेको छ । यस आधारमा जिल्लाका कुनै न कुनै गाउंपालिका वा समुदाय बाढी, पहिरो, महमारी,शीतलहर, आगलागी र चटयाङ्गको घटनामा पर्न सक्छन। विशेषगरी, महिला, बालवालिका, वृद्ध—वृद्धा र अपाङ्गहरू प्रकोपको घटनाबाट प्रभावित हुन सक्नेछन्त्र उद्धारको लागि आग्रह गरिरहेको दृश्य देखिन सक्नेछ । बस्ती डुबानमा परेर आवासीय घरहरू क्षतिग्रस्त हुन सक्नेछन्। सडक, पुल, विद्युत्आपूर्ति, सञ्चारका साधन जस्ता सार्वजनिक पूर्वाधारको क्षति भएर आवागमन र सञ्चार सम्पर्क विच्छेद हुन सक्नेछ । यसरी अस्तव्यस्त भएको जनजीवनलाई पूर्ववत् अवस्थामा ल्याउन सम्बन्धित सबै सरोकारवालाहरु बीच निरन्तर सम्पर्क, समन्वय गरी विषयगत क्षेत्रका काममा सहजिकरण गर्नु आवश्यक हुनेछ ।

### १२.१.४. समन्वय तथा सूचना व्यवस्थापन विषयगत क्षेत्रको उद्देश्यः

यस क्षेत्रका उद्देश्य निम्नअनुसार हुनेछन्ः

१. विपद्को समयमा विषयगत सरकार, स्थानीय कार्यालयहरु, सबै विषयगत क्षेत्र, मानवीय सहायतामा संलग्न निकायहरु तथा नागरिक समाजबीच समन्वय गर्नु ।
२. निर्धारित समयभित्रसूचना संकलन गरी आवश्यक समन्वय गर्नु र सूचना संकलन कार्यदललाई सहयोगको व्यवस्था मिलाउनु ।
३. सूचना प्रवाहको वैकल्पिक उपाय पहिचान गरी सूचना प्रवाहलाई सुनिश्चित गर्नु ।
४. नियमित रूपमा अनुगमन गरी सम्बन्भित विषयगत क्षेत्रहरूलाई पृष्ठपोषण दिनु ।
५. विपद्व्यवस्थापनका लागि आवश्यकता अनुसार संघ, प्रदेश र स्थानीयतहसँग सम्पर्क र समन्वय गर्नु ।

### १२.१.५. पूर्व सूचना प्रणालीः

१. नदीमा पूर्व सूचना प्रणालीको विकास भएको छ ।
२. जल तथा मौसम विज्ञान विभागबाट प्राप्त सूचनालाई आपतकालिन कार्य संचालन केन्द्रद्धारा सबै पालिका, रेडक्रस शाखा उपशाखा, सबै सुरक्षा निकाय, संचार माध्यमहरुमा प्रचार प्रसार गर्ने ।
३. सम्भावित विपद्जन्य जोखिमबाट बच्न र धनजनको क्षतिलाई न्यूनीकरण गर्न सूचनाको आधारमा स्थानीय तहको सहयोग र सुरक्षा निकायको संलग्नतामा जोखिमयुक्त बस्तीका बासिन्दालाई सुरक्षित स्थानमा सार्ने ।

४. सूचनाद्धारा, सर्तकता र सचेतना प्रदान गर्ने ।
५. सम्बद्ध सबै निकायलाई खोज तलास र उद्धार तथा प्रतिकार्यको लागि तयारी अवस्थामा राख्ने ।
६. खोज तथा उद्धार सामाग्रीहरु तयारी अवस्थामा राख्न मद्धत पुग्ने देखिन्छ ।

## १२.२. खोज तथा उद्दार

| | |
|---|---|
| बिषयगत क्षेत्र | खोज तथा उद्धार |
| मुख्य विपद्को किसिम | बाढी, पहिरो, भूकम्प, खडेरी, आगलागी, महामारी |
| क्षेत्रगत अगुवा | जिल्ला प्रशासन कार्यालय,बारा |

### १२.२.१. खोज तथा उद्धार विषयगत क्षेत्रको परिचय

विपद्को अवस्थामा जन, धन र संरचनामा व्यापक क्षति पुग्न गई जनजीवन अस्त व्यस्त हुने भएकाले विपद् प्रभावितहरु बाढी तथा पहिरोको अवस्थामा पुरिने, बगाउने, हराउने, पानीमा डुब्ने सक्ने अवस्था रहन्छ भने भूकम्पजन्य बिपद्को समयमा हराउने, च्यापिने, पुरिने लगायतका विपद्पूर्ण अवस्थामा फसेका हुन सक्छन्। यस अवस्थामा विपद् प्रभावितलाई तालिम प्राप्त दक्ष जनशक्तिद्धारा खोजी गर्ने, प्राथमिक उपचार गर्ने तथा उद्धार गरी सुरक्षित स्थलसम्म पुर्याउने र सकेसम्म थोरै समयमा धेरै जनाको जीउ, धनको रक्षा गर्न सञ्चालन गरिने समग्र कामहरुलाई यस योजनामा खोज तथा उद्धार भनिएको छ ।

### १२.२.२. विषयगत क्षेत्रको अगुवा भूमिका

विपदको अवस्थामा जिल्लामा विपद् प्रभावितहरुको खोज तथा उद्धारका लागि जिल्ला स्तरमा जिल्ला प्रशासन कार्यालयले सम्बन्धित सुरक्षा निकायहरुसँग समन्वय गर्नेछ । यसपछि प्रभावित स्थलमा जिल्ला स्थित सुरक्षा निकायहरु जिल्ला प्रहरी कार्यालय, नेपाली सेना तथा सशस्त्र प्रहरी बलको नेतृत्वमा खोज तथा उद्दार कार्य सञ्चालन गरिनेछ । यस्तो अवस्थामा खोज तथा उद्धारमा सक्रिय सहयोग गर्ने अन्य निकाय तथा व्यक्तिलाई समेत अनुरोध गरिनेछ ।

### १२.२.३. खोज तथा उद्धार विषयगत क्षेत्रकोविपद् अवस्था तथा मान्यता योजनाः

विपद् समयरेखाको अध्ययनबाट जिल्लामा विभिन्न प्रकारका विपद्हरु मध्ये पहिरो, आगलागी, माहमारी, शीतलहर तथा चटयाङ्गका घटनाहरुले मानिस, पशु तथा आर्थिक क्षति भएको छ भने २०७६ सालको फागुन चैत्रबाट कोभिड १९ कोरोना भाईरसको कारणले गर्दा सिर्जना भएको बन्दाबन्दी समेतले जिल्लाका आर्थिक, सामाजिक साँस्कृतिक तथा मनोसामाजिक क्षेत्रमा समेत नकरात्मक असर परिरहेको छ । यस आधारमा जिल्लाका कुनै न कुनै गाउंपालिका वा समुदाय बाढी, पहिरो, महमारी,शीतलहर, आगलागी र चटयाङ्गको घटनामा पर्न सक्छन। । यस आधारमा जिल्लाका कुनै न कुनै स्थानीय तह वा समुदाय बाढी, डुबान तथा पहिरोको चपेटामा पर्नेछन् । यस्तै, विशेषगरी महिला, बालबालिका, बृद्ध—बृद्धा र अपाङ्गहरू बाढीबाट प्रभावित हुन सक्नेछन् र उद्धारको लागि आग्रह गरिरहेको दृश्य देखिन सक्नेछ । बस्ती डुबानमा परेर आवासीय घरहरू क्षतिग्रस्त हुन सक्नेछन् । बालबालिका, महिला, वृद्धवृद्धा तथा युवाहरु हराएका, च्यापिएका, पुरिएका, बगाइएका, उद्धार तथा शरणका लागि कराइरहेका हुन सक्नेछन् ।

१. विशेषगरी महिला, बालबालिका, बृद्ध बृद्धा र—अपाङ्गहरू विपद्बाट प्रभावित हुनेछन् उद्धारको लागि आग्रह गरिरहेको दृश्य देखिनेछ ।
२. बस्ती डुबान, कटान, पहिरो आदिमा परेर आवासीय घरहरू क्षतिग्रस्त हुनेछन्।
३. सडक, पुल, विद्युत् आपूर्ति, सञ्चारका साधनजस्ता सार्वजनिक पूर्वाधारको क्षति भएर आवागमन र सञ्चार सम्पर्क विच्छेद हुनेछ ।

४. मनसुनको समयमा विभिन्न स्थानमा बाढी तथा पहिरो आउँदा लगभग केहि मानिस विस्थापित हुने सम्भावना रहेको छ ।
५. विद्यालयमा कक्षा कोठा, प्रहरीचौकी र स्वास्थ्य केन्द्र जस्ता उपलब्ध सार्वजनिक संस्थाहरू माथि अधिक चाप र नियमित सेवामा अवरोध हुनसक्छ ।
६. सामुदायिक संस्थागत ठाउँहरूमा अस्थायी आवासमा बसेको समयमा सामुदायिक स्वास्थ्य सम्बन्धी उपचारमा देखिएका समस्या/चुनौती र वातावरणमा नकारात्मक असरका कारण दीर्घकालीन स्वास्थ्य तथा विकासमा समस्या हुन सक्छ ।
७. विपद् परेपछि तत्काल उद्धारकर्मीहरू पुग्नुपर्ने र प्रभावित परिवारहरूलाई बाहिर ल्याई सुरक्षित ठाउँमा राख्नेकाम गर्नुपर्ने हुन्छ । यसरी उद्धार गर्दा महिला, बालबालिका, गर्भवती, सुत्केरी महिला र बूढाबूढी तथा अपाङ्गता भएका व्यक्तिलाई पहिलो प्राथमिकता दिनु पर्ने हुन्छ ।

### १२.२.४. खोज तथा उद्धार क्षेत्रको उद्देश्यः

बाढी, पहिरो, महामारी, आगलागी तथा भूकम्प लगायतका कारण विपत्तिमा फसेका मानिसलाई भेदभावरहित ढङ्गले उद्धार गरी सुरक्षित स्थानसम्म पुऱ्याउनु खोज तथा उद्धार क्षेत्रको प्रमुख उद्देश्य हुनेछ । यस क्षेत्रका थप उद्देश्य निम्न अनुसार हुनेछन्:

१. विना भेदभाव विपद्प्रभावितहरूलाई उद्धार गरी सुरक्षित राख्नु ।
२. विपद्मा परेकाहरूलाई, विशेषगरी महिला, बालबालिका, बूढाबूढी, अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिएर उद्धारका लागि खोजी गर्नु ।
३. प्रभावितहरूको जीवन तत्काल बचाउनु, सम्भावित मानवीय क्षति कम गर्नु ।
४. घाइतेको प्राथमिक उपचार गरी आवश्यकता अनुसार अस्पताल पुऱ्याउने व्यवस्था मिलाउनु ।
५. सुरक्षित स्थानको खोजी गर्नु र अस्थायी बसोवासको लागि सहयोग गर्नु ।
६. विपद्मा परेकालाई समयमै आधारभूत आवश्यकताका राहत सामग्रीको व्यवस्था मिलाउनु ।
७. उद्दार र प्रतिकार्य सञ्चालन गर्दा विपद्भन्दा पहिला विपद भईरहेको समय र विपद्पछिको अवस्थामा तिनको प्राथमिकता पूर्वक पहिचान र विश्लेषण गर्नु ।
८. प्राथमिक उपचार र सामान्य खोजी र उद्धार सम्बन्धमा स्थानीय विपद समिति र समुदायको क्षमता अभिवृद्धि गर्नु ।
९. खोजी तथा उद्धार सम्बन्धी टोलीको गठन र आवश्यक पूर्व अभ्यास संचालन गर्नु ।
१०. खोज तथा उद्धारका लागि चाहिने आवश्यक उपकरण तथा औजारहरुको उचित भण्डारण, व्यवस्थापन र परिचालन विधिवारे सम्बन्धित जनशक्तिको क्षमता अभिवृद्धि तथा शिघ्र पहुंचको स्थापना व्यवस्था गर्नु ।
११. सम्भावित खोज तथा उद्धारको आवश्यक्ता पर्न सक्ने समुदायको नक्शांकन तथा त्यस क्षेत्रमा पहुँच सम्बन्धि बैकल्पिक बाटो, जल, स्थल र आकास वा उपाय सहितको योजना र त्यसवारे सो क्षेत्रका लागि जिम्मेवार व्यक्ति वा संस्थालाई अभिमूखीकरण गर्नु ।

**मानवीय सहयोगका मापदण्डः**

१. सुत्केरी, बालबालिका, वृद्धवृद्धा, अशक्त लगायतका प्राथमिकता प्राप्त वर्गको खोज उद्दारलाई प्राथमिकता दिने ।
२. प्रकोपको लगत्तै आवश्यक उपकरण सहित खोजतलास तथा उद्धार टोली खटाउने ।
३. समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने ।

४. सुविधाबाट एकदमै वञ्चित समूह तथा जोखिममा रहेका व्यक्तिहरू लगायत सबैलाई न्यायोचित रूपमा राहत सामग्रीको वितरण तथा सहयोग सम्बन्धी गतिविधिको अनुगमन ।

५. अवस्था हेरीआवश्यकतामा आधारित रहेर प्रारम्भिक दुरत लेखाजोख ९क्ष्लष्तष्ब िच्बउष्म ब्ककभककस्भलत, क्ष्चब्०

६. बहुक्षेत्रीय प्रारम्भिक दुरत लेखाजोखा ९ः गतिष् क्ष्लष्तष्ब िच्बउष्म ब्ककभकककmभलत०, र क्षेत्रगत विस्तृत सर्वेक्षण ९ऋगिकतभच

७. क्उभअषष्अ म्भतबष्मि ब्ककभकककmभलत, ऋक्म्ब् ०टीम खटाउने ।

८. पहिलो हप्तामा परिस्थितिका वारेमा दिनदिनै प्रतिवेदन पेस गर्ने र त्यसपछि हरेक दुई हप्तापछि प्रतिवेदन पेश गर्ने ।

९. संयन्त्रले शिविर समन्वय तथा शिविर व्यवस्थापन को अनुगमन गर्ने तथा प्रतिवेदन पेश गर्ने फाराम) सहितको ( ।

१०. नियमति रुपमा समाचार माध्यममासमाचार पठाउने (पहिलो हप्तामा हरेक दिन) ।

११. नियन्त्रण तथा मानवीय सहयोग सम्बन्धी मापदण्ड कायम गर्ने । सांस्कृतिक), सामाजिक तथा आर्थिक रूपमा स्वीकार गर्न सकिने सामग्रीदाता—/सहयोग उपलब्ध गराउने निकायबाट प्रत्यक्ष वितरण होइन । (अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि क्षेत्रीय प्रकोप उद्धार समितिलाई सक्रिय पार्ने ।

### १२.२.५. खोज तथा उद्धार विषयगत क्षेत्रको विपद् प्रतिकार्य योजनाः

| विपद् पश्चात को अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य विपद्को प्रकृतिमा) (आधाधरित | संवोधन गर्न गरिने पूर्वतयारी कार्य | सहयोगी निकायहरु |
|---|---|---|---|
| 1-0 घण्टा | • सूचना प्राप्त गर्न साथ आपतकालिन बैठक बस्ने ।<br>• खोज तथा उद्धार टोलीको परिचालन र खोज तथा उद्धार कार्यको थालनी गर्ने ।<br>• स्वयम् सेवकहरु परिचालन गर्ने ।<br>• शान्ति सुरक्षालाई कायम राख्नको लागि आवश्यक सुरक्षा व्यवस्था मिलाउने । | • सुरक्षा निकायका इकाईहरु तथा समुदाय स्तरका तालिम प्राप्त स्वयम सेवकहरुले सम्पर्क सूची तयार गर्ने ।<br>• खोज तथा उद्धार टोलीको लागि आवश्यक बन्दोबस्तीको सामाग्रीहरुको तयारी गर्ने ।<br>• आवश्यकता अनुसारको सामाग्रीहरुको पुग नपुग आँकलन/ गर्ने ।<br>• संचारको उपयुक्त संयन्त्रको स्थापना । | जिल्लामा रहेका गैर सरकारी संघ संस्थाहरु सरकारी , कार्यालयहरु |
| 7-1 | • घटनाको द्रुत लेखाजोखा गर्ने ।<br>• हराएकाहरुको खोजी र खोज तथा उद्धारका कार्य जारी राख्ने । | • प्रको सम्पर्कमा रहने गर.अ.जि.ी आपतकालीन उद्धारको लागि १ हेलिकप्टर तयारी अवस्थामा राखिनु पर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति , सुरक्षा निकाय |

| | | | |
|---|---|---|---|
| | • आवश्यकता अनुसार मोटरबोट , रवर बोट आदिको,हेलिकप्टर प्रयोग गरी खोज तथा उद्धार गर्ने ।<br>• क्षेत्रगत सदस्यहरुसँग बैठक तथा अन्य मानवीय संघ संस्थाहरुसँग समन्वय । | • हरेक स्थानीय तहको वडा स्तरमा हेलिकप्टर लयाण्ड गर्ने स्थान पहिचान  गर्नु पर्ने ।<br>• हरेक गाउँपालिका र नपाका वडाहरुमा खुल्ला स्थान पहिचान गर्नुपर्ने ।<br>• तत्काल उद्धारको निम्ति वडामा First Aid  को तालिम लिएका व्यक्तिहरु तयार गरिनुपर्ने ।<br>• हरेक न गाँउ पालिकाको/.पा. वडाहरुमा एउटा सामुदायिक भवनको निर्माण गर्नु पर्ने । | |
| 24-7 घण्टा | • जोखिमा रहेकालाई स्थानान्तरण गर्ने ।<br>• घाईतेहरुलाई प्राथमिक उपचार गरी थप उपचारको लागि अस्पताल पठाउने ।<br>• घटना मुचुल्का तयार गर्ने मृत, अवस्थामा फेला परेमा पोष्टमार्टमको लागि अस्पताल पठाउने।<br>• राहत सहयोग सामाग्रीहरु बितरणका लागि आवश्यक व्यवस्थापन र तयारी । | • खोज तथा उद्धार टोलीलाई विपद् व्यवस्थापन सम्बन्धि व्यवहारिक अभ्यास (Simulation) दिलाउने ।<br>• मौजुदा सामाग्रहरुको जाँचपरिक्षण गर्ने ।/ | स्थानीय तह |
| दोस्रो दिन | • उद्धारको क्रममा भेटिएका व्यक्ति तथा सम्पत्तीहरु सम्बन्धित परिवारहरुलाई जिम्मा लगाउने।<br>• घटनाको द्रुत लेखाजोखालाई निरन्तरता दिने ।<br>• थप भेटिएका घाईतेहरुलाई प्राथमिक उपचार गर्ने।<br>• प्राथमिक उपचार गरी थप उपचारको लागि अस्पताल पठाउने ।<br>• घटनाको बारेमा प्रतिवेदन दिने।<br>• खोज तथा उद्धार कार्यमा भएका प्रगति तथा अवस्थाको सरोकारवालाहरुलाई जानकारी | सुरक्षा निकाय तथा समुदाय स्तरमा रहेका उद्धार टिमलाई अभिमुखिकरण गर्ने । | |

| | | | |
|---|---|---|---|
| पहिलो हप्ता | • बेपत्ता व्यक्ति ,व्यक्तिगत सम्पति , पशु चौपाया खोजी दुर्गन्त्र व्यवस्थापन गर्ने ।<br>• सम्भावित महामारी फैलिन नदिन आवश्यक पहल गर्ने । | • जोखिममा रहेका व्यक्ति वा समूहको पहिचान गर्ने ।<br>• आवधिक बैठक गर्ने ।<br>• स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई क्रियाशील बनाउने । | जिल्ला विपद् व्यवस्थापन समिति |

## १२.३. अस्थायी आवास, गैरखाद्य सामग्री व्यवस्थापन (Temporary Shelter and NFI Management)

बिषयगत क्षेत्र अस्थायी आवास, गैरखाद्य सामाग्री व्यवस्थापन

मुख्य विपद्को किसिम बाढी, पहिरो, भूकम्प, खडेरी, आगलागी, माहामारी

क्षेत्रगत अगुवा (Cluster Lead) नेपाल रेडक्रस सोसाइटी, बारा

### १२.३.१. अस्थायी आवास, गैरखाद्य सामग्री व्यवस्थापन विषयगत क्षेत्रको परिचय

विपद्को अवस्थामा जन, धन र संरचनामा व्यापक क्षति पुग्न गई जनजीवन अस्तव्यस्त हुने भएकाले विपद् प्रभावितहरु बसोवासको अभाव तथा भाँडाकुडा, लुगाफाटा, सरसफाइका सामान लगायत दैनिक आवश्यकताका वस्तुहरुको अभावमा पर्न जाने सम्भावना अधिक रहन्छ । यस्तो अवस्थामा विपत् प्रभावित व्यक्ति तथा समुदायहरुलाई स्थिति सामान्य भएर आफ्नो घर फर्किने अवस्था तयार नभएसम्म आपत्कालीन आश्रय स्थलमा राख्नु पर्ने हुन्छ । यसको लागि अस्थायी रूपमा विद्यालय, मदरसा, मन्दिर, वडा कार्यालयको भवनजस्ता सार्वजनिक स्थलमा राख्नु पर्ने हुन्छ भने केही लामो समयको लागि अस्थायी शिविर खडा गरी बसोवास गराउनु पर्ने हुन्छ । त्यसका साथै दैनिक जीवनयापनको लागि भाँडावर्तन, ओढ्ने ओछ्याउने लुगाफाटो वा खाना बनाउने, खाने वर्तन र इन्धनको व्यवस्था गर्नु पर्ने हुन्छ । आवास तथा गैरखाद्य सामग्री व्यवस्थापन क्षेत्रले विस्थापित तथा प्रभावितहरुको लागि उल्लिखित मानवीय सेवा उपलब्ध गराउँछ ।

### १२.३.२. विषयगत क्षेत्रको अगुवा भूमिकाः

विपदको अवस्थामा आवश्यक गैरखाद्य सामग्री तथा अस्थायी आवास/शिविर व्यवस्थापन गरी जिल्लामा विपद् प्रभावितहरुको जीवन रक्षाका लागि नेपाल रेडक्रस सोसाइटीले सम्बन्धित सरकारी कार्यालय तथा संघसंस्थाहरुसँग समन्वय गरी आवश्यक कार्य अघि बढाउने छ ।

### १२.३.३. स्थायी आवास, गैरखाद्य सामग्री व्यवस्थापन विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजनाः

विपद्जन्य घटना जस्तै पहिरो,बाढी आगलागी, माहमारी तथा चट्याङ्गका घटनाहरुले मानिस, पशु तथा आर्थिक क्षति भएको तथा कोभिड १९ कोरोना भाईरसको कारणले गर्दा सिर्जना भएको बन्दाबन्दी समेतले जिल्लाका आर्थिक, सामाजिक—साँस्कृतिक तथा मनोसामाजिक क्षेत्रमा समेत नकरात्मक असर परिरहेको छ । यस आधारमा जिल्लाका कुनै न कुनै स्थानीय तह वा समुदाय बाढी, पहिरो, महमारी, आगलागी र चट्याङ्गको घटनामा पर्न सक्छन । उपरोक्त विश्लेषण अनुसार बाढी, पहिरो र भूकम्प जस्ता प्रकोप तथा विपद्का कारण जनधनको क्षति तथा प्रभावित हुन सक्ने देखिन्छ । यस्तै, विशेषगरी महिला, बालबालिका, बृद्ध—बृद्धा र अपाङ्गहरू बाढीबाट प्रभावित हुन सक्नेछन् र उद्धारको लागि आग्रह गरिरहेको दृश्य देखिन सकिनेछ । बस्ती डुबानमा परेर आवासीय घरहरू क्षतिग्रस्त हुन सक्नेछन् तथा लत्ताकपडा, भाँडाकुँडा र अन्य दैनिक उपयोगका सामग्रीको अभावमा जनजीवन कष्टकर हुनसक्नेछ ।

### १२.३.४.    अस्थायी आवास तथा गैरखाद्य सामग्री व्यवस्थापन विषयगत क्षेत्रको उदेश्यः

प्रभावित व्यक्तिहरूका लागि समयमा नै गैरखाद्य सामग्री तथा आवासको उपलब्धता गराएर विपद् प्रभावितहरुको सम्मानित जीवन जीउन पाउने अधिकारको रक्षा गर्नु यस क्षेत्रको समग्र उद्देश्य हुनेछ । विपद्मा परी विस्थापित भएका मानिसका लागि न्यूनतम मानवीय मापदण्ड सहित सामाजिक, सांस्कृतिक रूपमा स्वीकार्य हुने अस्थायी आवासको व्यवस्थापन गरी सुरक्षित बासस्थानमा आत्मसम्मानका साथ उनीहरूको पहुँच कायम गराउने र सुरक्षित रूपमा बस्ने वातारण तयार गर्ने काममा यस क्षेत्रले आफ्नो ध्यान केन्द्रित गर्नेछ । यस क्षेत्रका समष्टिगत उद्देश्य निम्नअनुसार छन्

१. सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्नु,
२. विपद्का कारणले घरवारविहीन बनेका मानिसका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापितलाई मानव अधिकारको उपभोग गर्न सक्षम बनाउनु,
३. घरायसी आवश्यकताका भाँडाकुँडा तथा व्यक्तिगत सम्मान र मर्यादासहित दैनिक जीवनयापनका लागि— आवश्यक सामग्रीहरूमा विस्थापितको समानुपातिक पहुँच गराउनु ।

**मानवीय सहयोग सम्बन्धी मापदण्डः**

१. औसतमा एक व्यक्तिका लागि ३.५/४.५ वर्ग मिटरको छाना भएको क्षेत्र उपलब्ध छ, औसतमा ५ सदस्यहरूको एक परिवारका लागि कम्तीमा पनि ४×५ मिटरको डोरी सहितको प्लास्टिक सिट र सहायता सामग्री ।
२. कम्बलमा मानिसहरूको पर्याप्त पहुँच छ ।
३. दुई वर्षसम्मका केटाकेटीहरूका लागि कम्तीमा पनि एक पूरा सेट कपडा छ ।
४. महिला, पुरूष तथा केटा केटीहरूको लागि कम्तीमा पनि एक पूरा सेट कपडा छ । यसका अतिरिक्त, गर्भवती, सुत्केरी महिला तथा केटीहरूका लागि नियमित सरसफाइ सम्बन्धि सामग्रीको आपूर्ति भएको छ ।
५. मानिसहरूसँग उपयुक्त घरायसी सामग्री छः एक सेट भाँडा सहित ।
६. शिविर खडा गर्नका लागि अग्रिम रूपमा जमिनको पहिचान गर्नुपर्दछ जुन जमिन सुरक्षित तथा SPHERE को मापदण्ड अनुसार हुनुपर्छ ।
७. विद्यालय तथा सार्वजनिक स्थलहरूसँग अग्रिम रूपमा नै समझदारी पत्र (MoU) मा दस्तखत भएको हुनुपर्दछ ।
८. शिविरका लागि योजना तर्जुमा गर्दा नै सांस्कृतिक तथा सामाजिक मूल्यहरू एवं परिस्थितिलाई ध्यानमा राखिनुपर्दछ ।
९. नागरिक समाज, सरकार तथा सान्दर्भिक समूहसँगको परामर्शमा शिविरको स्थापना तथा व्यवस्थापन गर्ने ।

### १२.३.५.    अस्थायी आवास, गैरखाद्य सामग्री व्यवस्थापन विषयगत क्षेत्रको विपद् प्रतिकार्य योजनाः

| विपद् पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य विपद्को प्रकृतिमा) (आधारित | संबोधन गर्न गरिने पूर्वतयारी | सहयोगी निकायहरु |
|---|---|---|---|
| 1घण्टा-0 | समन्वय गर्ने र क्लस्टर सदस्यलाई गैह्र खाद्य क्षेत्रको बैठकको सूचना दिने ।<br>सञ्जाल भित्रबाट सूचना संकलन (टेलीफोन मार्फत) | गैर खाद्य क्षेत्रको सदस्यहरुको सम्पर्क नम्बर राख्ने ।<br>रेडक्रस सञ्जाल र सरोकारवाला निकायभित्रका सदस्यहरुको | DEOC, LEOC |

| | | | |
|---|---|---|---|
| | | सम्पर्क नंम्बर संकलन र अद्यावधिक गर्ने । | |
| घण्टा 7-1 | • गैह्र खाद्य क्षेत्रको बैठक बस्ने र गैह्र खाद्य सामाग्रीहरुको लेखाजोखा गर्ने । | • आवश्यक सामाग्री उपलब्धताको लागि बजार सर्वेक्षण गर्ने ।<br>• गैह्रखाद्य सामाग्री उपलब्ध गराउनसक्ने विक्रेताहरु पहिचान गरी उनीहरुसँग आपतकालिन अवस्थामा सामान उपलब्ध गराउने सम्झौता गर्ने । | जिल्ला प्रशास कार्यालय |
| 24-7 घण्टा | • तत्काल आवश्यकताको आधारमा त्रिपाल तथा गैर खाद्य सामाग्री वितरण गर्ने ।<br>• प्राप्त सूचनाको विश्लेषण तथा सहायता परिचालन गर्ने । | • जुट ,डोरी,वटा त्रिपाल 3000 कार्पेट र नाइलन गुन्द्री तयारी अवस्थामा राख्ने ।यसका लागि सम्पूर्ण स्थानीय तहले बजेट बिनियोजन गर्ने । | नेपाल रेडक्रस सोसाईटी DEOC |
| देखि 24 घण्टा 72 | • शिविरमा बसेका प्रभावित परिवारहरुलाई गैह्र खाद्य सामाग्री बितरण।<br>• बालबालिका विशेष परिस्थितिका , अपाङ्गका लागि संरक्षण ,महिला विषयगत क्षेत्रसँग समन्वय गर्ने । | • गैह्र खाद्य 3000सामाग्री तयारी अवस्थामा राख्ने ।<br>• वटा टेन्ट तयारी 500 अवस्थामा राख्ने ।<br>• उपयुक्त यातायात तथा संचारका साधन एवं बन्दोबस्तीका सामाग्रीहरुको व्यवस्था | नेपाल रेडक्रस सोसाईटी गै .स.स.LEOC |
| हप्ताभित्र 1 | • DDMC बाट निर्णय गराई गैरखाद्य सामाग्री आवश्यकता पहितानको लाग विस्तृत सर्वेक्षण गर्ने ।(घरधुरी)<br>• अन्य विषयगत क्षेत्रसँग समन्वय गर्ने ।<br>• बजारको संभाव्यता अध्ययन गर्ने । | • रेडक्रस संजाल, तालिम प्राप्त जनशक्ति क्लष्टरका सदस्यहरुलाई सर्वेक्षण सम्बन्धि तालिम दिने ।<br>• ५०० प्रति बिस्तृत सर्वेक्षण फारमहरु छपाई गर्ने ।<br>• बजार संभाव्यता विश्लेषणका लागि आवास सदस्यहरुसँग छलफल तथा समन्वय गर्ने । | • गै.स.स. |
| 1 महिना सम्म | • आवास व्यवस्थापन गर्ने ।<br>• वासस्थानहिन परिवारलाई सुरक्षीत वासस्थान निर्माण शुरु गर्ने ।<br>• आवासका थप आवश्यकता परिपूर्ति गर्न निर्शत नगद सहयोगका गतिविधि संचालन गर्ने । | • स्थानीय युवा तथा स्वयम सेवकहरुलाई समय समयमा अभिमुखीकरण गर्ने ।<br>• सर्वेक्षण टोलीलाई अभिमुखिकरण तथा फाराम छपाई र बन्दोबस्तीका सामाग्री व्यवस्था गर्ने । | • जिल्ला विपद् व्यवस्थापन समिति प्रदेश सरकार , शहरी विकास तथा भवन संघीय ,निर्माण विभाग आयोजना कार्यान्वयन इकाइ |

| | | | |
|---|---|---|---|
| | • कामका लागि नगद कार्यक्रम मार्फत भग्नावशेष हटाउने जस्था कार्यक्रमहरु सञ्चालन गर्ने । | | |

## १२.४. आपत्कालिन स्वास्थ्य तथा पोषण (Health and Nutrition)

बिषयगत क्षेत्र आपत्कालिन स्वास्थ्य तथा पोषण

मुख्य विपद्को किसिम बाढी, पहिरो, भूकम्प, खडेरी, आगलागी, महामारीजन्य रोगहरु

क्षेत्रगत अगुवा (Cluster Lead) स्वास्थ्य कार्यालय, बारा र नगरपालिका/गाउँपालिका ।

### १२.४.१. स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको परिचय

विपद्को अवस्थामा जन, धन र संरचनामा व्यापक क्षति पुग्न गई जनजीवन अस्तव्यस्त हुने भएकाले विपद् प्रभावित समुदायमा स्वास्थ्य तथा पोषणको अवश्था बिग्रने सम्भावना अधिक रहन्छ । सम्भावित यस परिस्थितिलाई संवोधन गर्न यस्तो अवस्थामा विपत् प्रभावित समुदायमा स्वास्थ्य तथा पोषणसँग सम्बन्धित विषयहरुको व्यवस्था गर्ने क्षेत्रलाई स्वास्थ्य तथा पोषण भनिन्छ ।

### १२.४.२. विषयगत क्षेत्रका अगुवा भूमिका

विपदको अवस्थामा विपद्प्रभावितहरुको जीवन रक्षाका लागि आवश्यक आपत्कालीन स्वास्थ्य तथा पोषणको व्यवस्था गर्नको लागि जिल्ला जनस्वास्थ्य कार्यालयले सम्बन्धित सरकारी कार्यालय तथा संघसंस्थाहरुसँग समन्वय गरी आवश्यक कार्य अघि बढाउने छ ।

### १२.४.३. स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजनाः

विपद्जन्य घटनाबाट विशेषगरी महिला, बालबालिका, वृद्ध—बृद्धा र फरक प्रकारले सक्षम मानिस (अपाङ्ग) हरू विपद्वाट प्रभावित हुन सक्नेछन्।

१. चोटपटक लागि घाइते हुने, मानवीय क्षति हुनसक्छ ।
२. सरुवा रोगको प्रकोपः झाडा पखाला, हैजा, आउँ, औलो, डेन्गु, दादुरा, आँखा तथा छाला सम्बन्धि रोग, स्वास प्रश्वास सम्बन्धि रोगहरु
३. कोरोना भाइरसको संक्रमण देखिन सक्ने तथा फैलिन सक्नेछन्।
४. स्वास्थ्य क्लिनिक नष्ट हुनु अथवा पहुँच नहुनु ।
५. औषधी तथा औजारको हानी नोक्सानी तथा कमी
६. सुत्केरी तथा प्रसुती सम्बन्धी समस्या
७. यौन रोग तथा एचएडस त .भि.आइ.था क्षयरोग फैलिने क्रममा वृद्धि
८. विपद्को कारणले बढ्दो मानसिक स्वास्थ्य समस्या
९. चिकित्सक लगायत स्वास्थ्य कर्मीको कमी
१०. खाद्य सामग्रीको तीव्र अभावको कारणले गर्दा गम्भीर कुपोषण, हैजा तथा झाडापखालाजस्ता रोगहरूको— जोखिममा वृद्धि, स्वास्थ्य एवं सामाजिक सेवाहरूमा घट्दो पहुँच, उपचारात्मक तथा अतिरिक्त खुवाउने कार्यक्रम (Feeding Programme) मा अवरोध
११. आकस्मीक सेवाको लागी रगतको अभाव ।

### १२.४.४. स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको उद्देश्यः

स्वास्थ्य तथा पोषणको समष्टिगत उद्देश्यको रुपमा जस्तोसुकै आपतकालीन अवस्था परेता पनि मानव जीवन सुरक्षा तथा कल्याण (Human survival and well-being) खास गरी एकदमै जोखिममा रहेका समूहको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा पोषण सम्बन्धि आवश्यकताहरू पूरा भएका छन् भनी सुनिश्चित गर्ने रहेको छ भने विशिष्ट उद्देश्यका रुपमा तल उल्लेखित कुराहरु रहेका छन्।

**स्वास्थ्यः**

१. झाडापखाला, हैजा, औलो, कोरोना तथा अन्य पानीजन्य एवं कीटजन्य रोगहरूको पर्याप्त रोकथाम तथा उपचार क्षमता सुनिश्चित गर्नका निमित्त जिल्ला स्वास्थ्य कार्यालय/जिल्ला जन स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।

२. अरू द्रुत लेखाजोखा (Rapid assessment) सँग एकीकृत गरी स्वास्थ्य तथा पोषण अवस्था)तथा सेवाहरू( को द्रुत सर्वेक्षण क्षमतालाई सुदृढ पार्ने ।

३. रोग पैलन गएका खण्डमा सहयोग तथा लेखाजोखाका लागि क्षमता अभिवृद्धि गर्ने ।

४. आधारभूत स्वास्थ्य सेवाहरूमा निरन्तर पहुँच सुनिश्चित गर्न र स्वास्थ्य शिविरको सञ्चालन गर्न र अर्को निकायमा पठाउने संयन्त्र (referral mechanism) को विकास गर्न जिल्ला स्वास्थ्य कार्यालयलाई सहयोग पुऱ्याउने।

५. पर्याप्त आपत्कालीन आपूर्ति र मानव स्रोत लगायतका विषयमा शीघ्र क्षमता अभिवृद्धिका लागि जिल्ला स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।

६. गर्भवती तथा सुत्केरी सेवाहरुलाई प्रभावकारी गराउन जिल्ला स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।

७. परिवार नियोजन, सुरक्षित मातृत्व, यौन रोग तथा HIV उपचार ब्यवस्थापनको लागी आवस्यक पर्ने

८. सामग्री तथा औषधीहरुको सुनिश्चतता गर्ने र सेवाहरु उपलब्ध गराउने ।

**पोषणः**

१. विस्थापित मानिसहरूका लागि पूरक खाना खुवाउने कार्यक्रम (Supplementary Feeding Programme - SFP) मा पहुँचको माध्यमबाट गर्भवती तथा दूध खुवाउने महिला एवं पाँच वर्षमुनिका केटाकेटीहरूमा गम्भीर कुपोषणको वृद्धिलाई रोकथाम गर्न स्वास्थ्य कार्यालय कार्यालयलाई सहयोग गर्ने

२. गम्भीर कुपोषण (Severe Acute Malnutrition - SAM) को उपचार तथा सेवामा निरन्तर पहुँच सुनिश्चित गर्न जिल्ला स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।

३. निरन्तर स्तनपान सुनिश्चित गर्न र अवाञ्छित स्तनपानका विकल्पहरूको वितरणमा रोक लगाउन जिल्ला स्वास्थ्य कार्यालयलाई मद्दत गर्ने

४. भिटामिन ए को वितरण/जुका मार्ने औषधि तथा प्रभावित केटाकेटीहरूका लागि खोप सम्बन्धि गतिविधिहरू सुनिश्चित गर्नका निमित्त जिल्ला स्वास्थ्य कार्यालयलाई सहयोग गर्ने ।

**मानवीय सहयोगसम्बन्धी न्यूनतम मापदण्डः**

१. प्रारम्भिक लेखाजोखा सञ्चालन गरिएकै समयमा स्वास्थ्य सम्बन्धि निगरानी (Health surveillance) शुरु हुन्छ

२. समुदायको तहमा रोग तथा चोट/पटकको उपचार विद्यमान प्राथमिक स्वास्थ्य केन्द्रको प्रणालीको माध्यमबाट, स्वास्थ्य संस्थाहरूमा केही उपचार एवं थोरै संख्यामा गम्भीर बिमारीहरूलाई सिफारिश गरी अन्य केन्द्रहरू (referral centres) मा पठाई आपत्कालीन स्वास्थ्य सेवा कार्यक्रमको कार्यान्वयन गरिनेछ ।

३. सिफारिश गरी पठाइने अन्य केन्द्रहरू (referral centres) मा केन्द्रहरूमा पुगनका निमित्त बिरामीहरूका लागि उपयुक्त यातायातको प्रवन्ध गरिनेछ ।

१२.४.५.　　**स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको विपद् प्रतिकार्य योजना**

| विपद् पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य ( विपदको प्रकृतिमा आधारित ) | सँवोधन गर्न गरिने पूर्वतयारी कार्य | सहयोगी निकायहरु |
|---|---|---|---|
| ०-१ घण्टा | • सुचना आदान प्रदान गर्ने गराउने( स्थानीय तह,सेना,प्रहरी र स्थानीय समाजसेवीहरु ) | • सुचना प्राप्त गर्नासाथ स्थानीय स्वास्थ्य सँस्थाहरुलाइ स्वास्थ्य सेवा प्रदान गर्न गराउन तयारी पार्ने । | DEOC,LEOC |
| १-७ घण्टा | • सुचनाको आधारमा विपद प्रभावीत क्षेत्रमा स्थानीय तहका प्रतिनिधिहरु,स्थानीय स्वास्थ्य कर्महिरु,सेना,प्रहरी र स्थानीय कार्यदलका उद्यारकर्ताहरु लाइ सहयोग पुर्याउनमा मदत गर्ने गराउने।<br>• विपद् प्रभावीत क्षेत्रमा विपद् बाट प्रभावीत व्याक्तिहरुको अवस्था प्रथामिकिकरण गर्न गराउनमा सहयोग पुर्याउने । | • अस्थायी सिविर निर्माण सम्बन्धि निर्माण सामग्री खरिद तथा भण्डारण गर्ने ।<br>• स्वास्थ्य स्वयमसेवकहरुको सम्पर्क सुची तयार गरी राख्ने । | स्थानीय विपद् व्यवास्थापन समिति |
| ७-२४ घण्टा | • विपद् प्रभावीत क्षेत्रमा स्थानीय तहका प्रतिनिधिहरु,स्थानीय स्वास्थ्य कर्मीहरु ,सेनाहरु,प्रहरीहरु र नेपाल स्थानीय कार्यादलका उध्दारकर्ताहरु सँग समन्वय गरी प्राथमिक उपचार सेवा पुर्याउने ,सम्प्रेसन गर्ने,स्वास्थ्य शिक्षा दिने,पिउने पानी शुद्धिकरण गर्नको लागी वाटर गार्ड/प्यूस व्यवस्था गर्ने । | • औषधीहरुको आवश्यकता पहिचान गर्ने र वफर स्टकको चेक जाच गर्ने ।<br>• प्रत्येक स्थानीय तहमा दीर्घ रोगीहरुको पहिचान गरी अत्यावश्यक औषधीहरुको भण्डारण गर्ने । | स्वास्थ्य स्व्यमसेवक,स्थानीय तह ,स्थानीय शाखा ,LEOC |
| २४ देखी ७२ घण्टा | • विपद् प्रभावीत क्षेत्रमा अस्थायी स्वास्थ्य शिविर स्थापना गरी स्वास्थ्य सेवा प्रदान गर्ने ।<br>• DDMC बैठक बसी विपदको क्षती आकलन गर्न गराउन cluster rapid response team परिचालन गर्ने ।<br>• द्रुत सर्वेक्षणको तथ्याँकको आधारमा प्रभावीत हरुको स्वास्थ्य सम्बन्धी आवश्यकताको पहिचान गर्ने गराउने ।<br>• फोहोर पानीजन्य रोगको बारे सचेतना कार्यक्रम सञ्चालन गर्ने | • क्षती अनकलन टोली निर्माण गर्ने र टोलीको कार्यसुची निर्माण गरी परचािलन गर्न तयारी हुने । | स्वास्थ्य कार्यालय,वडा कार्यालय |

| | | | |
|---|---|---|---|
| | • स्तनपान प्रर्बद्धन गर्ने र तयारी खानाको व्यवस्थापन र बितरण गर्ने ।<br>• खानेपानी शुद्धिकरण गर्ने सामग्रीहरु लगायत भाडा कुडा बितरण गर्ने । | | |
| १ हप्ताभित्र | • DDMC र सरोकारहरुको सहकार्यमा बैठक बसी प्रकोपको बारेको जानकारी तथा स्वास्थ्य सम्बन्धी सँचालन गरिएका कार्यक्रम बारे सुचना प्रदान<br>• आश्रय स्थलहरुमा अस्थायी चर्पी र खानेपानीको धारा निर्माणमा सहयोग गर्ने ।<br>• जिम्मेवारी वाडफाड ,अत्यावश्कीय तथा स्वास्थ्य सेवा प्रदान ,स्रोत परिचालन सुचना तथा जनचेतनामुलक सन्देशहरु परिचालन सुचना तथा जनचेतनामुलक सन्देशहरु प्रसारण गर्ने ।<br>• अत्यावश्कीय सेवाहरुको उपलब्धता - खोप,पोषण,क्षयरोग,प्रजनन स्वास्थ्य,मनोबैज्ञानीक परामर्श । | • थप औषधीको भण्डारण तथा व्यवस्था गर्ने ।<br>• तालिम प्राप्त जनशक्ति परिचालन पहिचान गरी तयारी अवस्थामा राख्ने ।<br>• पशु सेवाका लागी प्राविधिक टोली गठन । | |
| १ महिनासम्म | • बितरण गरिएको सामग्रीहरु तथा सरसफाइको अवस्था बारे अनुगमन गर्ने ।<br>• नपुग भएको सामग्रीहरुको उपलब्धता गर्ने रबितरण गर्ने ।<br>• सुचना तथा जनचेतनामुलक सन्देशहरु प्रशारण,समन्वय अत्यावश्कीय स्वास्थ्य सेवाको निरन्तरता दिने ।<br>• गर्भवती र सुतकेरी महिलाहरुका लागी आइरण फोलिक एसिड चककी बितरण तथा मातृ पोषन परामर्श प्रदान गर्ने । | • अनुगमन टोली गठन गर्ने र अनुगमन प्रकयिा बारे स्पष्ट गराउने ।<br>• सामग्री उपलब्ध गराउने निकाय एबं सँगठनहरुको अग्रिम ।<br>• सरोकारवाला हरुसँग नियमित समन्वय गर्ने । | |

## १२.५. खाद्यान्न, कृषि तथा जीविकोपार्जन (Food, Agriculture and Livelihoods)

बिषयगत क्षेत्र खाद्यान्न,कृषि तथा जीविकोपार्जन

मुख्य विपद्को किसिम बाढी, पहिरो, भूकम्प, खडेरी, आगलागी, महामारी (कोरोना भाईरस) आदि ।

क्षेत्रगत अगुवा (Cluster Lead) कृषि ज्ञान केन्द्र र स्थानिय तह

### १२.५.१. खाद्यान्न, कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्रको परिचयः

विपद्को अवस्थामा जन, धन र संरचनामा व्यापक क्षति पुग्न गई जनजीवन अस्तव्यस्त हुने भएकाले विपद् प्रभावितहरु दैनिक उपभोगका लागि खाद्यान्न संकटमा पर्न जाने सम्भावना अधिक रहन्छ । यस अवस्थामा विपद् प्रभावितलाई नियमित र पर्याप्त खाद्यान्न उपलब्ध गराउने तथा जीविकोपार्जनका बैकल्पिक स्रोतहरुको समेत पहिचान र परिचालन गरी दिगो रुपमा व्यवस्थापन गर्ने प्रयोजनका लागि खरिद तथा उत्पादन, ढुवानी, भण्डारण, वितरणलगायतका समग्र व्यवस्थापकीय कामलाई खाद्यान्न, कृषि तथा जीविकोपार्जनको क्षेत्रको रुपमा लिइएको छ ।

### १२.५.२. विषयगत क्षेत्रका अगुवाको भूमिका

विपदको अवस्थामा जिल्लामा विपद् प्रभावितहरुको जीवन रक्षाका लागि आवश्यक खाद्यान्नको आँकलन गरी प्रभावितहरुलाई वितरण गर्न र कृषि लगायत जीविकोपार्जनका बैकल्पिक स्रोतहरुको पहिचान तथा परिचालन गरी दैनिकीलाई सहज बनाउनका लागि कृषि ज्ञान केन्द्रले सम्बन्धित स्थानीय तह तथा अन्य सरकारी कार्यालय वा संघसंस्थाहरुसँग समन्वय गरी आवश्यक कार्य अघि बढाउने छ ।

### १२.५.३. खाद्यान्न, कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजनाः

विगतका वर्षहरुमा घटेका विपद्जन्य घटनाका आधारमा यस जिल्लाका कुनै न कुनै स्थानीय तह वा समुदाय बाढी, पहिरो, महमारी, आगलागी र चट्याङ्गको घटनामा पर्न सक्छन यस्तै, विशेषगरी महिला, बालबालिका, बृद्ध—बृद्धा र फरक प्रकारले सक्षम मानिस (अपाङ्ग) हरू बाढीबाट प्रभावित हुन्छन्। बस्ती डुबानमा परेर आवासीय घरहरू क्षतिग्रस्त हुन सक्नेछन्। यस अवस्थामा नागरिहरुसँग उपलब्ध खाद्य भण्डार नष्ट हुन जानाले मानिहरुलाई दाल, चामल, नून, तेल, चिनी लगायत खाद्य सामग्रीको अभाव हुन गई जनजीवन कष्टकर हुन सक्नेछ । कृषिक्षेत्रमा नकारात्मक असर पर्न गई जीविकोपार्जनमा असर पार्दछ ।

१. परिवारको खाद्य आपूर्तिमा कमी, खाद्यान्न प्रतिको घट्दो पहुँच, विस्थापन तथा विद्यालयमा खुवाउने कार्यक्रम जस्ता अन्य खाद्यान्न सम्बन्धी कार्यक्रममा अवरोध भएको कारणले गर्दा अस्थायी रूपमा तीव्र खाद्य असुरक्षा ।
२. सम्पत्तिमा क्षति, जीविकोपार्जनमा क्षति, बालीको नोक्सान, पशुधनको क्षति, सामना गर्ने रणनीति (coping strategy) मा बाधाका कारणहरूले गर्दा मध्यम अवधिको तीव्र खाद्य असुरक्षा ।

### १२.५.४. खाद्यान्न, कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्रको उद्धेश्यः

यस विषयगत क्षेत्रको समष्टिगत उदेश्यको रुपमा विपदबाट प्रभावित खाद्यान्न अभावबाट हुनसक्ने पोषणको कमी, संभावित रोगका संक्रमण तथा शारिरिक र मानसिक विकासको अवरोध कम गरी मानवीय जीवनको रक्षा गर्नु रहेको छ ।

३. जीवन जीउनका निमित्त विपद् प्रभावित व्यक्तिहरुलाई आवश्यक २,१०० किलो क्यालोरी (प्रति व्यक्ति/दिन)
४. शक्ति सहितको खाना प्रभावित समुदायको धर्म, संस्कृति र विशेष आवश्यकता परिस्थितीका आधारमा उपलब्ध गराउने ।
५. जोखिममा परेका विपद प्रभावितहरुको खाद्यान्नमा पहुंच तथा उपलब्धता बढाई अभाव तथा कमीबाट सृजना हुन सक्ने शारिरिक तथा मानसिक अस्वस्थताको जोखिम कम गर्ने ।

६. विपद्ले नोक्सान पुर्‍याए पश्चात खेती प्रणालीमा सुधार ल्याउन मौसम अनुसारको बैकल्पिक बाली लगाई जग्गामा (सिंचाईको भौतिक पूर्वाधार भएको क्षेत्रफलमा) उत्पादनको दिगोपना कायम गर्ने ।

७. पारिवारिक स्रोतहहरूलाई पुनर्लाभ (Recovery)तथा दीर्घकालीन विकासमा लगानी गर्न दिनका लागि सक्षम पार्न मानिसहरूलाई अल्पकालीन रूपमा अम्दानीको स्थानान्तरण अथवा प्रतिस्थापन गने अवसर प्रदान गर्ने ।

## १२.५.५. खाद्यान्न, कृषि तथा जीविकोपार्जन विषयगत क्षेत्रको विपद् प्रतिकार्य योजनाः

| विपद पश्चात को अवधि | विपदको अवस्थामा गरिने आपतकालीन कार्य (विपदको प्रकृतिमा आधारीत) | सँबोधन गर्न गरिने पूर्वतयारी कार्य | सहयोगी निकायहरु |
|---|---|---|---|
| ०-१ घण्टा | • विपद प्रतिकार्यमा परिचालन हुने स्वयमसेवक तथा कर्मचारीहरुलाइ सँचार गर्ने । | • विषयगत क्षेत्रको बैठक<br>• समबन्धित निकायसँग सम्पर्क सम्न्वय ।<br>• तत्काल बजारमा उपलब्ध खाधान्नको अवस्था तथ्याङक लिने<br>• सुचना सँप्रेषणको लागी मुख्य जिम्मेवार व्यक्ति निर्धारण गर्ने । | वडा कार्यालय |
| १-७ घण्टा | • विपद परेका घरधुरी तथा जनसँख्या पहिचान र प्रारम्भिक सुचना/तथ्याङक सँकलन ।<br>• खाधान्न आभाव र कालोबजारी हुन नदिने। | • स्थानीयरुपमा सुख्खा खानाको प्याकेजिङ गर्ने ।<br>• खाध सामग्रीको परिमाण एकिन गर्ने र वितरणको लागी तयारी अवस्थामा रहने ।<br>• वितरण टोली तयारी अवस्थामा राख्ने । | स्थानीय विपद व्यवस्थापन समिति,उपभोत्ता हित सँरक्षण समिति |
| ७-२४ घण्टा | • तथ्याङक सँकलन तथा अध्यावधिक गर्ने कार्य र समन्वय (निरन्तर)<br>• प्रारम्भिक द्रुत सर्वेक्षण सम्पन्न गर्ने ।<br>• सुख्खा खाना वितरण<br>• पकाएर खाने खाधन्न सामग्रीहरुको प्याकेजिङ तथा वितरण । | • पौष्टिक आहारहरुको प्याकेजिङ र भण्डारण गर्ने ।<br>• अन्य निकाय तथा समितिसँग समन्वय गर्ने । | स्वास्थ्य स्वयमसेवक,घरेलु तथा साना उधोग कार्यालय |
| २४-७२ घण्टा | • तथ्याङक सँकलन तथा अध्यावधिक गर्ने कार्य र समन्वय (निरन्तर)<br>• खाघ सुरक्षा क्षेत्रगत समितिको बैठक गरी तत्काली अवस्थाको विश्लेषण गर्ने र आवश्यक्ता पहिचान गर्ने । | • खाद्यान्न लगायतका सामग्रीहरुको सँकलन गरी राख्ने ।<br>• अनुमानित सँख्यामातयारी खाधबस्तु सँभावीत प्रभावीत समुदायमा पूर्वतयारी स्वरुप मौज्दात गर्ने ।<br>• उपयुक्त यातायात तथा सँचारका साधानहरुको व्यवस्था । | वडा कार्यालय ,स्थानीय व्यापारीहरु |

| | | | |
|---|---|---|---|
| | • अन्य निकाय तथा समितिसँग समन्वय गर्ने ।<br>• प्राप्त सुचनाको विश्लेषण एवं तयारी खाधवस्तु व्यवस्थापन र वितरण । | | |
| १ हप्ताभित्र | • तथ्याङ्क सँकलन तथा अध्यावधिक गर्न क्षेत्र सदस्यहरुको बैठक गर्ने,आवश्यकता अनुसार सुचना सँप्रेषण गर्ने ।<br>• पकाएर खाने खाधन्न सामग्रीहरुको प्याकेजिङ तथा वितरण कार्यलाइ निरन्तरता दिने ।<br>• परिवर्तित अवस्थाको अधावधिक गर्न क्षेत्र सदस्यहरुको बैठक गर्ने,आवश्यकता अनुसार सुचना सँप्रेषण र स्रोतको व्यवस्था गर्ने ।<br>• खाध सामग्री वितरण र उपभोग गरेको सुचिश्चिताको लागी अनुगमन । | • पकाएर खाने खाद्यान्न सामग्रीहरुको प्याकेजिङ तथा वितरण कार्यलाइ निरन्तरता दिने ।<br>• खाधन्न लगायतका सामग्रीहरु सँकलन गरी राख्ने । | वडा स्तरीय विपद व्यवस्थापन समिति तथा कार्यदल सदस्यहरु |
| **१ महिना सम्म** | • कृषि क्षेत्रमा परेको असरको बारेमा लेखाजोखा गर्ने,तथ्याङ्क तयार गरी प्रतिवेदन तयार गर्ने ।<br>• खाधन्न वितरणको समिक्षा बैठक रु अवस्थाको अधावधि ।<br>• सबै सरोकारवालाहरुलाइ प्रतिवेदा संप्रेषण । | • बजार सर्वेक्षण गर्ने र सामग्री उपलब्धताको लागी सम्झौता गर्ने ।<br>• पुनर्स्थापनका लागी पहल गर्ने । | स्थानीय तह,कृषि शाखा ,कृषि ज्ञान केन्द्र,प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना |

### १२.६. आपत्कालीन संरक्षण

बिषयगत क्षेत्र आपतकालीन संरक्षण

मुख्य विपद्को किसिम बाढी, पहिरो, भूकम्प, खडेरी, आगलागी, महामारी

क्षेत्रगत अगुवा स्थानीय तह (महिला तथा बालवालिका शाखा)

#### १२.६.१. आपत्कालीन संरक्षण विषयगत क्षेत्रको परिचय

विपद्को अवस्थामा जन, धन र संरचनामा व्यापक क्षति पुग्न गई जनजीवन अस्तव्यस्त हुने भएकाले विपद् प्रभावित समुदायमा सुत्केरी, महिला, वृद्धवृद्धा, बालबालिका, दलितलगायतका प्राथमिकतापूर्ण वर्गहरुमाथि यौन, शारीरिक लगायतका विभिन्न शोषणहरु

हुनसक्ने भएको संरक्षणको खाँचो रहन्छ । यस्ता प्राथमिकताप्राप्त वर्गहरुलाई विपद्को समयमा संरक्षण दिने व्यवस्थापकीय कामलाई संरक्षण भनिन्छ ।

### १२.६.२. विषयक्षेत्रका अगुवाको भूमिका

विपदको अवस्थामा बालबालिका, वृद्धवृद्धा, महिला, अशक्त, अपांग व्यक्तिहरुलाई आवश्यक संरक्षणको सुनिश्चितता प्रदान गरी उनीहरुको आधारभूत मानव अधिकारको सम्मान गर्न महिला तथा बालबालिका कार्यालयले सम्बन्धित कार्यालय तथा संघसंस्थाहरुसँग समन्वय गरी आवश्यक कार्य अघि बढाउने छ ।

### १२.६.३. आपत्कालीन संरक्षण विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजनाः

विगतका वर्षहरुमा घटेका विपद्जन्य घटनाका आधारमा यस जिल्लाका कुनै न कुनै स्थान वा समुदाय बाढी, पहिरो, महमारी, आगलागी र चटयाङ्गको घटनामा पर्न सक्छन। उपरोक्त विश्लेषण अनुसार विभिन्न प्रकोप तथा विपद्का कारण जनधनको क्षति तथा प्रभावित हुन सक्ने देखिन्छ । यस्तै, विशेषगरी महिला, बालबालिका, बृद्ध—बृद्धा र अपाङ्गहरू बढीबाट प्रभावित हुन सक्नेछन्र उद्धारको लागि आग्रह गरिरहेको हुनेछ । विपदको प्रकृति र अवस्था अनुसार प्रभावितहरु फरक देखिएता पनि सामान्य अवस्थामा विशेषगरी गर्भवती, सुत्केरी महिलाहरु, अपांगता भएका व्यक्तिहरु, ५ वर्ष मुनि र किशोर अवस्थाका बालबालिकाहरु, एकल महिलाहरु ज्येष्ठ नागरिकहरुलाई बढी संरक्षण तथा सहयोगको आवश्यकता हुन्छ । विपद्को अवस्थामा निम्न किसिमको अनुमानित समस्याहरु सृजना हुन सक्नेछन्ः

१. पारिवारिक विछोड ।
२. शारिरीक, मानसिक तथा लैंगिक हिंसामा वृद्धि ।
३. बालबालिकाहरुमा अभिभावक विहिनता ।
४. शान्ति सुरक्षाको अभाव तथा मानव अधिकारको उल्लंघन ।
५. महिला, बालबालिकामा यौन शोषण तथा बाल श्रम शोषणमा वृद्धि ।
६. मानव बेचबिखन तथा ओसारपसारको जोखिममा वृद्धि ।
७. घाइते हुनु, मृत्यु हुने।
८. मनोसामाजिक समस्यामा वृद्धि ।
९. सरुवा रोग तथा महामारीको जोखमतामा वृद्धि ।
१०. विद्यालय बन्द हुने भएकोले शिक्षाको अवसरबाट बञ्चित ।
११. गर्भवती तथा सुत्केरीहरुलाई सुरक्षित आवासको कमी ।
१२. किशोरी तथा महिलाको प्रजनन्स्वास्थ्यमा नकारात्मक असर ।
१३. एकल तथा ज्येष्ठ नागरिकमा हेरचाहको समस्या ।

### १२.६.४. विपद् अवस्थामा आधारित विषयगत उद्देश्यः

१. महिला तथा बालबालिका लगायत जोखिममा परेका समूहलाई हिंसा, मानसिक तनाव, शोषण, दुव्र्यवहार, भेदभावबाट मुक्त राखी सुरक्षाको प्रत्याभूति दिनु यस क्षेत्रको उद्देश्य रहेको छ ।
२. विपद पश्चात तत्कालै जोखिममा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरुको तथ्यांक संकलन गरी अवस्था र आवश्यकता विश्लेषण गर्ने ।

३. प्राकृतिक विपदको अवस्थामा जोखिममा परेका समूह, वर्गलाई हिंसा, शोषण, दुव्र्यवहार तथा हेलाबाट मुक्त राखी सुरक्षाको प्रत्याभुति दिनु ।

४. पारिवारिक विछोड भएकाहरुको तत्कालीन संरक्षण तथा पारिवारिक पुनर्मिलन गराउनु ।

५. जोखिममा रहेको समूहहरुलाई आपतकालीन सहयोगको न्यायोचित वितरणमा सहयोग गर्ने ।

६. बालमैत्री, अपांगमैत्री तथा महिला मैत्री स्थलको सञ्चालन, संरचना निर्माण तथा मनोसामाजिक परामर्श सेवा प्रवाह गर्ने ।

७. सुरक्षित सुत्केरी गृहको व्यवस्थापन सहजीकरण गर्ने ।

८. महिला र बालबालिकामा हुन सक्ने सम्भाभित जोखिमहरु (यौन शोषण, श्रम शोषण र बेचबिखन) विरुद्ध सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

**१२.६.५. आपत्कालीन संरक्षण विषयगत क्षेत्रको विपद् प्रतिकार्य तथा पूर्वतयारी योजनाः**

| विपद पश्चातको अवधि | विपदको अवस्थामा गरिने आपतकालीन कार्य(विपदको प्रकृतिमा आधारीत) | सँबोधन गर्न गरिने पूर्वतयारी कार्य | सहयोगी निकायहरु |
|---|---|---|---|
| ०-१ घण्टा | • स्थानीय स्तरमा रहेको सम्पर्क निकाय/संयन्त्र/व्यक्तिहरुद्वारा सम्बन्धित सबै मुख्य निकायहरुमा सुचना दिने | • जिल्ला स्तरका सरोकारवाला ह्रुलाइ स्थानीय स्तरका सम्पर्क व्यक्तिहरुको र स्थानीय स्तरका सम्पर्क व्यक्तिहरुलाइ सम्पर्क गर्न सहज हुनेगरी सम्पर्क नँ ह्रु उपलब्ध गराउने व्यवस्था मिलाउने | ▪ LEOC,DEOC |
| १-७ घण्टा | • सुरक्षीत आश्रय स्थलको सुनिश्चिततामा सहयोग ।<br>• सुचना सँकलन,अनुगमनकर्ता र निगरानीकर्ताको उपस्थिति रु कार्यारम्भ गर्ने ।<br>• जिल्ला भित्र विपदको समयमा घटन सक्ने अपराधिक क्रियाकिलाप नियन्त्रन गर्ने । | • जिल्ला विपद व्यवस्थापन समितिबाट पहिचान गरिएका सुरक्षित मार्ग,स्थान,आश्रय स्थल र योजनाको जानकारी ।<br>• सामाजीक अपराध न्युनिकरण सम्बन्धि अन्तरकिया तथा अभिमुखिकरण । | वडा स्तरीय विपद व्यवस्थापन समिति,सुरक्षा निकायहरु |
| ७-२४ घण्टा | • स्थानीय महिला सहकारी सँस्थाहरु,गाउ बाल सँरक्षण समितिहरु,निगराणी समूहहरु र बाल क्लबहरु परिचालन गरी सँकटाभिमुख सुमहहरु ( सुतकेरी,गर्भवती र अन्य महिला,परविारबाट बिछोड भएका तथा अन्य बालबालिका ,बृद्धबृद्धा,फरक क्षमता भएका व्यक्ति, प्कोप प्रभावीत व्यक्ति | • स्थानीय स्तरमा सहयोगको लागी परिचालन हुने सबै निकाय एबं संयन्त्रहरुमा द्रुत सर्वेक्षण फाराम तयार गरी विपद पहिला नै उपलब्ध गराइ राख्ने ।<br>• संभाब्य प्रभावीत स्थानहरुमा स्थानीय स्तरमा पहिचान गरिएका संरक्षणमा भुमिका निर्वाह गर्ने महिला संस्था,गाउँ | स्थानीय विपद व्यवस्थापन समिति |

| | | | |
|---|---|---|---|
| | तथा अवस्थाको पहिचान गरी सम्बन्धित सबै सम्पर्क निकायहरुमा अनवश्यक सहयोगको लागी सिफारिस गर्ने । | बाल संरक्षण समितिहरु,निगरानी समूह,सरोकारवाला निकायहरुलाइ तयारी अवस्थामा राख्ने ।<br>● महिला समुहहरुलाइ विपद सम्बन्धि अभिमुखीकरण गर्ने । | |
| २४-७२ घण्टा | ● हिंशा दुर्व्यवहारबाट संरक्षणको लागी नियमीत रुपमा टोली वा व्यक्ति परिचालन गर्ने ।<br>● मनोसामाजिक परामर्शकर्ताहरु परचिालन गर्ने<br>● हिशांमा परेका महिलाहरुलाइ अल्पकालीक आश्रय र आवश्यकता अनुसार कानुनी सहायता प्रदान गर्ने । | ● मनोसामाजिक परामर्श कर्ताहरुको नक्शाङकन ।<br>● प्रभावितहरु सेल्टारमा बस्नुपर्ने अवधिभर दैनीक आलोपालो गरी खटिने स्वयमसेवकको व्यवस्था । | गै.स.स |
| १ हप्ताभित्र | ● महिला,बालबालिका,फरक क्षमता भएका व्यक्तिहरु र ज्येष्ठ नागरीकहरुका विशिष्ठ र अत्यावश्यक आवश्यक्ता सम्बोधन भए/नभएको अनुगमन गरी आवश्यक सल्लाह ,सुझाव र वितरण कार्यमा सहयोगको लागी सम्बन्धित अन्य कलस्टरहरुसँग समन्वयगरी अत्यावश्यक बस्तु एवं सेवा उपलब्धताको व्यवस्था मिलाउने ।(जस्तै-शिशु,सुतकेरी आमा,गर्भवती,महिनावारी हुने महिला,नियमित औषधी सेवन गर्नुपर्ने अवस्थाका जेष्ठ नागरीकहरुलाइ आवश्यक राहात सामग्री प्याकेजमा वितरण ) | ● अनुमानित सम्भावीत सँख्यामा फरक क्षमता भएका व्यक्तिलाइ चाहिने सहायक सामग्रीहरु खरीद वा प्राप्त गरी भण्डारण गरी राख्ने । | स्थानीय विपद व्यवस्थापन समिति ,गै स स ,सुरक्षा निकाय |
| १ महिनासम्म | ● बालमैत्री सुरक्षीत स्थल निर्माण र उपयोग गराउने ।<br>● कानुनी तथा मनोसामाजिक सेवामा निरन्तरताको साथै विशेष प्रकृतिका मुद्धाहरुलाइ जिल्ला सेवा केन्द्र तथा सम्बन्धित निकायहरुमा रिफर गर्ने ।<br>● अस्थाइ आवाशमा सम्भावीत हिंसा बिरुद्ध सचेतना कार्यक्रम संचालन गर्ने । | ● सरोकारवाला निकायहरुबिच कार्यक्षेत्र र जिम्मेवारी वाडफाड ।<br>● मनोसामाजीक परामर्श कर्ताहरुलाइ अभिमुखीकरण ।<br>● आकस्मिक सहयोगकोषस्थापना गर्ने । | स्थानीय विपद व्यवस्थापन समिति,गै स स, सुरक्षा निकाय |

| | | | |
|---|---|---|---|
| | • घरमुली गुमाएका महिलाहरुलाइ जिविकाको लागी नया विकल्पहरु उपलब्ध गराउने ।<br>• विपदबाट प्रभावीतहरुको अभिलेख राख्ने ।<br>• नियमित बैठकहरु र समिक्षा गर्ने ।<br>• अनुगमन तथा प्रतिवेदन तयार पार्ने । | | |

## १२.७. खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन(Water and Sanitation Hygiene-WASH)

बिषयगत क्षेत्र खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन

मुख्य विपद्को किसिम बाढी, पहिरो, भूकम्प, खडेरी, आगलागी, महामारी

क्षेत्रगत अगुवा(Cluster Lead) खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र नगरपालिका/गाउँपालिका

### १२.७.१. खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन विषयगत क्षेत्रको परिचयः

विपद्को अवस्थामा जन, धन र संरचनामा व्यापक क्षति पुग्न गई जनजीवन अस्तव्यस्त हुने भएकाले विपद् प्रभावित समुदायमा खानेपानी, सरसफाईको संरचना भंग भई खानेपानीको अभाव हुने, सरफाइको अवस्था खराब हुन गई महामारी रोग निम्तिन सक्ने सम्भावना अधिक रहन्छ । सम्भावित यस परिस्थितिलाई संवोधन गर्न यस्तो अवस्थामा विपतप्रभावित व्यक्तिहरुलाई समुदाय र आश्रयस्थलमा खानेपानी र सरसफाइको व्यवस्था गर्ने क्षेत्रलाई खानेपानी तथा सरसफाइ स्वच्छता व्यवस्थापन भनिन्छ ।

### १२.७.२. विषयगत क्षेत्रका अगुवा भूमिका

विपदको अवस्थामा प्रभावित स्थलमा खानेपानी, सरसफाई तथा स्वास्थ्य सेवा सम्बन्धि प्रबन्ध मिलाउन खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले सम्बन्धित कार्यालय तथा संघसंस्थाहरुसँग समन्वय गरी आवश्यक कार्य अघि बढाउनेछ

### १२.७.३. विपद् अवस्था तथा मान्यता योजना

विगतका वर्षहरुमा घटेका विपद्जन्य घटनाका आधारमा यस जिल्लाका कुनै न कुनै स्थान वा समुदाय बाढी तथा पहिरो, आगलागी, महामारीको चपेटामा पर्नेछन्। उपरोक्त विश्लेषण अनुसार बाढी, पहिरो, आगलागी, महामारी, भूकम्प जस्ता प्रकोप तथा विपद्का कारण जनधनको क्षति तथा प्रभावित हुन सक्ने देखिन्छ । यस्तै, विशेषगरी महिला, बालबालिका, वृद्ध—वृद्धा र फरक प्रकारले सक्षम मानिस (अपाङ्ग) हरू बाढीबाट प्रभावित हुन सक्नेछन्र उद्धारको लागि आग्रह गरिरहेको दृश्य देखिन सकिनेछ । बस्ती डुबानमा परेर आवासीय घरहरू क्षतिग्रस्त हुन सक्नेछन् । खानेपानीका मुहान, पाइप, धाराहरु क्षतिग्रस्त भएका हुन सक्नेछन्तथा प्रदूषित पानीका कारण पानीजन्य रोगले महामारी निमत्याउन सक्ने खतरा विद्यमान रहनेछन्।

1 खानेपानीका धारा प्रदूषित भएका हुनेछन्।
2 व्यक्तिगत तथा सार्वजनिक चर्पीहरू विपद्ले क्षतिग्रस्त हुनेछन्र फोहोर सर्वत्र फैलिएको अवस्था हुनेछ ।
3 पिउने पानीका मुहान र स्रोतहरू प्रदूषित हुनेछन्।
4 सरसफाइको अभावले पानीजन्य सरुवा रोग फैलिएर महामारीजन्य प्रकोप बढेर थप विपद् उतपन्न हुने

5 सम्भावना प्रबल रहनेछ

१२.७.४. **खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन विषयगत क्षेत्रको उद्देश्य**

1. विपद्को कारण समुदायमा प्रदूषित खानेपानी तथा अव्यवस्थित सरसफाईका कारण प्रभावित मानिसहरूमा संक्रामक रोगहरू फैलन नदिन सुरक्षित पिउने पानी र स्वास्थ्य सरसफाइको उचित व्यवस्था गर्ने ।
2. विस्थापित समुदायका लागि खास गरी शिविरमा बस्ने मानिसहरूका लागि सुरक्षित खानेपानी, स्वास्थ्य, शिक्षा तथा अस्थायी रूपमा सरसफाइ एवं नुहाउने सुविधाहरूमा पहुँच उपलब्ध छ भन्ने कुरा सुनिश्चित गर्ने ।
3. विस्थापित मानिसहरूलाई आधारभूत स्वास्थ्य सम्बन्धी सामग्री उपलब्ध गराइएको छ र खानेपानी, सरसफाइ तथा स्वच्छतासँग सम्बन्धित व्यवहारिक प्रचलनहरूका वारेमा उचित रूपमा जानकारी उपलब्ध गराइएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
4. सम्पूर्ण उपकरण तथा सुविधा उपलब्ध गराइएका छन्र विस्थापित मानिसहरू बस्ने शिविरहरूमा सुग्घरसफा— (Cleanliness) कायम गर्न तिनको सशक्तीकरण गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

## खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन क्षेत्रमा मानवीय सहयोगका न्यूनतम मापदण्डः

"खानेपानी तथा सरसफाई सम्बन्धी Sphere Standards अनुसार"

## सुरक्षित पानी

पिउने पानी ५ लिटर प्रतिव्यक्ति प्रतिदिन, अन्य कामका लागि १५ लिटर प्रतिव्यक्ति प्रतिदिन गरि जम्मा २० लिटर प्रतिव्यक्ति प्रतिदिन, पानी संकलन गर्न जाने स्थान ५०० मिटर भन्दा ठाढा हुन नहुने र पानी ल्याउन ३० मिनेटभन्दा बढि समय नलाग्ने, पानी भर्न र भण्डारण गर्नको लागि प्रतिपरिवार २ वटा वाल्टिन उपलव्ध गराउने । सार्वजनिक धारामा प्रतिधारा ०२ लिटर प्रतिसेकेण्ड प्रति २० परिवारको लागि पानी उपलब्ध. गराउने ।

## चर्पी

- विपदको समयमा पनि सफा र स्वच्छ रहनकोलागि शरिरबाट निस्कने फोहरलाई सुरक्षित विसर्जन गरिने व्यवस्था मिलाउने
- १ चर्पी प्रति १० देखि १५ व्यक्ति, १ चर्पी प्रति ५ जना फरक क्षमता भएका व्यक्ति
- यी पूर्वाधार तयार गर्दा खानेपानीका श्रोतहरु प्रदुषित नहुने गरि गर्नुपर्ने र महिला, बालबालिका तथा फरक क्षमता भएकाहरुलाई सहज हुने गरि गरिनु पर्नेछ ।

### नुहाउने स्थान

- विपद आइलागेको पहिलो ३ दिन २० महिलाका लागि १ स्नान गृह तयार गर्ने, त्यसपछि २० जनाको लागि १ स्नान गृह तयार गर्ने ।

### हाइजिन किट

- १ सेट प्रति परिवार
- प्रत्येक चर्पीमा साबुन, हार्पिक, ब्रस, फिनेल, वाल्टिन र मग राख्ने ।
- प्रतिव्यक्ति प्रतिमहिना २५० ग्राम नुहाउने र २०० ग्राम कपडा धुने साबुन उपलव्ध गराउने ।
- ठोस फोहोर व्यवस्थापनको लागि प्रति १० घरको लागि १०० लिटर क्षमताको १ कन्टेनर १०० मिटर भित्रको दूरीमा राख्ने ।Sphere तथा आधारभूत मानवीय सहायता मापदण्ड बमोजिमका सामग्रीहरु व्यवस्था गर्ने ।

### १२.७.५. खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन क्षेत्रको विपद् प्रतिकार्य योजनाः

| विपद् पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य बिपद्को) (प्रकृतिमा आधारित | संबोधन गर्न गरिने पूर्वतयारी कार्य | सहयोगी निकायहरु |
|---|---|---|---|
| घण्टा 24-0 | • जिल्ला खानेपानी सरसफाई तथा , स्वच्छता समन्वय समितिको आकस्मिक बैठक बस्ने ।<br>• क्षतिको आकलन गर्न टोली परिचालन गर्ने ।<br>• क्षेत्रगत सदस्यहरुको बैठक राख्ने र अवस्थाको बारेमा छलफल र गरिनु पर्ने प्रतिकार्यको तयारी ।<br>• तयार पारेको लेखाजोखा सम्बन्धी औजारहरुको प्रयोग गरी द्रुत लेखाजोखा सञ्चालन गर्नको लागि क्षेत्रगत सदस्यहरु परिचालन । | • क्षति आकलन टोली को निर्माण गर्ने र टोलीको कार्य सूची निर्माण गर्ने।<br>• वर्षाको समयमा एफ एमबाट. जानकारीमूलक सन्देसहरुको प्रसारण गर्ने<br>• सामाग्रीहरु उपलब्ध गराउने निकाय एवं संगठनहरुको अग्रिम पहिचान गर्ने ।<br>• विपद्कव समयमा हुनसक्ने खानेपानी आयोजनाहरुको क्षतिलाई न्यून गर्न ग्याविन स्ट्रकर्चर ,हुकिङ्ग , वृक्षारोपण ,केबुलकसिङ आदि गर्ने । | जिल्ला प्रशासन कार्यालय स्थानीय , विपद् व्यवस्थापन स्वाथ्य,समिति सवयमसेवकहरु |
| 72 देखि 24 घण्टा | • द्रुत सर्वेक्षणको आधारमा प्रभावितहरुको आवश्यकता पहिचान गर्ने ।<br>• पानी शुद्धिकरण गर्ने औंषधी वितरण गर्ने।<br>• लेखाजोखाबाट प्राप्त भएका जानकारीको विश्लेषण तथा क्षेत्रगत समूह )ClusterGroup) ले अनुमोदन गर्ने गरी प्रारम्भिक सहयोगको योजना सहित परिस्थितिको प्रतिवेदन तयार पार्ने। | • पानी शुद्धिकरण गर्ने सामाग्रीहरुको व्यवस्थापन गर्ने ।जस्तै -: वाटरगार्ड,एक्वाटयाव्स,पियूस । | जिल्ला विपद् व्यवस्थापन समिति , वडा स्तरीइ विपद् व्यवस्थापन .स.स.गै,समिति |
| 7 देखि 72 दिनभित्र | • आश्रय स्थलहरुमा अस्थायी चर्पी र खानेपानीको धारा निर्माण गर्ने ।<br>• खानेपानी तथा सरसफाई सम्बन्धी सन्देशहरु स्थानीय सञ्चार माध्यममा प्रसारण गर्ने । | • चर्पी निर्माणका लागि आवश्यक सामाग्रीहरु , ,गोदाममा व्यवस्थित गर्ने सचेतना सामाग्रीहरु तयारी अवस्थामा राख्ने । | खानेपानी डिभिजन कार्यालय नेपाल , ,पत्रकार महासंघ जलस्रोत तथा सिचाई |

| | | | |
|---|---|---|---|
| | • खानेपानी श्रोत क्षति भएका स्थानमा दमकल मार्फत पानी उपलब्ध गराउने । | | विकास डिभिजन कार्यालय |
| महिनासम्म 1 | • वितरण गरिएको सामाग्रीहरु तथा सरसफाई को अवस्था बारे अनुगमन गर्ने । अपुग भएको सामाग्रीको उपलब्ध गराउने र वितरण गर्ने ।<br>• क्षतिग्रस्त खानेपानी तथा सरसफाई आयोजनाहरुको स्थलगत अध्ययन गरी जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस सहित सम्बन्धित कार्यालयमा पेश गर्ने । | • अनुगमन टोली गठन गर्ने र अनुगमन कार्य गर्ने ।<br>• खानेपानी सुरक्षा समितिलाई चुस्तद्रुस्त पार्ने ।<br>• खानेपानि आयोजना सम्बन्धी उपभोक्ता समितिलाई अभिमुखीकरण गर्ने । | स्थानीय तह |

## १२.८. पूर्वाधार संरक्षण, शीघ्र पुनर्लाभ र आपत्कालिन वन्दोवस्ती (Infrastructure Protection, Early recovery and Emergency Logistic)

बिषयगत क्षेत्र पूर्वाधार संरक्षण, शीघ्र पुनर्लाभ/पुनः स्थापना तथा बन्दोवस्ती

मुख्य विपद्को किसिम बाढी, पहिरो, भूकम्प, सुखाखडेरी, आगलागी, महामारी

क्षेत्रगत अगुवा (Cluster Lead) जिल्ला समन्वय समिति, शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयर नगरपालिका/गाउँपालिका ।

### १२.८.१. पूर्वाधार संरक्षण, शीघ्र पुनर्लाभ, आपतकालिन वन्दोवस्ती विषयगत क्षेत्रको परिचयः

विपद्को अवस्थामा जन, धनको क्षतिका अलावा व्यक्तिगत वा सामुदायिक तथा सार्वजनिक संरचनाहरु बिग्रने, भत्कने, टुट्ने जस्ता कार्यहरु हुन गई साथै वन्दोवस्तीका सामाग्रीहरु अपुग भै प्रभावित समुदायमा तत्काल खोज तथा उद्दार र राहत कार्यक्रम संचालन गर्नको लागि समेत विभिन्न खालका अवरोधहरु सिर्जना हुनसक्ने भएकोले तत्काल त्यस्ता कार्यहरुमा नियमितता प्रदान गर्नको लागि यो विषयगत क्षेत्रको आवश्यकता पर्दछ । विपद्को समयमा प्राथमिकता प्राप्त क्षेत्र तथा वर्गहरुलाई सुविधा दिनको लागि गरिने पूर्वाधार सम्बन्धी कार्य नै पूर्वाधार संरक्षण, शीघ्र पुनर्लाभ/आपतकालिन वन्दोवस्ती हो ।

### १२.८.२. विषयक्षेत्रका अगुवाको भूमिका

विपद्को समयमा क्षति भएका पूर्वाधार संरचनाहरु सुचारु गरी प्राथमिकता प्राप्त क्षेत्र तथा वर्गहरुलाई सुविधा दिनको लागि जिल्ला समन्वय समितिले शहरी विकास तथा भवन निर्माण कार्यालय तथा अन्य सम्बन्धित सरकारी कार्यालय तथा संघसंस्थाहरुसँग समन्वय गरी पूर्वाधार संरक्षण, शीघ्र पुनर्लाभ/पुनःस्थापना सम्बन्धि आवश्यक कार्य अघि बढाउने छ ।

### १२.८.३. विपद् अवस्थामा आधारित विषयगत उद्देश्यः

विपदवाट प्रभावित क्षेत्रका क्षतिग्रस्त स्थानहरु पहिचान गरी तत्काल मर्मत सम्भार गर्न र पुर्नस्थापनाका लागी दीर्घकालीन योजना निर्माण गरी प्रभावित व्यक्ति तथा परिवारलाई सहयोग सामग्री पुर्याउन यस क्षेत्रको उद्देश्य रहेको छ ।

१. क्षतिग्रस्त भौतिक पूर्वाधारका संरचनाहरु मर्मत संभार गर्ने ।
२. अवरुद्ध सेवा तत्कालका लागि बहाल गर्ने ।
३. खोज, उद्धार तथा राहत तथा प्रतिकार्यका क्रियाकलाप सम्पादन गर्न पहुँच सुधार गर्ने ।
४. प्रभावित समुदाय, व्यक्तिहरुको शीघ्र पुनर्लाभ योजना बनाउने।
५. आपतकालिन अवस्थाकालागि चाहिने वन्दोवस्तीका सामाग्रीहरु जस्तै गाडी, इन्धन, सवारी चालक, आदिको व्यवस्था गर्ने

### १२.८.४. पूर्वाधार संरक्षण, शीघ्र पुनर्लाभ र आपतकालिन वन्दोवस्ती विषयगत क्षेत्रको विपद् प्रतिकार्य तथा पूर्वतयारी योजनाः

| विपद्पश्चात को अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य विपद्को) (प्रकृतिमा आधारित | संबोधन गरिने पूर्वतयारी | सहयोगी निकायहरु |
|---|---|---|---|
| पहिलो दिनदेखि पहिलो हप्तासम्म | • गाउँपालिका तथा नगरपालिकाका कार्यकारी अधिकृत मार्फत घर , पशुहरुको,जग्गाजमिन क्षतिको प्रारम्भिक | • सम्पर्क सूची तयार गरी राख्ने । | जिल्ला समन्वय समिति जिल्ला , विपद् व्यवस्थापन |
| दोस्रो हप्ता | • बिस्तृत सर्वेक्षण पश्चात पूर्ण क्षति भएका र आंशिक क्षति भएका घरधुरीको जानकारी लिने ।<br>• सार्वजनिक सेवाहरु सु(यातायात,टेलिफोन,बिजुली) चारु गर्ने । | • घर क्षति भएकाहरुको लागि उपलब्ध राहतको मापदण्डबारे स्पष्ट हुने र सबैलाई जानकारी गराउने ।<br>• पुर्ननिर्माणका सामाग्रीहरु तयारी अवस्थामा राख्नेहयुम,गल,डोरी,गैटी,बेल्चा)पाइपइस्का,डोजर, ।(भेटर | स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र |
| पहिलो महिना | • क्षति भएका पूर्वाधारहरुको बिस्तृत विवरण तयार गर्ने ।<br>• छिटो उत्पादन हुने प्रजाजीका विउविजनहरु उपलब्ध गराउने।<br>• घरेलु कार्यालयसँग मिलेर आय आर्जन गर्न सकिने तालिमहरु दिने । | • प्रभावित स्थानको कृषी प्रणालीवारे जानकारी राख्ने र विउविजनहरु भण्डारण गरी राख्ने।<br>• पूर्वाधारको बिस्तृत विवरण तयार गर्न जिल्ला प्राविधिक कार्यालयको सहयोगमा प्राविधिकहरुको सम्पर्क सूची तयार गर्ने ।<br>• राजमार्ग तथा सहायक मार्ग हुलाकी सडक , जोखिमको सूची सम्बन्धीत सडककार्यालय र स्थानीय तहका प्राविधिकले तयार गर्ने । | DDMC,DEOC,DCC |

| | | | |
|---|---|---|---|
| दोस्रो र तेस्रो महिना | • मनोसामाजिक समस्या आउन नदिन कार्यक्रमहरु गर्ने ।<br>• उपलब्ध बजेटको आधारमा बिग्रेका भत्केका पूर्वाधारहरु , पुर्न निर्माण प्रक्रियालाई अगाडि बढाउने ।<br>पुर्ननिर्माण गर्दा विपद्को जोखिमलाई कमहुने प्रकारले दिगो र बलियो संरचना बनाउने ।<br>• विपद् प्रतिकार्यको प्रतिवेदन सबै सरोकारवालाहरुलाई सम्प्रेशन गर्ने ।<br>• न्याँ बस्ती निर्माणको लागि प्रक्रिया अगाडि बढाउने । | • पूननिर्माणका लागि जिल्ला समन्वय समिति गाउँपालिका नगरपालिकामा कोषको स्थापना, गर्ने ।<br>• प्राविधिक टोलीलाई स्थलगत अध्ययनका लागि अभिमुखिकरण तथा प्रभावित स्थानमा परिचालनका लागि तयारी गर्ने । | DDMC/DCC पूर्वाधार विकास कार्यालय , ,नापी शाखा मालपोत कार्यालय |

## १२.९. आपत्कालिन शिक्षा (Emergency Education)

| | |
|---|---|
| बिषयगत क्षेत्र | आपतकालिन शिक्षा |
| मुख्य विपद्को किसिम | बाढी, पहिरो, भूकम्प, महामारी (कोरोना भाईरस), आगलागी, चटयाङ्ग |
| क्षेत्रगत अगुवा (Cluster Lead) | शिक्षा विकास तथा समन्वय ईकाइ कार्यालय र स्थानीय तह |

### १२.९.१.आपतकालीन शिक्षा विषयगत क्षेत्रको परिचयः

विपद्को अवस्थामा जन, धन र संरचनामा व्यापक क्षति पुग्न गई जनजीवन अस्तव्यस्त हुने भएकाले विपद् प्रभावित समुदायमा शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाईको अवस्था बिग्रने सम्भावना अधिक रहन्छ । सम्भावित यस परिस्थितिलाई संवोधन गर्न यस्तो अवस्थामा विपत् प्रभावित समुदाय शिक्षा र शिक्षासँग सम्बन्धित विषयहरुको व्यवस्था गर्ने क्षेत्रलाई आपत्कालिन शिक्षा भनिन्छ । विपद्हरुबाट समेत शैक्षिक क्षेत्रमा नकारात्मक प्रभाव परिरहेकोले आगामी दिनमा यस्ता विपद्हरुबाट हुने क्षतीलाई व्यवस्थापन गर्दै विद्यालयहरु नियमित रुपमा सञ्चालन गरी बालवालिकाहरुको पढन पाउने अधिकारलाई सुनिश्चितता गर्नका लागि यो आपतकालिन प्रतिकार्य योजना तयार गरिएको हो ।

### १२.९.२.विषयगत क्षेत्रका अगुवा

विपदको अवस्थामा प्रभावित स्थलमा शिक्षाको सेवा सम्बन्धि प्रबन्ध मिलाउन शिक्षा विकास तथा समन्वय ईकाइ कार्यालय बाराले सम्बन्धित स्थानीय तह र अन्य सम्बन्धित सरकारी कार्यालय तथा गैर सरकारी संघसंस्थाहरुसँग समन्वय गरी आवश्यक कार्य अघि बढाउने छ ।

### १२.९.३.आपतकालीन शिक्षा विषयगत क्षेत्रको विपद् अवस्था तथा मान्यता योजनाः

विपद्समयरेखाको अध्ययनबाट जिल्लामा विभिन्न प्रकारका विपद्हरु (वि.सं. २०७२ बैशाख १२ गतेको भूकम्प तथा सोपछिका पराकम्पन) बाट जनधनको क्षति भएको छ । त्यसका अलवा हरेक वर्ष बाढी तथा पहिरो सिर्जित विपद् पटक—पटक

दोहोरिएको देखिन्छ । यस वर्ष त झन् कोभिड १९ कोरोना भाईरसको कारणले गर्दा सिर्जना भएको बन्दाबन्दी समेतले जिल्लाका आर्थिक, सामाजिक—साँस्कृतिक तथा मनोसामाजिक क्षेत्रमा समेत नकरात्मक असर परिरहेको छ । यस आधारमा जिल्लाका कुनै न कुनै स्थान वा समुदाय बाढी तथा पहिरो, आगलागी, महामारी, भुकम्प जस्ता प्रकोपहरुको चपेटामा पर्नेछन्। उपरोक्त विश्लेषण अनुसार विभिन्न माथि उल्लृखित प्रकोप तथा विपद्का कारण जनधनको क्षति तथा प्रभावित हुन सक्ने देखिन्छ । यस्तै, विशेषगरी शिक्षा र शिक्षासँग सम्बन्धित क्षेत्रहरु विपद्वाट प्रभावित हुन सक्नेछन्।

१. विद्यालय भवन अस्थायी वासस्थानका रुपमा प्रयोग हुने । क्वारेन्टिन तथा आइसोलेसनको रुपमा प्रयोग ।
२. विद्यालय भवन डुबान अथवा पहिरोमा पर्न सक्ने ।
३. विद्यालयमा रहेका शैक्षिक सामग्री नष्ट हुन सक्ने ।
४. अस्थायी शिविरहरुमा बालबालिकाहरु मानसिक शारीरिक रुपले प्रताडित हुन सक्ने ।
५. विद्यार्थीको घर डुबान तथा पहिरोमा पर्दा पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्री नष्ट हुनसक्ने ।
६. विपद्पश्चात झाडापखाला जस्ता महामारी हुनसक्ने र यस पूर्वका योजना प्रतिकार्यमा मात्र सिमित भएकोमा
७. यस योजनाले विपद न्यूनिकरणमा समेत ध्यान दिन खोजेको छ ।

### १२.९.४.विपद् अवस्थामा आधारित विषयगत उद्देश्यः

प्रकोप तथा विपद् प्रभावित बालबालिकाहरु र आश्रय दिएर बसेका समुदायको बालबालिकाहरुको शिक्षा प्राप्त गरि भविष्य निर्माण गर्ने अधिकार अस्थायी वा स्थायी आवास स्थलहरुमा अल्पकालीन वा दीर्घकालीन रुपमा औपचारिक वा अनौपचारिक रुपमा कक्षा संचालन गरि शिक्षा सेवालाई निरन्तरता दिनु नै यस विषयगत क्षेत्रको समष्टिगत उदेश्य हो । यसका अलवा,

१. विपद्वाट प्रभावित विद्यालय जाने उमेरका बालबालिकाहरू तथा शिक्षकहरूलाई गुणस्तरीय शिक्षाको व्यवश्था गर्ने ।
२. निरन्तरता सुनिश्चित गर्नका लागि र उनीहरूलाई सुरक्षित रूपमा सिकाउने एवं सिक्ने वातावरण उपलब्ध गराउन नेपाल सरकार तथा स्थानीय सरोकारवालाहरूलाई सहयोग उपलब्ध गराउने ।
३. प्रभावकारी आपत्कालीन पूर्वतयारी तथा सहयोगलाई सहजीकरण गर्नका निमित्त क्षेत्रगत समूहका सदस्यहरू (Cluster members) का बीचमा प्रभावकारी समन्वय, अनुगमन तथा सूचनाको आदानप्रदान सुनिश्चित — गर्ने
४. आपत्कालीन परिस्थितिमा पहिलो सहयोग उपलब्ध गराउने व्यक्तिका रूपमा सरोकारवालाहरूको क्षमता बढाउने
५. दुरत तथा चालू (Rapid and on-going) शिक्षाका लागि लेखाजोखा सञ्चालन गरिन्छ भन्ने कुरा सुनिश्चित गर्ने,
६. आपत्कालीन परिस्थितिमा रहेका बालबालिकाहरूको शिक्षाका निमित्त युनिसेफका प्रमुख प्रतिवद्धताहरू (UNICEF'sCore Commitments to Children in Emergencies for Education) का न्यूनतम मापदण्डबाट निर्देशित भएर उपयुक्त सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
७. आपत्कालीन परिस्थितिमा सहयोग उपलब्ध गराउनका लागि रणनीतिक साझेदारी तथा अन्य साझेदार/क्षेत्रहरू (Clusters) सँग सम्बन्धको स्थापना तथा त्यसलाई सुदृढ पार्ने ।

## १२.९.५.शिक्षामा मानवीय सहयोग सम्बन्धी न्यूनतम मापदण्डः

१. विपद् परेको पहिलो हप्ताभित्र शिक्षा सम्बन्धी सुविधा र शिक्षामा संलग्न व्यक्तिहरूका बारेमा द्रुत लेखाजोखा (Rapid Assessment) सञ्चालन गर्ने,
२. शिक्षा विकास तथा समन्वय कार्यालय, स्थानीय तह र स्थानीय क्षेत्रगत सदस्यहरू (Cluster Members) सँगको समन्वयमा तथा प्रभावित समुदायहरूसँगको परामर्शमा प्रभावित/आन्तरिक रूपमा विस्थापित बाल बालिकाहरूको शिक्षालाई जारी— राख्नका निमित्त तिनका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँपत्ता लगाउने ।

३. सम्भव भएसम्म यथाशक्य चाँडो अर्थात्सिद्धान्ततः पहिलो दुई हप्ताभित्र, न्यूनतम मापदण्डबमोजिम ६ देखि ८ हप्ताभित्र न्यूनतम पूर्वाधार सहित विद्यालय जाने बाल बालिकाहरूका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ—तथा स साना—बाल—बालिकाहरूका लागि सुरक्षित ठाउँ खडा गर्ने ।

४. विद्यालयहरू पुनः खुला गराएर र शिक्षण सिकाइका सामग्री उपलब्ध गराएर र अर्ध—संरचनागत—(Semistructured) मनोरञ्जनका सामग्रीको व्यवस्था मिलाएर अध्यापन कार्य जारी राख्ने र शिक्षक तथा विद्यार्थीहरूको पुनःएकीकरण प्रारम्भ गर्ने ।

५. विद्यालय बाहिर रहेका बाल बालिकाहरू अस्थायी रूपमा खडा गरिएका सिक्ने ठाउँमा भर्ना गरिएका छन्—अथवा तिनको शिक्षाका लागि वैकल्पिक व्यवस्था गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

६. पीडित बालबालिकाहरूका निमित्त नियमित शिक्षा प्रणालीमा क्रमशः तिनहरुलाई संलग्न गराउंदै लैजाने ।—

७. प्रभावित वालवालिकाहरूलाई वितरण गरिने आधारभूत शैक्षिक सहयोग सामग्री निम्नानुसार समावेस गरिएको हुनेछ ।

- स्कुल झोला थान १
- स्कुल पोशाक सेट १ , रुमाल र जुत्ता समेत प्रति विधार्थी
- कापी १ दर्जन (३० प्रति गोटा.रु)
- ज्योमेट्री बक्स थान १
- पेन्सील बट्टा १ (इरेजर र कटर सहित)
- टिफन वक्स
- एक प्याकेट वलपेन

## १३. सुरक्षा निकायको भूमिका तथा प्रतिकार्य कार्ययोजनाः

### १३.१. नेपाली सेना

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा |
|---|---|---|---|---|
| १ | देशका ७७ वटै जिल्लाहरूमा तैनाथ गणहरूबाट एक गुल्म तथा अनाश्रित गुल्महरूबाट एक से.मु. स्टयाण्डवाई फौज आधारभूत उद्धार सामग्रीसहित परिचालन गर्न तयारी हालतमा राख्ने । | नेपाली सेना | रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद् सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय | मनसुन अवधिभर |
| २ | सबै फर्मेशन हे.क्वा.हरूको जिम्मेवारी क्षेत्रमा मनसुनजन्य विपद् प्रतिकार्यको लागि आवश्यक इक्विपमेन्टसहित मातहतका फौज परिचालन गर्ने । | नेपाली सेना | रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद् सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय | मनसुन अवधिभर |
| ३ | खोज, उद्धार तथा राहत वितरण कार्य प्रभावकारी ढंगबाट संचालन गर्नको लागि सरोकारवाला निकायहरूसँग समन्वय गरी प्रदेश र जिल्लाहरूमा पूर्वतयारी तथा योजना | नेपाली सेना | रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद् सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय | वैशाख/जेठ |

| | | | | |
|---|---|---|---|---|
| | तर्जुमा गर्न र सामग्रीहरूको भण्डारणको व्यवस्था मिलाउने । | | | |
| ४ | विपद् व्यवस्थापनसँग आवद्ध विभिन्न सरोकारवाला निकायहरूसँग प्रत्यक्ष रूपमा कार्यशाला तथा अभ्यास मार्फत समन्वय, सहकार्य र सम्बन्ध विस्तारलाई निरन्तरता दिने । | नेपाली सेना | रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद् सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय | निरन्तर |
| ५ | सबै जिल्लाहरूमा विपद् प्रतिकार्य पूर्वतयारीको लागि सामुदायिक विपद् प्रतिकार्य तालिम र जनचेतनामूलक कक्षाहरू सञ्चालन गर्ने । | नेपाली सेना | रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद् सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय | वैशाख/जेठ, निरन्तर |
| ६ | मनसुनजन्य विपद्को समयमा प्रतिकार्यका लागि आवश्यक रबरबोट, OBM तथा आवश्यक सामग्रीहरू पूर्वतैनाथी (Pre-Positioning) गरी राख्ने । | नेपाली सेना | रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद् सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय | मनसुन अवधिभर |
| ७ | सैनिक इन्जिनियरिङ विभागबाट आवश्यक परेको परिस्थितिमा तुरुन्त परिचालन गर्न सक्ने गरी अपरेटरसहितको हेभी ईक्यूपमेन्ट र सवारी साधनहरू (उपलब्ध भएसम्म) तयारी हालतमा राख्ने । | नेपाली सेना | रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद् सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय | मनसुन अवधिभर |
| ८ | उपत्यकाभित्र वीरेन्द्र अस्पताल, उपत्यका बाहिरका सैनिक अस्पतालहरू क्रमशः नेपालगञ्ज, पोखरा र इटहरी, फिल्ड अस्पतालहरू क्रमशः बोराडाँडी, बुटवल र बर्दिबास तथा सबै फिल्ड एम्बुलेन्स गुल्महरूबाट Emergency Medical Response Team (EMRT) परिचालन हुने गरी आवश्यक जनशक्ति, उपकरण तथा औषधीसहित तयारी हालतमा राख्ने । | नेपाली सेना | रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद्सँग सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय | मनसुन अवधिभर |
| ९ | मनसुनको समयमा तत्काल उद्धार तथा राहत कार्य सञ्चालन गर्न मनसुन सुरु हुनुपूर्व देहायका हेलिकप्टरहरू निम्न स्थानहरूमा Pre-Positioning गर्नेः-<br>(क) कर्णाली प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशको लागि हेलिकप्टर-१ (एक) पश्चिम एयर बेश सुर्खेतमा। | नेपाली सेना | रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद्सँग सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय | मनसुन अवधिभर |

| | | | | |
|---|---|---|---|---|
| | (ख) बागमती प्रदेश र गण्डकी प्रदेशको लागि हेलिकप्टर-१ (एक) मध्य एयर बेश, काठमाडौंमा।<br>(ग) कोशी र मधेस प्रदेशको लागि हेलिकप्टर-१ (एक) श्री मध्य एयर बेश काठमाडौंमा।<br>(घ) विपद् प्रभावित स्थानको एयरपोर्ट सुचारु भएको अवस्थामा Fixed-Wing हवाई साधनमध्ये एयर बेश, काठमाडौंमा स्ट्याण्डबाई राख्ने। | | | |
| १० | विपद् व्यवस्थापन निर्देशनालय अन्तर्गत रहेका २ वटा विपद् व्यवस्थापन गणहरूबाट प्रत्येक प्रदेशमा आवश्यक उपकरणसहित तुरुन्त परिचालन हुन सक्ने गरी ८ वटै पृतनाहरूमा बाह्रै महिना रहने गरी Composite Search and Rescue Team को तैनाथ गर्ने। | नेपाली सेना | रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद्सँग सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय | निरन्तर |
| ११ | मनसुन अवधिमा प्राकृतिक जोखिमहरूको अनुगमन, विश्लेषण गरी सर्वसाधारण प्रयोगकर्ताहरूका लागि उपयुक्त हुने खालका जानकारीमूलक विपद् व्यवस्थापन सम्बन्धी सूचनाहरू सामाजिक सञ्जालमा राख्ने, सैनिक रेडियो कार्यक्रममा प्रसारण र सिपाही पत्रिकामा प्रकाशित गर्ने व्यवस्था मिलाउने। | नेपाली सेना | रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद्सँग सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय | मनसुन अवधिभर |
| १२ | आवश्यक परेको समयमा विभिन्न स्थानहरूमा पहिरो हटाउनको लागि तथा भत्किएका पुलहरूको स्थानमा एक्रोब्रिजहरू जडान गर्नको लागि आवश्यक फौज तथा उपकरणहरू तयारी हालतमा राख्ने। | नेपाली सेना | रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद्सँग सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय | मनसुन अवधिभर |
| १३ | Composite Quick Reaction Team (CQRT) लाई १५ मिनेटभित्र हवाई साधनद्वारा परिचालन गर्न सक्ने गरी गौचर ब्यारेक, काठमाडौंमा तयारी हालतमा राख्ने। | नेपाली सेना | रक्षा मन्त्रालय /गृह मन्त्रालय र विपद्सँग सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय | मनसुन अवधिभर |
| १४ | विपद्को समयमा माग भए बमोजिम खटिएका फौजहरूसँग निरन्तर मिलाप कायम गर्न आवश्यकता अनुसार मिलापका साधन तथा जनशक्ति व्यवस्था गर्ने। विपद् | नेपाली सेना | विपद् सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय | निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्थापन निर्देशनालयले केन्द्रीय तहमा NEOC सँग, पृतना हे.क्वा.ले प्रादेशिक तहमा PEOC सँग र गण/गुल्मले जिल्ला तहमा DEOC/LEOC सँग समन्वय गर्ने व्यवस्था मिलाउने । | | | |
| १५ | राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संशोधन २०७५) मा उल्लेख भए अनुसार आपत्कालीन प्रतिकार्यको अवधिमा संघ, प्रदेश तथा स्थानीय तहका आपत्कालीन कार्यसंचालन केन्द्रहरू (EOCs) ले आवश्यकता अनुसार मानवीय सहायता तथा विपद् प्रतिकार्य (HADR) का लागि खोज तथा उद्धार कमाण्ड पोष्ट स्थापना गर्ने र उक्त पोष्टको कमाण्ड र समन्वय नेपाली सेनाले गरी घटना स्थलमा घटना नियन्त्रण पद्धती Incident Command System (ICS) अनुसार कार्यसम्पादन गर्ने । | नेपाली सेना | विपद् सरोकारकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय | विपद् प्रतिकार्य अवधिभर |

## १३.२. नेपाल प्रहरी

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा |
|---|---|---|---|---|
| १ | सातवटै प्रदेश प्रहरी तथा काठमाडौं उपत्यका प्रहरी कार्यालय मातहत जिल्ला प्रहरी कार्यालयहरूमा Disaster Focal Person को रूपमा सिनियर प्रहरी अधिकृत तोक्ने । | नेपाल प्रहरी विपद् प्रतिकार्य तथा तालिम केन्द्र सामाखुसी, का.उ.प्र.का., सातवटै प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रहरी परिसरहरू, जि.प्र.का.हरू र गणहरू सबै | नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभाग | मनसुन सुरु हुनुपूर्व |
| २ | मनसुनजन्य विपद्लाई मध्यनजर गरी आफ्नो कार्यक्षेत्रभित्र पर्ने सम्भावित जोखिमयुक्त स्थानहरूको पूर्व घटनाहरूको विश्लेषण गरी सोही अनुसार जनशक्ति तथा उद्धार उपकरणहरू तयारी हालतमा राख्न सम्पूर्ण मातहत प्रहरी कार्यालयलाई निर्देश गर्ने । | नेपाल प्रहरी विपद् प्रतिकार्य तथा तालिम केन्द्र सामाखुसी, काठमाडौं उपत्यका प्रहरी कार्यालय, सातवटै प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रहरी परिसरहरू, सबै जि.प्र.का.हरू | नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभाग, सरोकार वाला अन्य सरकारी तथा गैर सरकारी निकायहरू | मनसुन सुरु हुनुपूर्व |

| | | | | |
|---|---|---|---|---|
| ३ | प्रकोपजन्य घटनाहरूको सूचना संकलन तथा उद्धार कार्यलाई छिटो छरितो बनाउन प्रदेशभित्र वडास्तरसम्मका निर्वाचित जनप्रतिनिधि लगायत सम्बन्धित व्यक्तिहरूको नाम, सम्पर्क नम्बर संकलन तथा अद्यावधिक गर्ने । | सबै परिसर, जि.प्र.का., व.प्र.का., इ.प्र.का. | ने.प्र.प्र.का नेपाल प्रहरी विपद् प्रतिकार्य तथा तालिम केन्द्र, काठमाडौं उपत्यका प्रहरी कार्यालय, सात वटै प्रदेश प्रहरी कार्यालय | मनसुन सुरु हुनुपूर्व |
| ४ | विपद्को समयमा विस्थापितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सकिने स्थानहरूको पहिचान गरी त्यस्ता स्थानहरूको अभिलेख र स्थानको क्षमता अद्यावधिक गर्ने । | सबै परिसर, जि.प्र.का.हरू | का.उ.प्र.का., सात वटै प्रदेश प्रहरी कार्यालय, ने.प्र.प्र.का नेपाल प्रहरी विपद् प्रतिकार्य तथा तालिम केन्द्र, प्रदेश विपद् व्यवस्थापन गुल्महरू, अन्य सरकारी निकायहरू | मनसुन सुरु हुनुपूर्व |
| ६ | विपद्को समयमा गरिने खोज तथा उद्धार, पुनःस्थापना एवं व्यवस्थापन कार्यलाई सहज तथा प्रभावकारी बनाउनका लागि जिल्लास्थित विपद् प्रतिकार्यसँग सम्बन्धित सरकारी तथा गैर सरकारी निकायहरू र सम्पर्क व्यक्तिको विवरण अद्यावधिक गर्ने । | सबै परिसर, जि.प्र.का.हरू | का.उ.प्र.का., सबै प्रदेश प्रहरी कार्यालय, ने.प्र.प्र.का नेपाल प्रहरी विपद् प्रतिकार्य तथा तालिम केन्द्र, प्रदेश विपद् व्यवस्थापन गुल्महरू, जिल्ला स्थित अन्य सरकारी निकायहरू | मनसुन सुरु हुनुपूर्व |
| ७ | प्रदेश अन्तर्गत यातायातको सहज पहुँच, सुरक्षा, विपद् प्रभावित इलाकाको नजिक हुनेगरी विपद् उद्धार तथा राहत सामग्री भण्डार गृह स्थापनामा सहयोग गर्ने र स्थापित भण्डार गृहहरूको विवरण राख्ने । | काठमाडौं उपत्यका प्रहरी कार्यालय, सबै प्रदेश प्रहरी कार्यालय, सबै परिसर, सबै जि.प्र.का. | ने.प्र.प्र.का. कार्य विभाग, प्रदेश /जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला स्थित अन्य सरकारी/गैर सरकारी निकायहरू | मनसुन सुरु हुनुपूर्व |
| ७ | प्रदेश अन्तर्गतका प्रहरी कार्यालय तथा अन्य निकायहरूमा चालु अवस्थामा रहेका डुङ्गा तथा Raft Boats लगायतको अभिलेख अद्यावधिक गर्ने । | काठमाडौं उपत्यका प्रहरी कार्यालय, सात वटै प्रदेश प्रहरी कार्यालय, सबै परिसर, सबै जि.प्र.का.हरू । | नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभाग । | मनसुन सुरु हुनुपूर्व । |

### १३.३. सशस्त्र प्रहरी बल, नेपाल

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय |
|---|---|---|---|---|
| १ | सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारमा विपद् व्यवस्थापन तालिम निरन्तर रूपमा सञ्चालन भइरहेको, जसअनुसार हालसम्म ३०१२ जना सशस्त्र प्रहरी कर्मचारीहरूलाई विशिष्टीकृत विपद् व्यवस्थापन तालिम प्रदान गरिएको। | सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय /नं. ३ बाहिनी, मुख्यालय | निरन्तर |
| २ | सशस्त्र प्रहरी बल, नेपालका विपद् व्यवस्थापन तालिम प्राप्त जनशक्तिहरूलाई काठमाडौं उपत्यकाभित्र २ स्थानसहित ७ वटै प्रदेशमा से.मु. स्तरमा, बाहिनीस्तरीय विपद् उद्धार टिम र विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, विपद् व्यवस्थापन सुरक्षा वेश आदमघाट धादिङ्ग, मुलघाट धनकुटा, निजगढ बारा, कुलेखानी मकवानपुर, नारच्याङ्ग म्याग्दी, भालुवाङ्ग दाङ्ग, चिप्ले सुर्खेत र अमरगढी डडेल्धुरा गरी जम्मा १९ स्थानमा दक्ष तालिम प्राप्त जनशक्तिलाई खोज तथा उद्धारका आवश्यक उपकरणहरूसहित परिचालन गरी तयारी हालतमा राखिएको। | स.प्र. बल, नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय, नं. २० (विपद् उद्धार) गण र प्रदेश स्तरीय विपद् उद्धार टिमहरू | सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन निर्देशनालय, मानवश्रोत विभाग, सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय | निरन्तर |
| ३ | देशभर रहेका सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण कार्यालयहरूमा खोज तथा उद्धारका सामग्रीहरूसतित उद्धार टोली २४ सै घण्टा Stand By रहने व्यवस्था गरिएको जस अनुरूप प्रदेशगत रूपमा रहेको बाहिनीहरूमा सिनियर अधिकृतको कमाण्डमा १ प्लाटुन, जिल्लास्थित गण एवं शिक्षालयहरूमा सि.अ.को कमाण्डमा १ प्लाटुन, जिल्लास्थित गुल्महरूमा जु.अ.को कमाण्डमा १ सेक्सन एवं अन्य सम्पूर्ण कार्यालयहरूमा कम्तिमा १ सेक्सनको नफ्रीमा खोज तथा उद्धार टोली तयारी अवस्थामा राखिएको । | सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण कार्यालयहरू | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय | |

| | | | | |
|---|---|---|---|---|
| ४ | विपद् उद्धारका आधुनिक सामग्रीहरूलाई उपत्यका तथा प्रदेशगत रूपमा रहेको बाहिनीस्तरीय विपद् उद्धार टिमले प्रयोग गर्ने गरी तयारी हालतमा राखिएको साथै काठमाडौं उपत्यकालाई मध्यनजर गरी सिनामंगल स्थित नं. २० गण हे.क्वा. (विपद् उद्धार) लाई तयारी हालतमा राखिएको । | सशस्त्र प्रहरी बल, नेपालका बाहिनी मुख्यालयहरू | सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन निर्देशनालय, सशस्त्र प्रहरी बल, नेपाल नेपाल प्रधान कार्यालय | निरन्तर |
| ५ | विपद् व्यवस्थापन सम्बन्धी विशिष्टीकृत तालिम प्राप्त नगरेका सशस्त्र प्रहरी कर्मचारीहरूलाई समेत मनसुनलाई मध्यनजर गरी बाढी, पहिरो, डुबान तथा अन्य जल उत्पन्न प्रकोप सम्बन्धी आवश्यक ज्ञान र प्रतिकार्यका लागि समय समयमा खोज तथा उद्धार लगायत विपद् व्यवस्थापन सम्बन्धी विषयवस्तुहरूमा अनुशिक्षण तालिम प्रदान गरिएको | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, बाहिनीहरू तथा सबै युनिटहरू | सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन निर्देशनालय | निरन्तर |
| ६ | मनसुनको समयमा हुन सक्ने सम्भावित विपद्मा प्रभावकारी कार्य सम्पादनको लागि राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्र, प्रदेश विपद् व्यवस्थापन समिति र जिल्ला विपद् व्यवस्थापन समिति र सरोकारवाला निकायहरूसँग समन्वय गर्ने गरिएको । | सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण कार्यालयहरू | सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन निर्देशनालय | निरन्तर |
| ७ | स्थानीयस्तरमा रहेका कलेज, विद्यालय, समुदाय/क्लब संघ संस्था आदिमा विगत १ दशकदेखि "समुदायमा आधारित सचेतना कार्यक्रम" विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी सम्बन्धी अनुशिक्षण तालिम सञ्चालन गर्दै आईरहेको । हालसम्म ६,३९,४८८ जना सर्वसाधारणहरूले सहभागिता जनाएका । | सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण प्रदेशस्तरीय विपद् उद्धार टिमहरू | सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन निर्देशनालय | निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| ८ | राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र, प्रादेशिक आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू तथा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूमा आवश्यकता अनुसार संचार तालिम प्राप्त जनशक्तिहरू परिचालन गरिएको, जस अनुरूप केन्द्र, प्रदेश, जिल्लास्थित आपत्कालीन संचालन केन्द्रहरूमा जम्मा ९१ जना स.प्र.क.हरू हाल कार्यरत रहेको। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा सशस्त्र प्रहरी नायब उपरीक्षक-१ जना आवश्यक समन्वयको लागि खटिएको। | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, बाहिनीहरू तथा जिल्ला स्थित सशस्त्र प्रहरी बल, नेपालका कार्यालयहरू | सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन निर्देशनालय | निरन्तर |
| ९ | मनसुनजन्य विपद्लाई मध्यनजर गरी खोज तथा उद्धार टोली लगायत सम्पूर्ण सशस्त्र प्रहरी बल, नेपालका इकाईहरूले मनसुन सुरु हुनुपूर्व आफ्नो जिम्मेवारी इलाकामा स्थानीय प्रशासन लगायत विभिन्न सरोकारवाला निकायहरूसँग Disaster Focal Person तोकी समन्वय गरी कार्य गरिरहेको। जिल्ला विपद् व्यवस्थापन समितिको बैठक लगायत मनसुन पूर्वतयारी बैठकहरू सञ्चालन गरी विभिन्न जिम्मेवार/सरोकारवाला निकायहरूबीच समन्वय गरी Focal Persons को सम्पर्क नम्बर लगायतका अन्य आवश्यक विवरणहरू अद्यावधिक गरिएको। | स.प्र.बल, नेपाल प्रदेश स्तरीय विपद् उद्धार टिम तथा जिल्ला स्थित स.प्र.बल, नेपालका कार्यालयहरू | सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन निर्देशनालय | निरन्तर |
| १० | सशस्त्र प्रहरी बल, नेपालका विभिन्न युनिटहरूमा रहेका १३ वटा हेभी ईक्युपमेन्टहरू (Dozer, Loader, Back hoe loader) तयारी हालतमा राखिएको। | सशस्त्र प्रहरी बल, नेपालका बाहिनीहरू तथा विपद् व्यवस्थापन तालिम शिक्षालय | सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय तथा सवारी शाखा सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय | निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| ११ | विपद्‌को समयमा शुद्ध पिउने पानीको आपूर्तिलाई सहजीकरण गर्न अमेरिकन दूतावास नेपालको सहयोगमा काठमाडौं उपत्यकाका ७ वटा स्थान, कास्की पोखराको २ स्थान लगायत बर्दघाट नवलपरासी-१, कोहलपुर बाँके-१ र धनगढी कैलालीमा-१ गरी जम्मा १२ स्थानहरूमा Deep Tube Well निर्माण गरिएको। | Deep Tube Well रहेका ईकाइहरू | सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन निर्देशनालय | निरन्तर |
